# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २ असार २०७७

# मङ्गलबार

# (बैठक सङ्ख्या–२४)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा मङ्गलबार बिहानको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई (के भयो ?)

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**-(...हिजो एउटा घटना घटेको छ, त्यसको विषयमा म केही राख्न गइरहेको छु ।)

**सम्माननीय अध्यक्षः**- (शून्य समय सकिन दिनुस् न । बस्नूस् ।) म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको निर्धारण गरेको छ ।

माननीय दिलकुमारी रावल थापा (पार्वती) ।

**माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्षज्यू, आज विश्व सँगै नेपाली समाज कोरोना भाइरसको कोभिड-१९ सँग सामना गरिरहेको विषम परिस्थितिमा कैलाली जिल्लाको सहिद मा.वि. को क्वारेन्टाइनमा भएको सामुहिक बलात्कारको घटनाको घोर निन्दा र भर्त्सना गर्दछु । दोषीमाथि कडाभन्दा कडा कारबाहीको माग गर्दछु । महिला सङ्क्रमितको सङ्ख्या कम भएकोले महिलाहरूको छुट्टै जिल्लागत रूपमा क्वारेन्टाइनको व्यवस्था गर्न, महिला स्वास्थ्यकर्मी र महिला सुरक्षाकर्मीको व्यवस्था गर्न जोडदार माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, यो क्वारेन्टाइनहरूको अवस्था निकै नाजुक भयो । हामीले सरकारलाई पटक-पटक ध्यानाकर्षण गराइरहेका छौँ, यस विषयमा । क्वारेन्टाइनमा समेत बलात्कार भयो । दोषीलाई कारबाही खोइ सरकार ? कैलाली एक क्वारेन्टाइनमा बलात्कार भएको घटना अत्यन्तै निन्दनीय र गम्भीर छ । यस प्रकारको जघन्य अपराधमा सामिल जो सुकैलाई पनि कडाभन्दा कडा कारबाही गरियोस् । मापदण्ड विपरीतका क्वारेन्टाइनहरूलाई तुरुन्तै व्यवस्थित गरियोस् र क्वारेन्टाइनमा मान्छे मर्दा समेत सरकारको मन दुखेन । सामुहिक रूपमा बलात्कार हुँदाखेरि त सरकारले अब केही गर्छ कि टुलुटुलु हेरेर बस्ने हो कि अरु केही पनि गर्ने हो । कम्युनिष्ट सरकारको शासकीय क्षमता यही स्पष्ट देखिएको छ । अब त enough भएन र प्रधानमन्त्रीज्यू ? धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय महेश कुमार महरा ।

**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, आज विश्व कोरोना भाइरसबाट ग्रसित भइरहेको अवस्थामा सुदूरपश्चिमको कैलाली जिल्लाको लम्की चुवा नगरपालिकामा सहिद स्मृति विद्यालयको क्वारेन्टाइनमा समेत बलात्कारको घटना घटेको छ र उक्त घटनाका दोषीहरूलाई कडाभन्दा कडा कारबाहीको माग गर्दै र महिलाहरूको निम्ति छुट्टै क्वारेन्टाइनको व्यवस्था गरियोस् भनेर म सरकारको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय माया प्रसाद शर्मा ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, जाजरकोट जिल्लाको नलगाढ नगरपालिको वडा नम्बर ३ बस्ने वीर बहादुर कामीको मलेशियाको कोलालाम्पुर राज्यको केलाङ्ग लामा भन्ने ठाउँमा यही जेठ १५ गते सुतिरहेको अवस्थामा दिवंगत भएको खबर प्राप्त भएको छ र उहाँलाई घरका परिवारहरूले घरमा ल्याइदिनका लागि अनुरोध गरेको कुरा छ । यसलाई छिटो पहल गरिदिनका लागि अध्यक्षज्यू मार्फत् नेपाल सरकारसँग अनुरोध गर्न चाहन्छु । जाजरकोट र कैलाली जिल्लामा जुन घटना भएको छ, त्यो घटनाको छानबिन होस् र जाजरकोटमा हिजो गोली चलेको कुरा छ, यो गोली चलाउने कुरा अहिलेको पीडित पक्षहरूका पक्षमा नभई अलि संयमित भएर छानबिनको निमित्त पहल गर्नका निमित्त अध्यक्षज्यू मार्फत् सरकारलाई अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ ।

म माननीय भैरव सुन्दर श्रेष्ठलाई ३ मिनेटभित्र आफ्नो भनाइ राख्न समय दिन्छु ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, मैले लामो समय लिने चाहिँ छैन । हिजो मात्रै जाजरकोट जिल्लामा जेठ १० गते भएको घटनालाई लिएर त्यो जो हत्या गरिएको थियो, त्यो सम्बन्धी कानून बमोजिम कारबाही अगाडि बढाउनका निम्ति जाहेरी परेको छ र उच्चस्तरीय छानबिन समितिले पनि आफ्नो प्रतिवेदन तयार गर्दैछ र संसदीय विशेष समिति पनि त्यहाँ पुगिसकेको अवस्था छ । हिजो पोष्टमार्टमको रिपोर्ट बाहिर सार्वजनिक भएपछि जाजरकोट जिल्लामा ती पीडित परिवारहरू एक किसिमको आक्रोस पोख्नका निम्ति त्यो पोष्टमार्टम रिपोर्टमा के लेखियो भन्दाखेरि ती मृतकहरू सबै आफै भेरीमा हामफालेर मरेका चाहिँ हुन् । उनीहरूलाई कसैले मारेको होइन भन्ने टाइपको र सबै लासको प्रकृति नर्मल छ भन्ने ढङ्गले त्यो पोस्टमाटम रिपोर्ट बाहिर आउँदाखेरि त्यो आक्रोस भयो । जब कि पोस्टमाटम गर्नुभन्दापूर्व प्रहरीले मुचुल्का खडा गरिसकेपछि त्यो मुचुल्कामा सिग्नेचर गर्नेहरूले के भन्छन् भने लासको प्रकृति कसैको हात भाँचिएको छ, कसैको टाउको फोरिएको छ र शरीरका सम्बेदनशील अङ्गहरूमा चोट लागेको छ । पिठ्यूमा निलडामहरू छन्, आँखामा निलडामहरू छन् । यस्तो जघन्य अपराध हुँदाहुँदै पनि त्यस्तो खालको रिपोर्ट डाक्टरहरूले, चिकित्सकहरूले किन गर्न पुगे ? हामी त्यसप्रति चिन्तित छौं । त्यही विषयलाई लिएर त्यहाँ आक्रोशित भएको मास जिल्ला स्वास्थ्य कार्यालयमा गएको थियो । त्यो जिल्ला स्वास्थ्य कार्यालयमा गइसकेपछि त्यहाँ

एकाएक अश्रुग्याँस प्रहार गरिन्छ, त्यसपछि लाठीचार्ज हुन्छ, चार राउण्ड हवाई फायर हुन्छ । त्यस्तो के चाहिँ ठूलो अपराध भएको थियो र त्यति ठूलो हावाई फायरसम्म गर्ने अवस्था आइपुग्यो ? त्यहाँको स्थानीय प्रशासन, प्रमुख जिल्ला अधिकारी, त्यहाँको प्रहरी नायव उपरीक्षक के हेरिराख्नु भएको छ ? यसले गर्दाखेरि हामीलाई शङ्का लागिरहेको छ, यत्रो जघन्य अपराध हुँदाखेरि पनि नेपाल सरकारले दुई/दुई वटा उच्चस्तरीय छानबिन समिति बनाएको छ । अदालतमा मुद्दा परिसकेको छ र हामी को पक्षलाई बचाउनका निम्ति यी सबै कुराहरू गरिरहेका छौं, हामीलाई चिन्ता लागिरहेको छ । यो लोकतन्त्र हो । जनताको गणतन्त्र हो । लोकतन्त्र र गणतन्त्रमा जनतालाई न्याय पाउने कि नपाउने ? न्याय मार्नु हुन्छ कि हुँदैन ? हामी कुन पक्षलाई बचाउनका निम्ति यति सबै कुरा गरिरहेका छौँ ? हामीलाई चिन्ता लागिरहेको छ र ती अनावश्यक रूपमा गोली चलाउने, अनावश्यक रूपमा लाठीचार्ज गर्ने र अश्रुग्याँस प्रहार गर्नेप्रति हामीले कारबाही गर्नु पर्छ कि पर्दैन । म नेपाल सरकारको ध्यानाकर्षणका निम्ति सम्माननीय अध्यक्ष महोदय मार्फत् नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँछु । तत्काल तिनीहरू, गोली चलाउन आदेश दिनेहरूप्रति कडाभन्दा कडा कारबाही गरियोस् र त्यो चिकित्सकहरूलाई पनि त्यस्तो खालको रिपोर्ट किन आयो ? त्यसको निम्ति छानबिन हुनु पर्ने हो भने पनि नेपाल सरकारले यसमा ध्यान दिओस् । म यही कुरा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ को विभिन्न शीर्षकहरूमाथिको छलफलको क्रम जारी रहन्छ । यस अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कषि तथा पशुपञ्छी विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १३४ बमोजिम उल्लेखित मन्त्रालयहरू सम्बन्धी विनियोजन शीर्षकहरूमाथि १/१ जना गरी जम्मा ५ जना माननीय सदस्यहरूबाट ११ वटा खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन् ।

माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय जितेन्द्र नारायण देवलाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म अहिले दुई वटा मन्त्रालयमा खास गरेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालय, यो दुई वटा मन्त्रालय अन्तर्गत रहेर आफ्ना कुराहरू राख्न गइरहेको छु ।

पहिलो म संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित विषयलाई अगाडि बढाउन चाहन्छु । यसमा धेरै विषय व्याख्यामा नगइकन केही प्रतिनिधिमुलक कुराहरूलाई म अगाडि बढाउन चाहन्छु । खास गरेर कर्मचारी बैठक भत्ता खर्च शीर्षकमा एक सय रुपैयाँ घटाइयोस् भनेर साङ्केतिक खर्च कटौतीको प्रस्ताव मैले राखेको छु । अब यस विषयमा यो किन मैले राखेँ ? कर्मचारी बैठक भत्ता भनेर जुन यो मन्त्रालयको अहिलेको चालु आर्थिक वर्षमा छुट्याइएको थिएन । अहिले जुन आर्थिक वर्ष चलिराखेको छ, २०७६/७७ त्यसमा चाहिँ छुट्याइएको थिएन तर एकाएक अहिलेको यो सङ्कटको घडीमा आर्थिक सङ्कटको घडीमा जुन आर्थिक सङ्कटको मैले व्याख्या मैले धेरै गर्नु पर्दैन । मैले हिजो पनि धेरै बोलिसकेको छु र माननीय अर्थ मन्त्री आफैले हिजो छाडी अस्ति प्रतिनिधि सभामा बोल्दाखेरि मुलुकको आर्थिक अवस्था के रहेछ भन्ने बारेमा बोलिसक्नु भएको छ । हामी आफ्नो राजस्वको अवस्थाबाट कर्मचारीलाई पारिश्रमिक दिन सक्ने अवस्थामा पनि छैनौँ र महिनैपिच्छे मोटामोटी २० अर्बको डेफिसिटमा हामी गइराखेका छौँ । १ महिनामा सामान्यतया सरकारको खर्च ४० अर्बको छ । जसमा १५ अर्ब राजस्वबाट र चानचुन ४/५ अर्ब थप गरेर २० अर्बको हाराहारीमा सरकार अहिले राजस्व उठिराखेको अवस्थामा ४० अर्ब हामीले खर्च गर्नु पर्ने छ । यो अवस्थामा अहिले यो मुलुक छ भनेर अर्थ मन्त्रीज्यूले आफैले भन्नु भएको छ । अब यस्तो अवस्थामा यो कोरोना भाइरसको कारणले उब्जिएको र केही गलत आर्थिक नीति कारणले उब्जिएको यो अवस्थामा अहिले चालु आर्थिक वर्षमा कर्मचारी बैठक भत्तामा पैसा नराख्ने र अहिले आएर एकाएक हाम्रो एउटा नवजवान केही गरौँगरौँ चाहाने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको समयमा २१ लाख यो कर्मचारी बैठक भत्ता शीर्षकमा राख्नु उपयुक्त भएन । यो चाहिँ अत्यन्त गैरमुनासिब भयो । यो मुलुकको आर्थिक सङ्कटको जुन गम्भीरता छ, आज सरकारदेखि संसदसम्म आम पोलिटिकल फोर्सेससम्म आम सचेत नागरिकसम्म जुन एउटा गम्भीर हुनु पर्ने, एउटा गम्भीरता महशुस गर्नु पर्ने, यो मुलुकको लागि आजको परिप्रेक्षमा हामी आ-आफ्नो ठाउँबाट केही न केही आफ्नो जिउको आफ्नो शरीरको एक टुक्रा मासु देशलाई दिएर भए पनि रगतको एक थोपा राष्ट्रलाई दिएर भए पनि मुलुकलाई जोगाऊँ र मुलुकलाई रक्षा गरौँ र आर्थिक विकासको बाटोलाई अलिकति च्यालेञ्जिङ्ग अवस्थामा अगाडि बढौँ भन्ने सोचको साथ, चिन्तनको साथ जसरी सरकार जानु पर्ने हो, त्यो न सरकार आम रूपमा जान सक्यो न संस्कृति पर्यटन मन्त्रालयका मन्त्रीज्यू जान सक्नुभयो । त्यसकारणले यो हिसाबले जुन विनियोजन गरियो, त्यसप्रति मेरो घोर आपत्ति छ । तथापि म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई म विशेष रूपमा धन्यवाद दिन चाहन्छु कि अहिलेको चालु आर्थिक वर्षमा ५ अर्ब ९९ करोड बजेड छुट्याइएकोमा आगामी ०७७/०७८ को आर्थिक वर्षमा उहाँले लडेर अर्थ मन्त्रालय जस्तो एकदम जग्दोजहद गर्ने, एकदम ज्याद्रो मन्त्रालयसँग

लडेर, भिडेर उहाँले २६ अर्ब विनियोजन गर्न सक्नु भएको छ, सफल हुनु भएको छ, यसको लागि म उहाँलाई धन्यवाद दिन चाहन्छु । म यो मन्त्रालयको बारेमा धेरै कुरा राख्न चाहन्नँ । तर म आफै पनि त्यहाँ बसेको सन्दर्भमा १/२ वटा आग्रहका साथ त्यो मन्त्रालयको कुरालाई टुङ्ग्याउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय मार्फत् म सम्बन्धित माननीय मन्त्रीज्यूलाई ३ वटा कुरामा विशेष रूपमा अहिलेको मुलुकलाई अगाडि राखेर, अहिलेको देशलाई अगाडि राखेर, जनतालाई अगाडि राखेर ३ वटा कुरा कमसेकम तपाईंले गरेर जानु पर्दछ भन्ने म आग्रह गर्न चाहन्छु । पहिलो कुरा, म आफै त्यहाँ हुँदाखेरि धेरै ठूलो चुनौति यो निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई धेरै ठूलो चुनौति थियो । विभिन्न किसिमबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय हिसाबले त्यो आयोजना अगाडि नबढोस् भन्ने चुनौति थियो । तर ऐतिहासिक रूपमा कहिल्यै नबनेको मैले आफ्नै नेतृत्वमा त्यतिबेला मन्त्रीको नेतृत्वबाट सहजीकरण, उच्चस्तरीय सहजीकरण समिति बनाएर, सहयोग र सहजीकरण समिति बनाएर त्यो कामलाई जसरी मैले फाँडेर अगाडि बढाउन प्रयत्न गरेँ, यो आयोजना, यो प्रोजेक्ट एउटा मुलुकको एउटा गेम चेञ्जर प्रोजेक्ट हो । यो गेम चेञ्जर प्रोजेक्ट भएको सन्दर्भमा उहाँ, त्यहाँ हुञ्जेलसम्म मेरो आग्रह छ कि यो प्रोजेक्टलाई कुनै पनि किसिमको भूत र प्रेत नलागोस् । दायाँबायाँ यो नलागोस् प्रोजेक्ट नहोस् । यो प्रोजेक्ट अगाडि बढोस् । मुलुकको यो २ नम्बर प्रदेशको लागि मात्रै होइन, समग्र देशको निमित्त एउटा गेम चेञ्जर प्रोजेक्ट हो । यो अगाडि बढोस् भन्ने म चाहन्छु, सल्लाह दिन चाहन्छु र दोस्रो सबभन्दा गम्भीर कुरा त्यहाँ ब्रह्मलुट हुने, लखनौलुट हुने त्यो भनेको विभिन्न व्यक्तिको नाममा त्यो जुन संस्कृति महाशाखा छ, विभिन्न व्यक्तिको नाममा खडा गरिएको पुरस्कार कोषहरू र धार्मिक स्थल विकासको नाममा गठन गरिएका विकास समितिहरू र विभिन्न नेताहरूका नाममा खडा गरिएका प्रतिष्ठानहरू, यो तीन वटा शीर्षकमा ब्रह्मलुट हुँदो रहेछ । पार्टी, नेता र कार्यकर्ताहरूको भर्तिकेन्द्र हुने रहेछ, यो । देशको सम्पत्तिलाई लुटाउने यो शीर्षक अन्तर्गतको पैसा लाखौं रुपैयाँ अहिले, करोडौं रुपैयाँ तपाईंले विनियोजन गर्नु भएको छ, अहिले पनि । सक्नुहुन्छ भने यो तीन वटै शीर्षकलाई अब संघीयता छ, प्रदेश सरकारले, स्थानीय तहको सरकारले, स्थानीय तहले त्यो शीर्षक अन्तर्गतको पैसा पाइरहेको छ । अहिले किन संस्कृति पर्यटन मन्त्रालयले केन्द्रीयस्तरबाट यो शीर्षकमा किन पैसा खर्च गर्ने ? करोडौंको रुपैयाँ लुटाउने काम भइरहेको छ । प्रतिष्ठानको नाममा सरकारका पैसा खडा लिएर तर पार्टीको विदेश विभाग सङ्गठन विभाग पार्टीको शाखा कार्यालय सरकारको पैसा लिएर शाखा कार्यालय खुलिराखेको छ, भवनमा । त्यसकारणले त्यो काम गर्नुस् र अन्तिम के भन्दाखेरि म आफै भोगेर त्यहाँबाट आएको कुरा यो एयर माफिया, हवाई माफिया र पर्यटन माफियाको जालो त्यो मन्त्रालयमा छ । त्यो जालोलाई तोड्न तपाईं सक्नुहोस् । त्यही जालोको कारणले म अभिनन्दन गर्न चाहन्छु, स्यालुट गर्न चाहन्छु, क. रविन्द्र अधिकारी, त्यो जालोको शिकार, षडयन्त्रको शिकार हुनु भएको छ, उहाँ । कुनै योजना थिएन । चुहान डाँडाबाट फर्किने कुरा थियो । मन्त्रालयको कुनै प्रोग्राम थिएन, रविन्द्र अधिकारी ताप्लेजुङ्ग जाने । त्यो दैविक दर्शन गर्न जाने मन्त्रालयको कुनै प्रोग्राम थिएन । किन गए ? तपाईंले यो कुरा मात्रै पत्ता लगाउनुस् । चुहान

डाँडाबाट फर्किने कुरा थियो । किन गए ताप्लेजुङ्ग ? कसले लग्यो ? को माफिया थियो ? गुपचुप गर्ने, यस्ता कुराहरूलाई ? यो कुरा तपाइँ जस्ता इनोभेक्टिभ एउटा इनर्जेटिक मिनिस्टर यसमा केही पत्ता लगाउनुस्, खोजबिन गर्नुस् । म आग्रह गर्न चाहन्छु । यस पछाडि सम्माननीय अध्यक्ष महोदय, मैले यो मन्त्रालयको बारेमा यति भनें ।

अब म परराष्ट्र मन्त्रालयको बारेमा केही कुरा राख्न चाहन्छु । यो परराष्ट्र मन्त्रालयलाई हाम्रो मन्त्रालय, सबै नेपालीको मन्त्रालय र राम्रो मन्त्रालय, हाम्रो मन्त्रालय र राम्रो मन्त्रालय कसरी बनाउने ? यो मन्त्रालयको काम र गतिविधिहरूमा म आफै पनि व्यक्तिगत रूपमा प्रत्यक्ष, अप्रत्यक्ष धेरै सन्निकट रहेर एउटा गतिविधि गर्ने काम गर्ने मान्छे भएको नाताले म केही ठोस् कुराहरू यो मन्त्रालयको बारेमा राख्न चाहन्छु ।

अहिले यो मन्त्रालयले दीर्घकालीन सोच भनेर वृहत्तर राष्ट्र हितको रक्षा गर्ने, स्वतन्त्र प्रतिष्ठित एवम् समृद्ध नेपाल निर्माण गर्ने भन्ने उद्देश्य लिएको छ । यहीनेर म सुझाव दिन चाहन्छु । त्यो के भन्दाखेरि नेपाल स्वतन्त्र छ, नेपाल स्वाधीन छ । यसलाई स्वतन्त्र गर्नु पर्ने जरुरी छैन । नेपाललाई बलियो प्रतिष्ठित र समृद्ध नेपाल कसरी बनाउने भन्ने सोचबाट परराष्ट्र मन्त्रालय अगाडि जानु पर्दछ र अहिलेको सन्दर्भमा खास गरेर परराष्ट्र मन्त्रालयमा अहिलेको चालु आर्थिक वर्षमा ६ अर्ब ५ करोड विनियोजन गरिएको थियो, अहिले ६ अर्ब २८  करोड, मोटामोटी २३ करोडको बढोत्तरी भएको छ । कुनै ठूलो बढोत्तरी छैन । अलिकति असन्तुलन, यो पूँजीगत खर्च र चालु खर्चको बीचमा अलिकति असन्तुलन देखिएको छ । त्यो असन्तुलन देखिए पनि म त्यो त्यति ठूलो आपत्तिजनक म ठान्दिनँ किनभन्दोरि चालु खर्च अन्तर्गत जे जस्ता कामहरू गर्ने भनेर यो पुस्तिकामा राखिएको छ, त्यो कामहरू राम्रा छन् । त्यसकारणले अहिले म बरु के भन्न चाहन्छु भने अलिकति रकम यो मन्त्रालयमा पुगेको छैन । (पहेंलो बत्ति बलेको अवस्था छ ।)

यो अहिलेको कोभिडले गर्दाखेरि अन्तर्राष्ट्रियस्तरमा जुन एउटा रोजगारीमा सङ्कट भएको छ, अहिले नेपाललाई विभिन्न ठाउँहरूबाट ऋण आउने सन्दर्भ छ, यो पर्यटनलाई बढाउने आदि इत्यादि धेरै किसिमको चुनौतिहरूको अवस्था छ, यो चुनौतिलाई सामना गर्नको निमित्त र परराष्ट्र मन्त्रालय अत्यन्त प्रभावकारी मन्त्रालयको रूपमा अगाडि बढाउनको निमित्त (समाननीय अध्यक्ष्य महोदय दुई लाइनमा मात्रै भन्न चाहन्छु) यसमा एउटा नदेखिराखेको मैले एउटा पब्लिक डिप्लोमेसी डिभिजन, परराष्ट्र मन्त्रालयमा अविलम्ब एउटा शाखा वा महाशाखाको रूपमा पब्लिक डिप्लोमेसी डिभिजन खडा गर्न म आग्रह गर्न चाहन्छु र अहिलेको च्यालेञ्जिङ्ग अवस्थामा हरेक कर्मचारीहरूलाई जहाँ-जहाँ हाम्रा ३० वटा देशमा राजदूतावासहरू छन्.....(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय अनिता देवकोटालाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि

निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्षज्यू, संसदीय अभ्यास अनुरूप मितव्ययिता अपनाउन फजुल खर्च कटौती गर्नको लागि संशोधन प्रस्ताव दृढ इच्छाशक्तिका साथ यो खर्च कटौतीको प्रस्तावलाई स्वीकार गरियोस् भनी सम्मानित सभा माध्यमबाट खर्च कटौतीको प्रस्ताव राख्न चाहन्छु । उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत पहिले २०७५ आ.व. मा रहेको गत साल ३० लाख र अहिले १७ लाख छ । उक्त रकम सबै हटाई १ रुपैयाँ कायम गरियोस् र त्यसैगरि यो अन्य भत्तामा र २२ दिन ११ को मसलन्द कार्यक्रम सामाग्रीमा २६ लाख रहेकोमा ४६ लाख पुऱ्याएको छ । सबै रकम आवश्यक छैन, १ रुपैयाँ कायम गरियोस् ।

त्यसैगरि कृषि तथा पशुपञ्छी विकास मन्त्रालय अन्तर्गत रहेको इन्धन २२३१४ को इन्धन अन्य प्रयोजनको लागि भनेको छ । यो अनुमानित बजेट २०७६/०७७ कै कामय गरियोस्, अहिले नबढाइयोस् भनेर म प्रस्ताव गर्न चाहन्छु ।

त्यसैगरि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पनि इन्धनतर्फ २२३१४ को कार्यक्रममा पनि २०७६/०७७ कै अनुमानित रकमलाई कायमै गरियोस् र अहिले नबढाइयोस् भनेर म प्रस्ताव राख्न चाहन्छु ।

त्यसैगरि उद्योग, वाणिज्य, आपूर्ति मन्त्रालयको २१११ पानी तथा बिजुलीतर्फको १५ हुँदै २२ हुँदै अहिले ३७ लाख बनाएको छ । यो पानी बिजुली रकम वृद्धि गर्न आवश्यक छैन, हटाएर १०० काय गरियोस् । पहिले ९६ लाख भएकोमा अहिले १३२ लाख भएको छ । अन्य शुल्क रकम बढी छ । यो आवश्यक छैन । त्यसैले १०० रुपैयाँ कायम गरियोस् भनेर म भन्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, २०७५/०७६ को माथिल्लो तामाकोशी आयोजना सम्पन्न गर्ने भनेर भनिएको थियो । त्यसैगरि सोही आयोजना २०७६/०७७ मा यसै साल सकिने भनेर आएको छ र अहिले ०७७/०७८ मा यो वर्ष पनि बजेट विनियोजन भएको छ । यसै वर्ष सकिने भनेर भनिएको छ । हरेक वर्ष यसै वर्ष सकिने भनेर भनिन्छ तर सकिने कहिले हो ? सधैं घोषणा मात्रै गर्ने हो कि सम्माननीय अध्यक्षज्यू । सुरुमा अपर तामाकोशीलाई ३५ अर्ब लागत अनुमान गरिएको आयोजना निर्माण सम्पन्न हुँदासम्म कुल लागत ७५ अर्ब पुग्ने देखिन्छ । नेपाल सरकारका मातहतमा रहेका निकायहरूले आफैं निर्माण गर्ने धेरैजसो आयोजनाहरूको सुरुको लागत अनुमानभन्दा दोब्बर तेब्बर धेरै भिन्नता आउनु यसको कारण के हो ? म जान्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू । त्यसैगरि नेपाल विद्युत प्राधिकरणलाई संस्थागत रूपमा पुनः संरचना गर्ने गरी यस वर्ष उत्पादन, प्रशारण र वितरण गरेर तीन वटा भिन्नाभिन्नै संस्थाहरू निर्माण गर्ने भनेर घोषणा गरिएको छ । यो स्पष्ट नीति छ कि हचुवाको तालमा आएको हो ? यस बारेमा पनि म जान्न चाहन्छु ।

त्यसैगरि यातायातको क्षेत्रमा नविकरणीय उर्जा प्रयोग गरी सहरी क्षेत्रको वायु प्रदुषण कम गर्न विद्युतीय साधनको प्रयोगलाई प्रोत्साहन दिनुको साटो विद्युतीय गाडीमा अहिले कर लगाइएको छ । अर्कोतर्फ नेपाल विद्युत प्राधिकरणमार्फत् ५० वटा चार्जिङ्ग सेन्टर निर्माण गर्ने भनेर बजेट विनियोजन गरिएको छ । म सोध्न चाहन्छु, एकातिर विद्युत सवारी साधनलाई निरुत्साहित गरिने, विद्युत गाडी प्रयोग गर्नेलाई निरुत्साहित गर्ने, अर्कोतर्फ चार्जिङ्ग सेन्टर निर्माण गर्ने भनेर बजेट विनियोजन गर्ने । के चार्जिङ्ग गर्ने हो त्यहाँ ? मोबाइल चार्जिङ्ग गर्ने हो ? म सोध्न चाहन्छु । त्यसैले कमसेकम बजेट विनियोजन गर्ने बेला केलाई प्राथमिकता छ भन्ने कुराहरूलाई ध्यान दिन सक्नुपर्थ्यो । त्यसैले गफका आधारमा विनियोजन गरिने बजेटहरू जनतालाई आँखा छल्नको आधारमा मात्रै गरिनु हुँदैन भन्ने मलाई लागेको छ ।

अर्कोतर्फ कृषितर्फ हामी जाने हो भने कृषिबाटै हामी आत्मनिर्भर अर्थतन्त्रको रुपान्तरण हुनुपर्छ भनेर अहिले बहस चलिरहेको छ । तर अहिले आएको बजेटले कृषि क्षेत्रलाई उपेक्षा गरेको छ । कृषि मलमा पहिलो पटक ५ प्रतिशत भन्सार लगाएको छ । यसको साथसाथै बिउविजनमा १० देखि १५ प्रतिशत पुऱ्याएको छ । चक्लेट, चुइगम, जङ्कफुडहरूमा कर घटाइएको छ । एकातिर किसानहरूले आफूले उत्पादन गरेको दुधहरू सडकमा पोखिरहनु पर्ने बिक्री नभएको अवस्थामा आफ्नै स्वदेशका चक्लेट उद्योगहरूलाई प्रोत्साहन दिनुको सट्टा आयातित चक्लेटहरूलाई प्रोत्साहित गरेर कर घटाइन्छ भने यो के हो ? म जान्न चाहन्छु । लकडाउनको अवधिभर अर्बौ कृषिजन्य उत्पादनहरू भित्रियो तर नेपालमा धेरै उत्पादित कृषिजन्य बस्तुहरू कुहिएको खबर आयो, खाल्डोमा पुरिनु पर्ने अवस्था आयो । विदेशी बस्तुहरूले बजार पाउने, स्वदेशमै उत्पादित बस्तुहरू कुहिनु यो सरकारको अकर्मण्यता हो कि सरकारको यो के हो ? हुन त प्रधानमन्त्रीले भन्नुहोला । मैले भनेपछि त्यो हो, भन्नुहोला । मैले भनेपछि मान्नूस् भन्नु होला । तर यो सरकारको अकर्मण्यता हो भन्ने मलाई लाग्छ । कृषि बजारीकरणको समस्यालाई सम्बोधन गर्न यो बजेटले स्पष्ट रूपमा सकेको छैन । कोरोनाको कारण विदेशबाट ठूलो जनशक्तिहरू अहिले स्वदेश फर्किरहेको अवस्था छ । यो बेला कृषिसँग जोडेर श्रम, राहत र कृषिसँग जोड्ने जुन रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने प्याकेजका कार्यक्रमहरू आउनुपर्थ्यो त्यो अहिले आउन नसकिरहेको अवस्था छ ।

त्यसैगरि उद्योग तथा आपूर्ति मन्त्रालय अन्तर्गत अहिले कोभिड-१९ को कारण सञ्चालनमा धेरै उद्योगहरू अवरुद्ध भएका छन् । उद्योगहरू स्वास्थ्य सुरक्षा कायम गरी सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ र ती उद्योगहरूलाई, निजी क्षेत्रलाई पनि साथै लिएर विशेष प्याकेजको कार्यक्रमका साथ अउनुपर्थ्यो, त्यो आउन नसकिरहेको मलाई महशुस भइरहेको छ ।

सम्माननीय अध्यक्षज्यू, त्यसैगरि नागरिक उड्डयन तथा संस्कृति पर्यटन मन्त्रालय अन्तर्गत सरकारले उद्धारको नाममा व्यापार गर्न थालेपछि श्रमिक आक्रोशित भएका छन् । सरकारले विभिन्न मुलुकमा अलपत्र परेका नेपाली श्रमिकमध्ये २४ हजारलाई पहिलो

चरणमा च्याटर फ्लाइटबाट स्वदेश ल्याउने निर्णय गरेको थियो । त्यसको लागि उसले नेपाल वायुसेवा निगम र यती समूहको लगानी रहेको हिमालय एयर लाइन्सलाई बिना प्रतिस्पर्धा छनौट गरेको छ । त्यति मात्र होइन उनीहरूको स्वार्थ अनुसार सरकारले दोब्बर भाडा पनि तय गरिएको छ । २४ घण्टामा दुई पटक घटाउन मिल्ने प्लेन भाडा यो अन्तर्राष्ट्रिय उडान हो कि रत्नपार्कमा राखेको कपडा बिक्री गर्ने हो, बिक्री गर्ने बार्गेनिङ्ग हो ? म सोध्न चाहन्छु । अहिले आयल निगमको हवाई इन्धनमा ५२ प्रतिशत प्रतिलिटर नाफा छ । उद्धार गर्न जाने ती फ्लाइटहरूलाई सहुलियत दरमा इन्धन अर्थात् नाफा नखाई टिकट दर घटाउन सकिन्थ्यो । तर त्योतर्फ सरकारले अध्ययन नै नगरी हचुवा भरमा नागरिकमाथि किन बोझ थपेको छ ? सरकार अभिभावक हो कि होइन ? म सोध्न चाहन्छु ।

त्यसैगरि दाङको तुल्सिपुर एयरपोर्ट स्तरउन्नति गर्ने कुराहरू हामीले बेलाबेला भनिराखेका छौँ र नारायणपुर नेपाली काँग्रेसकै सरकारको पालामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्भाव्यता अध्ययन भइसकेको थियो । तर अहिले आएर तुल्सिपुरको एयरपोर्टलाई स्तरोन्नतिको लागि बजेट छुटाइएको छैन । अर्कोतर्फ नारायणपुरमा निर्माण गरिने विमानस्थलको "अन्तर्राष्ट्रिय" भन्ने शब्द फेरि गायब गरिएको छ । त्यसैले म त्यो गायब नगरियोस् भनेर सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसैगरि अहिले शिक्षातर्फ म जान चाहन्छु । २०७५ मा मुगुका टिन्ले लामा र छिरिङ्ग छेङ्जोङ्गको अभिभावकत्व ओली दम्पति नेपालका प्रधानमन्त्रीले ग्रहण गर्नुभयो । विद्यालय भर्ना हुनुभयो । अहिले ती दुई विद्यार्थीहरू दुई कक्षाको पढाइ सकेर तीन कक्षामा जान योग्य भएका छन् । तिनको गाउँमा बिजुली छैन, टेलिभिजन छैन । यी दुवै बालबालिकाको घरमा रेडियो पनि छैन । प्रधानमन्त्रीले हिजो मात्रै भन्नुभयो, प्रविधि घरघरमा भन्ने घोषणा गर्नुभयो । प्रधानमन्त्रीले अभिभावकत्व लिएको त त्यो अवस्था छ भने सम्माननीय अध्यक्ष्यज्यू, आकाशको फल आँखा तरी मर भन्ने त होइन भन्ने मलाई लागेको छ । त्यसैगरि स्वास्थ्य मन्त्रालयतर्फ कोभिड-१९ को ३ महिनामा १० अर्ब खर्च भयो । १२ महिनामा ६ अर्ब कोरोनाका लागि भनेर छुट्याइएको छ । "पढायो-पढायो पाठ, सोह्र दुना आठ" भन्ने उखान.... (समय सकिएको हुँदा माइक काटिएको ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय तारा देवी भट्टलाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, म विनियोजन विधेयक, २०७७ मा निम्न बमोजिमको खर्च कटौतीको प्रस्ताव पेश गर्न

चाहन्छु । शीर्षक अनुदान ३७०००११, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय २२२११ इन्धन पदाधिकारी शीर्षकको खर्च रकमलाई घटाई १ रुपैयाँ गरियोस् र शीर्षक खर्च रकममा मितव्ययिता अपनाउन शीर्षक खर्च उल्लेखित रकम घटाउनको लागि चालु आर्थिक वर्षमाभन्दा आगामी आर्थिक वर्षमा बढेको मितव्ययिता आवश्यक छ । पारदर्शिता कायम हुनु पर्ने भनी यो शीर्षकको रकममा १०० रुपैयाँ घटाइयोस् भनेर म प्रस्ताव राख्दछु ।

सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ को विभिन्न शीर्षकको विषयमा छलफलको क्रममा म सर्वप्रथम स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । नेपालको संविधानले हरेक नेपाली नागरिकलाई स्वास्थ्यमा सर्वसुलभ पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने कुरा स्पष्ट किटानी गरेको छ । स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामुलक पहुँच स्थापित गर्नु सबै स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु अति बिपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकता दिइनु आउट अफ पकेट खर्च जस्तो स्वास्थ्य उपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाइनुले संघीय प्रणाली अनुरूपको स्वास्थ्य संस्थाहरूको स्थापना गरी सञ्चालन गर्नु, स्वास्थ्य बीमालाई प्रभावकारी रूपमा कार्यान्वयन गराइनु, नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुखीमा रुपान्तरण गरी मानव स्वास्थ्यप्रति जिम्मेवार बनाउनु, स्वास्थ्य सेवाप्रति सामाजिक उत्तरदायित्व बहन गराउनु, औषधि उत्पादनमा आत्मनिर्भर बन्नु आदिआदि र समग्र स्वास्थ्य तथा पोषण क्षेत्रमा सुशासन कायम गर्नु आदि कुराहरू राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले निर्दिष्ट गरेको कुरा यस सम्मानित सदनलाई स्मरण गराउन चाहन्छु र यसको प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य मन्त्रालयको प्रमुख दायित्वभित्र पर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, अहिले विश्वव्यापी महामारी कोभिड-१९ ले गर्दा स्वास्थ्य क्षेत्रमा र देशको हरेक पाटाहरूमा ठूलो क्षति भएको छ । सङ्क्रमितहरू दिनानुदिन बढ्दै गइरहेका छन् । जुन चिन्ताको विषय हो । अहिले स्वास्थ्य मन्त्रालय कोभिड-१९ को नियन्त्रणमा अत्यन्त व्यस्त छ । जस्ता ठूला चुनौतिको बाबजुत ऐतिहासिक महत्वपूर्ण जिम्मेवारी पनि छ । गत वर्ष पनि यस्तै समयमा मैले केही गम्भीर प्राविधिक विषयमा स्वास्थ्य मन्त्रीज्यूसँग केही प्रश्न गरेकी थिएँ । जुन यसै संसदमा रेकर्ड छ र आज पनि उत्तिक्कै सान्दर्भिक देखिन्छ । त्यतिखेर माननीय मन्त्रीज्यूले रियलाइज गर्नु भएको थियो र स्वास्थ्यको बजेट एकदमै कम भएको कुरा यस सम्मानित सदनमा बताउनु भएको थियो । नागरिकको स्वास्थ्य राम्रो भयो भने देशको हरेक क्षेत्र राम्रो हुन्छ र कुनै पनि देशको सर्वाङ्गिण विकासको लागि स्वास्थ्यलाई उच्च प्राथमिकता दिइनु  पर्छ र म पुनः गत वर्षकै कुरा दोहोर्‍याउँछु । राम्रा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आधार मान्ने हो भने कूल बजेटको कम्तीमा पनि १० प्रतिशत स्वास्थ्यलाई छुट्याउनै पर्छ । तर अहिले ६ प्रतिशत पुगेको छ । जसले अझै पनि नेपालीहरूको वास्तविक आवश्यकतालाई धान्दैन । तैपनि गत वर्षको तुलनामा यो धेरै बढी हो । स्वास्थ्यलाई अहिलेको घडी चुनौतिपूर्ण छ र यसको साथै आवश्यक स्वास्थ्य संस्थाहरूको स्थापनाका लागि पूर्वाधारमा लगानी गर्ने राम्रो अवसर पनि हामीसँग छ ।

सम्माननीय अध्यक्ष महोदय, अहिले कोरोनाको ठूलो जोखिम त छँदैछ । त्योभन्दा पनि ठूलो विश्वकै तथ्याङ्कलाई हेर्ने हो भने हाम्रो देशमा पनि खानपान, रहनसहन, लाइफ स्टाइल आदिले गर्दा विभिन्न नसर्ने रोगहरू दिनदिनै बढिरहेको छ । जसले गर्दा आम नेपालीको व्यक्तिगत स्वास्थ्यमा खर्च धेरै बढिरहेको अवस्था छ । जुन हाम्रो संविधानले परिकल्पना गरेकोभन्दा बाहिर छ । त्यसैले स्वास्थ्य मन्त्रालयले ती रोगहरूको नियन्त्रण र नेपालीहरूको व्यक्तिगत स्वास्थ्य खर्च घटाउन के कस्ता रणनीति बनाएको छ ? यसको साथै स्वास्थ्य मन्त्रालयले विभिन्न सर्ने रोगहरू (कम्युनिकेबल डिजिज) नियन्त्रणको लागि के रणनीति बनाएको छ ? स्वास्थ्य मन्त्रालयले अत्याधिक प्रशासनिक खर्चहरू कटौती गर्नका लागि के कस्ता रणनीतिहरू बनाएका छन् ? मन्त्रालय र विभागतर्फ सर्ने र नसर्ने रोगहरू नियन्त्रण गर्न अलग-अलग महाशाखा, शाखा तथा केन्द्रहरू रोगैपिच्छे खोलिएका छन् । जसले गर्दा प्रशासनिक खर्च अत्याधिक बढेकोले नसर्ने र सर्ने रोगहरूको एउटै केन्द्र बनाई सक्षम, छिटो, छरितो र व्यवस्थित टिम बनाएर जाँदा आवश्यक खर्च घटाउन सकिने सुझाव दिन चाहन्छु र बरु स्थानीय तहमा प्राविधिक दक्ष जनशक्ति बढाउनु आजको आवश्यकता हो । माननीय मन्त्रीज्यूलाई म के सुझाव दिन चाहन्छु भने अहिलेको बजेट थालनी गर्ने राम्रो अवसर पनि हो । जसमा कार्यान्वयनको ठूलो चुनौति तपाइँ सामु छ । पार्टीगत सोचभन्दा माथि उठेर स्वास्थ्यको जग बसाउने थालनी गर्नुभयो भने सबैको साथ र सहयोग पाउनु हुनेछ । म पुनः केही प्रश्न गर्न चाहन्छु, एलसीडीको ल्याव इन्भेस्टिगेशनको अनुगमनको सम्बन्धमा राष्ट्रियस्तरमा के काम र पहल भएको छ ? अहिले एल.सी.डी. को डाइगोनेस्टिक नेपालभन्दा बाहिर गइरहेका छन् भन्ने सुनिएको छ । जसले गर्दा बिरामीहरू पीडित भइरहेका छन् । अहिलेको बजेट हेर्ने हो र सरकारले चाहने हो भने राष्ट्रिय ल्याबको क्षमता अभिवृद्धि गरी ल्यूकेमिया जस्ता रोग अर्गन ट्रान्सप्लान्टका लागि गरिने सबै टेस्ट हामी यहीँ गर्न सक्छौँ । क्यान्सर र यसका टाइप्सका लागि गरिने विभिन्न टेस्ट जस्तै इनिनोफिनिनो टाइप टेस्ट, इमिनोहिस्ट्रो कमिस्ट्री नेपालमा हुँदैनन् । तर अहिलेको बजेटले त्यसको सुरुवात गर्न सकिन्छ र यी कुराहरू हामी हरेक प्रदेशमा स्थापित गर्न सक्ने अवस्था छ । त्यसैले यस्तै प्रकारले ब्लड क्यान्सर हो कि स्तन क्यान्सर हो वा सर्वाइकल क्यान्सर हो सोको व्यवस्था अहिले नै गर्न सकिन्छ । अहिले मार्केटमा हेर्नुभयो भने एउटै प्रकारको ल्याबको रकम प्राइभेट संस्थापिच्छे फरक-फरक छ । राष्ट्रिय प्रयोगशालामा दर्ता भई अनुमति लिएका प्रयोगशालाले राष्ट्रिय प्रयोगशालाकै टेस्ट रिपोर्टलाई मान्दैनन् । किन हो त यस्तो ? कमिशनको खेल हो कि, कि त हाम्रो क्षमता नै छैन । त्यसैले राष्ट्रिय प्रयोगशालाको क्षमता अभिवृद्धि गरिनु पर्‍यो र क्षमतावान स्वच्छ छवी भएका व्यक्तिहरूको अनुगमन टोली बनाएर देशभरिका ल्याबहरूको अनुगमन र क्वालिटी कन्ट्रोल गर्ने सुरुवात स्वास्थ्य मन्त्रालयले गर्नुपर्‍यो भन्ने मेरो सुझाव छ । सरकारी ल्याबको उच्च ओहोदामा पनि काम गर्ने र बाहिर आफ्नै प्राइभेट ल्याबबाट पैसा कमाउनेहरूको पनि सरकारले नियमन गर्नुपर्‍यो । यति गर्न सकिए स्वास्थ्यमा धेरै हदसम्म सुशासन कायम हुन्छ ।

सम्माननीय अध्यक्षज्यू, म सरुवा रोगको सन्दर्भमा fever of unknown origin को सन्दर्भमा हामी जापानी इन्सिफ्लाइटिसको मात्र गरिरहेका छौँ भन्ने जानकारी आएको छ ।

लेप्टोस्पाइरा रुसेला जस्ता अज्ञात रोगहरूको समयमा पहिचान नहुँदा बाहिर स्याम्पल पठाएर आउँदासम्म ढिलो भइसकेको अवस्था भएकोले ती कुराहरूमा स्वास्थ्य मन्त्रालयले ध्यान दिनु पऱ्यो भन्ने मेरो आग्रह छ । डीएनए, पीसीआर मेशिन हरेक प्रदेश र मुख्य अस्पतालहरूमा स्थापना गर्न सरकारले पहल के गरेको छ ? यसको साथै मनसुन छिट्टै सुरु भएकाले मौसमी फ्लू र अन्य महामारी बढ्ने प्रबल सम्भावना छ । अनि विज्ञहरूले भनिरहेका छन् । यस्तै स्वास्थ्य मन्त्रालयले विपद् व्यवस्थापन र इमेर्जेन्सी व्यवस्थापनको के योजना बनाएको छ र गृह मन्त्रालयलाई पनि मेरो प्रश्न के छ भने स्वास्थ्य र गृहबीचको समन्वय कसरी भएको छ ? आपतकालीन, इमेर्जेन्सी ऱ्यापिड रेस्पोन्सको लागि के तयारी भएको छ ? त्यतातिर मन्त्रालयले ध्यान दिनुपऱ्यो । नेपालमा एकदमै बाढी, पहिरो आउने सम्भावना बढेको छ । नेपाल सरकारको तयारी र व्यवस्थापन गर्ने कुरामा प्रश्न उठेको छ । नेपालको पूर्वतयारीमा ठूलो ग्याप देखिएको छ । अन्त्यमा स्थानीय स्वास्थ्य संस्थाको स्थापनामा दक्ष जनशक्तिको व्यवस्थापन र स्वास्थ्यको वित्तीय सुशासन कायम गर्न चुनौति भएकोले मन्त्रालयलाई त्यसतर्फ ध्यान दिन सुझाव दिँदै बिदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**पिठासीनः**- माननीय उपाध्यक्ष श्री शशीकला दाहाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय प्रकाश पन्थलाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)ः**- सम्माननीय अध्यक्ष महोदय, आज यो खर्च कटौतीको प्रस्तावमा विभिन्न मन्त्रालयगत छलफलमा म यहाँ उपस्थित भएको छु । म आज यो शिक्षा मन्त्रालय अन्तर्गतको यो विशेष गरेर यो विद्यालय क्षेत्रगत विकास कार्यक्रमको बजेटहरू मन्त्रलायले अलिकति मनोमानित ढङ्गले त्यसका आवश्यकताका आधारमा नभइकन संघीयताको मर्म विपरीत हुने गरी विनियोजन गरेको छ । जो स्थानीय तहसँग पनि सम्बन्धित कतिपय कुराहरू । त्यसकारणले गर्दाखेरि म यो शीर्षकमा भएको बजेटको यसको खर्च कटौतीको प्रस्ताव गर्न चाहन्छु र त्यो खर्च घटाई १ रुपैयाँ कायम गरियोस् भन्न चाहन्छु । मन्त्रालयगत छलफलहरूका क्रममा चाहिँ म के भन्न चाहन्छु भन्दा माननीय मन्त्रीज्यूहरूले यो बजेट अधिवेशनभरि उठेका बजेटसँग सम्बन्धित विषयहरू र विनियोजनसँग सम्बन्धित विषयहरू र मन्त्रालयसँग सम्बन्धित विषयहरूलाई चाहिँ फेरि म एक चोटि स्मरण गराउन चाहन्छु । धेरै कुराहरू र धेरै छलफल, बहसहरू भएका छन् । त्यसलाई मन्त्रालयले सम्बन्धित निकायबाट त्यसका रिपोर्टहरू पनि दिन आवश्यक छ र त्यसको उत्तर दिन पनि आवश्यक छ । शिक्षा मन्त्रालयभित्रका कुराहरू गर्दाखेरि संविधानले

तय गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको भूमिका तय गर्ने अवसर शिक्षा मन्त्रालयले यस पटक पनि गुमाएको छ । संघीयताको मूल मर्म र भावना प्रतिकूल हुने गरी बजेटहरू विनियोजन भएकै छन् । प्राविधिक शिक्षा विद्यालयस्तरमा नै दिने भनिएको छ । तर पर्याप्त जनशक्तिहरू अझैसम्म तयार भएका छैनन् । यस विषयमा सरकार स्पष्ट पनि छैन र यो पर्याप्त जनसंसाधन र भौतिक संसाधन बेगर प्राविधिक तालिम शिक्षाहरू पनि सम्भव छैन भन्ने कुराहरूलाई पनि म स्मरण गराउन चाहन्छु । त्यस्तै प्राविधिक जनशक्तिको नियुक्ति सम्बन्धित विद्यालयहरूले तिनीहरूलाई लिने कुरा, तिनीहरूलाई ग्रहण गर्ने कुरा, त्यसको स्थायित्वको कुराहरू र त्यसको निरन्तरताको कुराहरूले सिकाइमा पनि धेरै कुराहरूको महत्व राख्छ । त्यसतर्फ पनि सरकारको ध्यान पुगेको छैन । त्यस्तै विद्यालय र उच्च शिक्षा अन्तर्गतका अनुसन्धानको क्षेत्रमा पनि सरकार स्पष्ट देखिँदैन । शिक्षामा आमूल परिवर्तन र सुधारमा सरकारको केही चल्ने, केही लाग्ने स्थितिहरू यहाँ देखिएको छैन । प्रधानमन्त्री, शिक्षा मन्त्री लगायत विशिष्ट महानुभावहरूले अघिल्ला वर्षदेखि नै अघिल्ला-अघिल्ला वर्षदेखि नै भर्ना अभियानमा सरिक हुनु भएको थियो, तछाडमछाड गरेर माननीयज्यूहरूले पनि गर्नु भएको थियो । ती सबै बालबालिकाहरू यस वर्ष के-के गर्दैछन्, कति कक्षामा पढ्दैछन् ? तिनीहरूको रिपोर्ट के-के आयो भन्ने कुरा अब अभिभावकले हेर्नु पर्छ कि पर्दैन ? त्यसतर्फ पनि सरकार चुकिरहेको जस्तो लाग्छ मलाई । कोरोनाले शिक्षा क्षेत्रलाई अस्तव्यस्त बनाएको छ । थुप्रै विद्यार्थीहरूको भविश्य अन्यौलग्रस्त छ । एस.ई.ई. को परीक्षा नहुने कुरा त आयो तर कक्षा ११, १२ र यसैगरि विश्वविद्यालय तहका विभिन्न तहका परीक्षाहरूको क्यालेण्डर नै प्रभावित भइसकेको छ । यसतर्फ पनि सरकार अन्योलग्रस्त भयो । सरकारले केही सोच्न सकेन । प्राविधिक शिक्षातर्फका परीक्षाहरू पनि अन्योलग्रस्त भएको स्थितिहरू छ । विद्यार्थीहरूको भविश्य नै अब अन्योलग्रस्त हुने देखिएको छ ।

विद्यालयस्तरमा अनलाइनका कुराहरू पनि आएको छ । पढाइ र भर्च्यूअलका कुराहरू आएको छ । सबै ठाउँमा इन्टरनेट छैन । सबै ठाउँहरूमा डिभाइस्‌हरू पनि छैन । त्यसमा जनताहरूको पहुँच पनि छैन । कति जनाको घरमा त टेलिभिजन छैन, रेडियो छैन । त्यसलाई कसरी सिकाइको मूल्याङ्कन गरिन्छ, यस्तो अवस्थामा ? त्यो कुराहरू पनि सरकारको कहीँ स्पष्ट आएको देखिँदैन । र प्रविधितर्फ विज्ञान तथा प्रविधि मन्त्रालयले एउटा स्याटलाइट पनि उडाएको थियो । तर त्यसले अहिले के काम गरिरहेको छ ? उडिरहेको छ कि छैन ? त्यसले सरकारलाई सघाएको छ कि छैन ? सूचना प्रविधिमा सघाएको छ कि कहाँ सघाएको छ भन्ने कुरा पनि एउटा रहरको विषय मात्रै भयो । त्यसले कुनै कामहरू पनि दिन सकेन । अरु विभिन्न मन्त्रालयगत कुराहरू संक्षिप्तमा भन्न चाहन्छु ।

संस्कृति मन्त्रालयभित्र पनि जुन जोगी आए पनि कानै चिरेका भने जस्तो भयो । अलिकति हामीले भरोसा, विश्वास गरेकै माननीयज्यू अहिले नयाँ मन्त्री पनि हुनु भएको थियो । अब यो ध्वजाबहाक विमानको अवस्था उस्तै छ । मन्त्री फेरिए पनि अवस्था फेरिने स्थितिहरू त्यहाँ देखिएन । अब तत्कालै, तुरुन्तै यो नागरिक उड्डयन मन्त्रालयलाई दुई वटा त्यो अन्तर्गतको नागरिक उड्डयन प्राधिकरणलाई दुई वटा अलग-अलग प्राधिकरण बनाउनेछ, हवाई सेवा र उड्डयन सम्बन्धी दुई वटा । यसमा कर्मचारीहरूको व्यापक

गुनासोहरू आइरहेको छ । त्यहाँ हारगुहार पनि छ । कर्मचारीहरूसँग बसेर उहाँहरूको समस्या समाधन गर्ने कुरामा विशेष ठोस् पहल गरियोस् भन्ने कुरा पनि म भन्न चाहन्छु । त्यसतर्फ पनि यो बजेटले खालि छुट्याउने भनेको छ तर आगामी वर्ष त्यसले व्यय भार पार्छ । त्यसतर्फ कुनै पनि योजनाहरू देखिएको छैन ।

विदेशमा फसेका नेपालीहरूलाई उद्धार गर्ने नाउँमा सरकारले व्यापार गऱ्यो कि भन्ने कुरा आइरहेको छ । उद्धारमा निकै ढिलाइ भइरहेको छ, अलमल भइरहेको छ । श्रम, पर्यटन र परराष्ट्र मन्त्रालयको समन्वय देखिएन । कसको जिम्मेवारी हो भन्ने कुरा पनि हामीलाई स्पष्ट भएन । अब स्वास्थ्यमा थुप्रै गुनासाहरू आएका छन् । मान्छेहरू मरेकै छन् क्वारेन्टाइनमा, बलात्कार भएकै छ । मान्छेहरूलाई सास्तिपूर्ण स्थिति छ, त्यहाँ क वारेन्टाइनमा । थुप्रै ऱ्यापिड टेस्ट पी.सी.आर. टस्ट हुने कुराहरू थुप्रै कुराहरू उठेका छन् । यो विगतमा थुप्रै पटक उठेका छन् र यो सरकारको स्पष्ट दर्पण, ऐना भनेको अहिले स्वास्थ्य मन्त्रालय हो । स्वास्थ्य मन्त्रालयको पर्फर्मेन्सले सबै मन्त्रालयहरूको पर्फर्मेन्स, सबै सरकारको पर्फर्मेन्समा त्यसले धक्का दिइरहेको छ । त्यहाँ चाहिँ राम्रो काम हुन सकिरहेको छैन । यसतर्फ विगतका भनाइहरूलाई स्मरण गर्न मैले अनुरोध गर्न चाहेँ ।

कृषि मन्त्रालयतिर अब यो कृषिलाई फोकस गर्ने भनेको छ । तर कृषि खासै फोकस हुन सकिरहेको अवस्थाहरू छैन । अब युवाहरूलाई कृषिसँग जोड्ने कुरा अनि कृषिलाई फेरि उद्योगसँग जोड्ने कुरा र उद्योगलाई व्यपार, वाणिज्यसँग जोड्ने कुराहरूमा कहीँ पनि त्यस्तो स्पष्ट छैन । विगतमा अनुदान, सहायताहरू दुरुपयोग भएकै थिए । त्यस विषयमा पनि सरकार मौन नै छ । खास किसानलाई टेवा पुऱ्याउनेतर्फ सरकार उन्मुख नै छैन । समयमै बिउ पाउने कुरा, मल, बिउविजनका कुराहरू समते त्यसको कुनै सुनिश्चितताहरू छैन । अब कृषिमा युवालाई परिचालन गर्ने स्पष्ट आधारै देखिएन । युवालाई कुन मन्त्रालयमा समेट्ने ? मन्त्रालय छुट्टै छ तर कृषिमा युवा आवश्यकता हो कि होइन भन्ने कुरा कहीँ पनि देखिएन । अब कृषिमा उत्पादनका कुरा, भण्डारण र आपूर्तिका कुराहरू छ, त्यसलाई सुनिश्चित गर्ने कुरा स्पष्टता बजेटमा, विनियोजनमा कहीँ पनि हामीले पाउन सक्दैनौँ । अब यो आपूर्ति र सप्लाइ सहितको सन्तुलित बजार व्यवस्थापन र कालाबजारी महङ्गी नियन्त्रण गर्ने कुरा त्यसतर्फ पनि सरकारको खासै ध्यान पुगेको छैन । उद्योग, व्यवसाय, पर्यटन क्षेत्र उठेमा तिनीहरूले कमाउन सकेमा तिनीहरूले सरकारलाई सबैभन्दा धेरै कर तिनीहरूले नै तिर्ने हो र तिनीहरूलाई उठाउनेतर्फ, तिनीहरूलाई राहत दिनेतर्फ सरकारको यसमा त्यो कतै पनि छैन । बजेटले राहतलाई विनियोजनले राहतलाई र त्यो उद्योगधन्दालाई छोएको स्थितिहरू छैन । अब यो उर्जा, जलस्रोत, सिँचाइ मन्त्रालयमा पनि थुप्रै कुराहरू छ । सिँचाइलाई कृषिसँग नै जोड्ने कुरामा अलि फोकस हुन सकिरहेको अवस्था छैन । अब यो विद्युतीकरण र यसका प्रचुर सम्भावनाहरू हामी कहाँ छ । हामीले भनिहेका छौँ तर त्यसलाई त्यसको व्यवस्थापन अब बिजुली बेच्ने कुरामा पनि समस्या भइसक्यो । अब यही वर्षादेखि नै हिउँदमा धेरै बिजुली उत्पादन हुन्छ तर त्यसको सही सदुपयोग हुने कुरा, त्यसलाई बाहिर पठाउने कुरा, नेपालमै खपत गराउने कुरामा पनि कुनै खास ठोस योजनाहरू सरकारसँग छैन । अब ग्याँस लगायतका इन्धनहरूमा आपूर्ति कम

गर्न सक्थ्यौँ । त्यसलाई सरकारले समयमै सोच्यो भने त्यो इन्धनहरूको आपूर्तिलाई चाहिँ घटाउन सक्यो भने अथवा त्यसमा बिजुलीमा राहत सुविधाहरू लिन सक्यो भने अथवा त्यो विद्युतीय उपकरणहरूलाई प्रयोगमा अलिकति सहुलियत, सुविधाहरू बढाउन सक्यो भने हामीले हरेक भान्सामा हामीले ग्याँसको प्रयोगलाई कम गर्ने स्थिति छ । तर सरकार त्यसतर्फ स्पष्ट पोलिसीहरू आएको छैन । पानीमा लगानी, जनताको लगानी के-के भन्ने पनि एउटा थियो । तर यो के छ भन्दाखेरि अब यो खालि शेयरका कुराहरू छ, जनताको लगानी गर्ने कुराहरू छ, अलि नाफानाफा हुने ठाउँमा त्यही अनसार झ्यापझुप पारिहाल्ने माथिमाथि । तर खास जनताहरू त्यसतर्फ आकर्षित हुन, तिनीहरूलाई टच गर्न सकिराखेको स्थितिहरू पनि छैन । अब विस्तारै-विस्तारै बिजुली खेर जाने हो भने अब हामीलाई नाफा पनि हुँदैन, कम हुन्छ भनेर अब शेयर लगानीकर्ताहरू समेत त्यहाँबाट पछाडि हट्ने स्थितिहरू पनि नेपालमा नहोला भन्न सकिन्न । मैले त्यसतर्फ सरकारलाई गम्भीर हुनका लागि पनि मैले अनुरोध गर्न चाहन्छु ।

अब संघीय मामिला तथा प्रशासन मन्त्रालय छ । अब यो भन्दाखेरि संघीय मामिला काम गर्दाखेरि चाहिँ खालि कर्मचारी यताउता गर्ने मात्रै देखिन्छ । यसले संघीयताभित्रको अहिलेको समस्या के हो ? यसको खास अध्ययन गर्नु पर्‍यो । छुट्टै त्यसलाई हेर्नु पर्‍यो । स्थानीय तह, प्रदेशदेखि लिएर तीन तहको संघीयताको कुरा छ । यहाँ कहाँकहाँ समस्या छ ? जहाँसुकै गुनासैगुनासो छ । मुख्य मन्त्रीको गुनासो छ, स्थानीय तहका प्रमुखहरूका गुनासो छ, सरोकारवालाहरूको गुनासो छ । तर त्यहाँ अहिलेसम्म मन्त्रालयले त्यसलाई टच गरेको, सम्बोधन गरेको, बसेर छलफल गरेको बहसहरू गरेको त्यस्तो हामीले केही पनि देखेका छैनौँ, अहिलेसम्म । अहिलेसम्ममा मन्त्रालयले संघीय मामिलाभित्र संघीयताको मामलामा के-के समस्याहरू आए भन्ने कुरा रिपोर्ट पनि हामीले कहीँ पनि पढ्न पाएका स्थितिहरू पनि छैनौँ । म सरकारलाई खालि त्यो संघीयतालाई मजबुत बनाउनेतर्फ, स्थानीय तहलाई एकदम मजबुत, स्थानीय तहले सर्भिसमा काम गर्नु पर्‍यो फ्रन्टलाइनमा । त्यसपछि त्यसले नसकेको काम प्रदेश र ओभरअलमा संघले गर्ने कुराहरूमा यसलाई नीतिगत रूपमै केही गर्न आवश्यक छ र त्यसतर्फ पनि मन्त्रालयले आवश्यक बहस र छलफलहरू चलाओस् भन्न चाहन्छु ।

अब गृह मन्त्रालयको कुरा भन्यो भने अब गृह मन्त्रालयमा अब हत्या, हिंसा, बलात्करको कुरा मात्रै उठ्छ जहिले पनि । भन्यो भने, भने जस्तै विरोध गरे जस्तो हुन्छ । तर यिनीहरू समाधान हुनेतर्फ कुनै उपायहरू देखिएको छैन । सरकारको होल सिस्टमको अब अर्थ मन्त्रालय सरकारको ढुकढुकी हो भने हातखुट्टा चाहिँ गृह मन्त्रालय हो । तर गृह मन्त्रालयले खासै काम गर्न सकिरहेको स्थिति छैन । सुशासन चाहिँ कुन चराको नाम हो भनेको जस्तो पनि भइसकेको छ ।

परराष्ट्र मन्त्रालयमा यो कमजोर छ, यो परराष्ट्र नीति कमजोर भयो भन्ने कुरा उठेकै छ । अब छिमेकीहरूसितको मित्रतादेखि लिएर थुप्रै कुराहरू छ । खालि यो राष्ट्रपति र प्रधानमन्त्रीका भिजिटले मात्रै परराष्ट्र चाहिँ राम्रो भएको हामीले मान्न सक्दैनौँ ।

सेनाहरूलाई बेलाबखत बिवादमा ल्याउने सरकारबाटै भएको छ । सेनालाई कहाँ र कसरी कुनकुन काममा ल्याउने भन्ने कुरामा सरकार चुकिरहेको स्थिति छ । अब थुप्रै कार्यक्रमहरू प्रधानमन्त्री मातहत राखेको छ । थुप्रै कार्यक्रमहरू राष्ट्रपतिका नाउँमा राखेको छ । अनि राष्ट्रपतिलाई बिवादमा तान्ने काम सरकारले नै गरेको छ । राष्ट्रपतिसँग टच गरेर कुनै पनि प्रोग्रामहरू नराख्ने हो भने राष्ट्रपति बिवादमा आउने स्थिति पनि हुँदैन । संवैधानिक निकायहरूलाई पनि सरकारले बेलाबेलामा हस्तक्षेप गरिरहेकै छ । अब म यसतर्फ पनि सचेत गराउन चाहन्छु । अब ठूला कार्यक्रम जति अब खालि यो प्रधानमन्त्री मातहत लाने राष्ट्रपति मातहत लाने अब मुख्य मन्त्री मातहत लाने र स्थानीय तहका प्रमुखका मातहत लाने कुराहरू नराम्रो टेण्डिङ्गतर्फ बढेको छ । अब म के भन्न चाहन्छु भन्दाखेरि सरकारको एउटा विश्लेषण कसरी गर्न सकिन्छ भन्दाखेरि संसदमै उठेका आवाजलाई मात्रै विश्लेषण गर्नुस्, सत्तापक्ष र प्रतिपक्षले कति सुझाव दिएको छ ? कति विरोध गरेको छ ? ती सबै कुराहरूलाई निश्कर्ष गऱ्यो भने सरकारको २/३ वटा राम्रो कुरा गरेर स्वयम् सत्तापक्षका माननीयज्यूहरूले बाँकी ५/७ वटा सुझावहरू दिनु भएको छ । त्यही सुझाव सत्तापक्षले दिँदा सुझाव हुने, प्रतिपक्षले दिँदा विरोध हुने कुरा त्यो अवस्था छ । त्यसलाई विश्लेषण गरौँ । सरकार सफल छ कि असफल छ, त्यहीँ स्पष्ट देख्न सकिन्छ । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय रमेश जंग रायमाझीलाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजित शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, मैले ४ वटा मन्त्रालयको विषयमा आज भाग लिइरहेको छु । त्यसमध्ये रक्षा मन्त्रालयको यो ३४५००११३ अन्तर्गत ३४५००१ अन्तर्गत लगायतको यो नेपाली सेनाको कार्य दक्षता अभिवृद्धि गर्न र विपद् व्यवस्थापन आवश्यक उपकरण सामाग्री समेत उपलब्ध गराउन नसकेको विनयोजित रकमबाट १०० रुपैयाँ घटाइयोस् भनेर प्रस्ताव गरेको छु भने यस्तै गरेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा यस शीर्षकमा नै विनियोजित रकममा १०० रुपैयाँ घटाइयोस् भनेर यसमा पनि गरेको छु । यसको पनि शीर्षक ३६५००११३ र चालु उसबाट छ । त्यस्तै गरेर गृह मन्त्रालयको विविध खर्चमा इन्धन पदाधिकारीको विषयमा पनि यसरी नै १ रुपैयाँ घटाइयोस् भनेर गरेको छु भने प्रधानमन्त्री कार्यालयले राष्ट्रिय अनुसन्धान विभाग, राजस्व विभाग, सम्पत्ति शुद्धिकरण लगायतका निकायहरूलाई आफ्नो मातहतमा लगेर अरु मन्त्रालयहरूको अधिकार खोस्यो भने यसमा पनि १ रुपैयाँ घटाइयोस् भनेर यो चार वटा मन्त्रालयमा मैले विनियोजन शीर्षकमाथिको संशोधन प्रास्ताव राखेको छु ।

सम्माननीय अध्यक्ष महोदय, आज हामीहरू म विशेष गरेर रक्षा मन्त्रालयमा जान चाहन्छु । रक्षा मन्त्रालय मैले योभन्दा अगाडि पनि रक्षा मन्त्रीज्यूलाई भनेको थिएँ, बङ्करदेखि ब्यारेकसम्म कहिले नेपाली सेना पुग्छन् ? नेपाली सेनाले बङ्करमै जीवन बिताउनु पर्ने हो कि ? त्यो गरिबका छोराछोरी जो सानो पदमा बसेर काम गरिरहेका छन्, सेनाको जवान सिपाहीहरू तिनले जीवनभर त्यहीँ बस्नु पर्ने हो कि भनेर भन्दाखेरि हैन ? अर्को वर्षसम्म ब्यारेकसम्म पुग्छन् भन्ने जवाफ आएको थियो तर अर्को वर्ष अब बाँकी छ । सिद्धिन अब केही दिनभित्र बाँकी छ, त्यो केही दिनभित्रमा पुग्ने हो कि । मैले त्यसको आसा राखेको छु । जुन तरिकाले भूकम्प आएपछि नेपाली सेनाका धेरै भवनहरू ध्वस्त भए । त्यसमध्ये २१० वटा भवनहरू पुनर्निर्माण गर्नु पर्ने थियो । पुनर्निमाणमध्येमा हालसम्म ७१ वटा मात्रै भवनहरू पुनर्निमाण भएका छन् र बन्न बाँकी १५९ वटा बाँकी छन् । यसको लागि अहिले आवश्यक बजेटहरू जुन छुट्याइएको छैन र अहिले फेरि एउटा के गरिएको छ भने सेनालाई बिवादमा पार्ने काम गरियो अहिले । सेना अराजनीतिक गतिविधिबाट बाहिर राख्नु पर्नेलाई हामीले हिजो जसरी न्यायलयलाई ल्याएर प्रधान न्यायाधीशलाई ल्याएर एउटा प्रधानमन्त्री बनायौँ, त्यसै गरेर न्यायलयलाई पनि त्यो प्राक्टिस गर्न खोजेको हो कि ? आज नेपाली सेनालाई चाहिँ स्वास्थ्य सामाग्री खरिद गर्ने नाममा नेपाली सेना अहिले बिवाद आएको छ । जुन मास्क नेपाली सेनाले १ रुपैयाँ ९५ पैसामा किन्थ्यो, त्यही क्वालेटीको सामान आज त्यो मास्क ४४ रुपैयाँमा किनेर लिएर आएको छ । G to G भनेको के हो ? दुई वटा Government मिलेर खाने हो कि के हो  G to G भनेको । अगाडि सेनालाई राख्ने, सेना र दुई वटा सरकारको बीचमा कुरा उठाउने, दुई वटा सरकारको बीचमा गऱ्यो भन्ने बनाउने र अनि सेनालाई बीचमा पारेर सेनालाई बिवादमा ल्याउने काम यो सरकारले गरेको छ र सेनाको छवी बिगार्ने काम गरेको छ, अहिले । नेपाली सेनाले अहिलेसम्म विपद्मा परेको बेला जहिले पनि नेपाल सरकारलाई, नेपाली जनतालाई मद्दत गरेको नेपाली सेनालाई यसरी बिवादमा ल्याउँदा यसरी अराजनीतिक गतिविधिमा लागेको, जुन उद्देश्यका साथ गठन गरेको नेपाली सेना हो, त्यो सेनालाई बिवादमा ल्याइयो भने भोलि घटना घट्यो भने त्यसको जिम्मेवारी कसले लिने ? त्यसकारण पनि रगत चुसाउने काम गर्नु हुँदैन । जब रगत चुस्छ र उसको बानी पऱ्यो भने त्यो फेरि सधै पल्क्यो भने त्यसको अवस्था हामीलाई अप्ठ्यारो पर्न सक्छ । त्यसकारण म रक्षा मन्त्रालयलाई त्यसतिर पनि ध्यानाकर्षित गराउन चाहन्छु । अहिले रक्षा मन्त्रालयले ल्याएको, नेपाली सेनाले ल्याएको २ अर्ब २४ करोडको दबाइ किनेछ र त्यसमध्ये ४ करोड ५० लाख चाहिँ नेपाल एयरलाइनलाई भाडा तिरेछ अनि त्यसपछि २ करोड ६७ लाख चाहिँ तातोपानीबाट गाडीमा पनि आएको छ, जहाजबाट पनि आएको छ, औषधिहरू । यसरी पैसा खर्च गरेको देखिन्छ र फेरि यही सदनमा पनि कुरा उठिसक्यो । संघीय संसदको दुई वटै सदनमा कुरा उठिसक्यो । सरकारले १० अर्ब रुपैयाँ खर्च गऱ्यो भनियो तर अस्ति भर्खर कोभिडको समितिले फेरि ८ अर्ब ३७ करोड रुपैयाँ मात्रै खर्च भयो भन्दाखेरि यसले के देखिन्छ ? जनतामा के बुझ्छ ? आज १५ वर्षदेखि ३० वर्षका बच्चाहरू सडकमा निक्लेका छन् । सरकार खोइ, १० अर्बको खर्च भनेर सोध्न निक्लेका छन् । जो राजनीतिक गतिविधिमा आजसम्म संलग्न भएका छन् । ती मान्छेहरू के गर्दैछन्, हामीले तिरेको हाम्रो पिताजीले तिरेको, हाम्रो घरपरिवारले तिरेको, हाम्रो समाजले तिरेको

ट्याक्सको हिसाबकिताब खोजदाखेरि तिनलाई बालुवाटारबाट प्रधानमन्त्रीले काँग्रेसले असहयोग गरिरहेको छ भन्ने खालको अभिव्यक्ति दिनुभएछ । त्यसको उसमा केही फेरि मन्त्रीले स्टेटमेन्ट राजनीतिमा कोरानामा राजनीति छिऱ्यो भनेर अभिव्यक्ति पनि दिएको मैले पाएँ । त्यसकारणले कोरोनामा हामीले राजनीति छिराउन चाहिरहेका छैनौँ । तर कोरोनाको उपचार जसरी हुन खोज्यो आज स्वास्थ्य मन्त्रालयले, जसरी गर्नुपर्थ्यो, त्यो गरिरहेको छैन । स्वास्थ्य मन्त्रालयले आफ्नो अधिकार, क्षेत्राधिकारभित्रको अधिकार चाहिँ अर्कालाई दियो, सेनालाई दियो । यसले गर्दाखेरि स्वास्थ्य मन्त्रालयको विश्वासनीयता पनि अहिले नागरिकहरूको बीचमा, हामी राजनीतिक पार्टीहरूको बीचमा घटेर गएको छ । यसरी यो अवस्थाले गर्दाखेरि नेपाली सेनालाई बिवादमा पार्ने काम जसरी गरियो, यो नगरियोस् भन्न चाहन्छु, म ।

परराष्ट्र मन्त्रालयको कुरा छ । परराष्ट्र मन्त्रालयले अहिले गर्नु पर्ने कामहरू, धेरै काम थियो । परराष्ट्र मन्त्रालय किन सुतेर बसेको छ ? मलाई थाहा छैन । विदेशमा रहेका श्रमिकहरू आज आफ्नो जागिर खोसिएका छन् । आफूसँग खाने पैसा सिद्धिएको अवस्था छ । बाहिर सुतिरहनु परेको अवस्था छ । ती नागरिकप्रतिको जिम्मेवार हो कि होइन ? परराष्ट्र मन्त्रालयले ती नागरिकहरूलाई ल्याउनु पर्छ कि पर्दैन ? मसँग एउटा डकुमेन्ट छ । यो नेपाली राजदुताबास सियोल भनेर छ, यो । सम्माननीय अध्यक्ष महोदय, यसमा के भनिएको छ भने यहाँबाट नेपाली एयरलाइन्स पठाउने, कोरिया । ती कोरियामा रहेका लगभग १००० मान्छेहरूलाई जसको भिसा सकिएको छ, लिन भनेर ती मान्छेलाई पठाउनलाई जहाज । दुई देशको बीचमा हवाई सम्झौता भएको छैन । त्यसकारण नेपालको जहाज आउँन पाउँदैन भनेर यो चिठी आएको छ । नेपालको एम्बेसीले लेखेको छ, कोरियाबाट र सम्बन्धन नभइकन त्यहाँ जहाज पठाउने भनेर पर्यटन मन्त्रालयले कसरी सोच्यो ? पर्यटन मन्त्रालयलाई यस्तो खालको गर्नु हुँदैन भन्ने खालका मान्छेहरू कोही पनि रहेनन् ? यस्तो खालको हिसाबले मान्छे आउँछ, अहिले ? अन्त पनि धेरै ठाउँबाट आएका छन् ध्वजा बाहक जहाजमा यसरी । परराष्ट्र मन्त्रालय सबभन्दा कुटनीतिक नियोग र नेपाल वायु सेवाको काम गराई तालमेल नमिलेको कारणले धेरै उडानहरू रद्द भएका छन् भनेर यहाँ अस्ति एउटा सिट बनाइयो । त्यो सिटमा यो दिन जाने भन्यो, त्यहाँ छैन मान्छे । जम्माजम्मी कुवेतबाट ४६५ जना मान्छे आए । २८०० जना कुवेतबाट आएका मान्छेहरूमा २ जनामा कोरोना देखियो भनेर तिनलाई संक्रमण लाग्यो भनेर अरु मान्छेलाई ल्याउनु हुँदैन ? त्यो पनि रोकियो । कुवेत सरकारले पुऱ्याइदिन्छु, अरु देशले पुऱ्याइदिन्छु भन्दाभन्दै पनि ल्याउन नसक्ने । आफ्नै जहाज पठाउनु पर्ने किन भन्दा यहाँ कमिशनको खेल छ । कमिशनको विषय छ । आज यी कुराहरूले गर्दाखेरि हामीहरू अत्यन्तै नराम्रो अवस्था रह्यो । फेरि परराष्ट्र मन्त्रलायले योभन्दा अगाडिको बजेटमा अहिलेको २०७७/७८ भन्दा अगाडिको बजेटमा चाहिँ ४ वटा देशहरूमा राजदुताबासले आफ्नै भवन बनाउने भनेको थियो । जसमा माल्दिभ्स, पाकिस्तान, अष्ट्रेलिया र चाइना थियो । अहिले माल्दिभ्स र पाकिस्तानको बिल्डिङ्ग बनिसक्यो कि के हो ? मैले यसपालिको बजेटमा देखेनँ, त्यो र चाइना र अष्ट्रेलियाको नयाँ राजदूतावास भवन बनाउने । राजदूतहरू के गरेर बस्छन्,

त्यहाँ ? यो दुई वटा राजदूतले पनि  दुई वटा कोरियामा र माल्दिभ्समा अहिले पनि राजदूत छैनन्, राजदूतबिहीन छन् । राजदूतहरू त्यहाँ के गरेर बस्छन् ? डलर खानलाई बस्छन्, अध्यक्ष महोदय, राजदूतहरू ? अहिले नेपाली जनतालाई त्यहाँ श्रम गरेर त्यहाँ बसेकाहरूलाई ल्याउनको लागि उनीहरू क्वारेन्टाइनमा छन् । कोही कोहीसँग सम्पर्कमा छैनन् । अनि कसरी हुन्छ, सम्माननीय अध्यक्ष महोदय ? यो अवस्थाले आज राजदूतहरूले जनतालाई हेर्नु पर्छ कि पर्दैन ? जिम्मेवारी केका लागि राजदूत प्रतिनिधि पठाइयो, यहाँबाट ? कैयौँ ठाउँमा हाम्रो राजदूतावास नचाहिने ठाउँमा राजदूतावास नियुक्ति गरेर राखिएको छ । आजको आवश्यकता अनुसार नचाहिने देशहरू छन् कति ठाउँ । तर पनि राजदूतावास, नेपालको अनावश्यक रूपमा खर्च भइरहेको अवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, मैले स्वास्थ्य मन्त्रालयको कुरा गरेँ । अब स्वास्थ्य मन्त्रीज्यूलाई पटक-पटक उसमा मैले भनेँ । यो स्वास्थ्य क्षेत्रलाई यो प्राविधिक प्राधिकरणमा जबसम्म लानुहुन्न स्वास्थ्य जनसङ्ख्या तथा प्राविधिक प्राधिकरणमा तबसम्म यो अमेरिकन मोडलले बन्दैन । ब्रिटिश मोडलमा लिएर जानुपर्छ भनेर भनेँ र मन्त्रीज्यूले सुन्नु भएन । किन सुन्नु भएन ? के बाध्यता हो ? त्यहाँको कर्मचारीको फण्दामा पर्नुभयो कि के हो, मलाई थाहा छैन । मन्त्रीज्यूसँग पटक-पटक सोधेँ । त्यो पछाडि पनि फोन गरेँ, फोन पनि उठ्न छोडिसक्यो, मन्त्रीज्यूको । त्यसकारण व्यवस्तता पनि होला । मैले भनेँ यो जबसम्म जाँदैन । नेपालको स्वस्थ्य अवस्था सुधार हुनेवाला छैन ।

सम्माननीय अध्यक्ष महोदय, सशस्त्र प्रहरी र गृह मन्त्रलायको कुरा गर्न चाहन्छु । गृह मन्त्रालयमा यो सशस्त्र प्रहरी बोर्ड पोस्ट भनेर जुन अहिले बजेटमा ३९ वटा क्षेत्रमा राखिने भनियो, पहिले २५० वटा भनिएको थियो अहिले ३९ वटा क्षेत्रमा झऱ्यो । यसरी कसरी शान्ति क्षेत्र हुन्छ ? जहिले पनि नेपाल प्रहरीमा प्रमोशन गर्दाखेरि जुन उसले पाएको हुन्छ, उसको ल्याएको अङ्क हुन्छ, त्योभन्दा आफ्नै हिसाबले मूल्याङ्कन गरेर प्रमोशन गर्ने काम भइरहेको हुन्छ । हामीले अस्ति भर्खरै न्यूज सुन्न पायौँ । मन्त्रीका र सचिवका पी.ए.हरू इनिस्पेक्टरमा प्रवेश भए । जुन त्यो ग्रुपभित्र पर्दैनन्, प्रमोसनको त्योभन्दाको पछाडिको पर्दछन् । त्यस्तै गरेर जहिले पनि कम्युनिष्टको सरकार दलितको कुरा गरेर नथाक्ने । यो कम्युनिष्टको सरकार जहिले पनि दलितको कुरा गरेर नथाक्ने आज सचिव बढुवा गर्ने बेलामा २ नम्बरमा रहेका मानबहादुर वि.क. लाई १ नम्बरमा त गरिएन । २ नम्बर पनि छोडेर तेस्रो नम्बरको मान्छे सचिव बनाइयो । कहिल्यै दलितको कुरा गरेर नथाक्ने कम्युनिष्टहरू आज कम्युनिष्टको सरकार हुँदाखेरि त्यो अवस्था देखियो जहाँ परम्परा थियो, ५/६ वर्षदेखि १ नम्बर, २ नम्बर गर्दै कर्मचारीलाई प्रमोशन गरेर जाने । यो स्थिति छ, सम्माननीय अध्यक्ष महोदय । यिनै कुरा राख्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब आजको लागि निर्धारित विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय बेदु राम भुसाल । समय ७ मिनेट । यसपछि माननीय अगम प्रसाद वान्तवा राई ।

**माननीय बेदु राम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, COVID-19 को प्रभावले असर परेको बेलामा आएको हाम्रो आगामी वर्षको बजेट सन्तुलित रूपमा आएको छ र यसले आधारभूत रूपमा ठिकै दिशा प्रक्षेको छ भन्ने धारणा यसभन्दा अगाडि बजेटका सन्दर्भमा बोल्ने क्रममा मैले राखेको थिएँ । तर जब बजेटको विनियोजन खासगरि मन्त्रालयगत विनियोजनमा गइयो । त्यसको अध्ययन गर्दाखेरि कतै-कतै यो बजेटले जुन खालको सिद्धान्त प्रस्तुत गरेको थियो । जुन खालका मान्यताहरू प्रस्तुत गरेको थियो । तद्अनुरूप विनियोजन भएन कि भन्ने लाग्यो । त्यसले गर्दाखेरि यो बजेटको कार्यान्वयनमा जाँदा केही सुधार गर्न सकिएला । यसलाई कार्यान्वयनमा लैजाँदाखेरि, केही ध्यान पुऱ्याउन सकिएला कि भन्ने ठानेर म केही सुझावहरू केही अवधारणाहरू राख्न चाहन्छु । खासगरिकन मैले शिक्षा, स्वास्थ्य, संस्कृति र कृषि क्षेत्रमा भएको विनियोजन खासमा सन्तुलित भएन कि भन्ने ठानेर धारणाहरू राख्न चाहिरहेको छु ।

शिक्षामा जुन हिसाबले बजेट विनियोजन गरिएको छ । त्यसले शिक्षा क्षेत्रमा रहेका अहिलेका हाम्रा केही ज्वलन्त समस्याहरू खासगरिकन बालविकास अथवा पूर्वप्राथमिक कक्षाका सहजकर्ताहरूको जुन समस्या छ । आज पनि हामीले प्रत्येक महिना ६ हजारमा ती मान्छेहरूलाई कजाइरहेका छौँ । श्रमजीवि वर्गको पक्षमा उभिनु पर्ने हाम्रो सरकारले आजप्रति महिना ६ हजारमा एउटा शिक्षकलाई कजाइरहेको छ । त्यो शिक्षकले कति श्रम गऱ्यो र विद्यार्थीहरूलाई शिक्षा देला ? यो एउटा गम्भीर प्रश्न हाम्रा सामुमा छ । त्यसैगरिकन अहिले पनि स्कूलको जुन सबभन्दा तल्लो तहमा रहेर काम गर्ने कर्मचरीहरू छन् । ती कर्मचारीहरूको समस्या पनि त्यत्तिकै ज्वलन्त छ । अर्कोतर्फ यो राहत दरबन्दीमा राखिएका शिक्षककहरूको अब के हुने हो ? तिनीहरूको भविष्य के हुने हो भन्ने समस्या पनि त्यहाँ ज्वलन्त रूपमा रहेको छ । अहिलेको हाम्रो बजेटले यी समस्याहरूको सम्बोधन गर्न सकेको मैले देखिनँ । त्यसले गर्दाखेरि आउने दिनमा यो बजेटलाई कार्यान्वयनमा लैजाँदाखेरि माननीय मन्त्रीज्यूहरूले यो क्षेत्रमा ध्यान पुऱ्याइदिनु भए राम्रो हुन्थ्यो भन्ने म राख्न चाहन्छु ।

त्यसैगरिकन जब मैले संस्कृतिको क्षेत्रमा हेरेँ । हाम्रो जुन सिद्धान्त थियो । हामीले नीति कार्यक्रममा, बजेटका सिद्धान्तहरूमा प्रस्तुत गरेका छौँ । हामीले मुलुकको राजनीतिक हिसाबले जुन परिवर्तन गरेका छौँ । तद्अनुरूपको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा पनि रुपान्तरणको अभियान सञ्चालन गर्ने छौँ भनेर । मैले सांस्कृतिक क्षेत्रमा राखिएका

कार्यक्रमहरू हेर्दाखेरि एक ठाउँ पनि सांस्कृतिक रूपान्तरणको कुनै कार्यक्रम आएको देखिन । यसका कार्यक्रमहरू के-के रहेछन् भनेर हेर्दाखेरि मैले गनेरै हेरे, के पाए भने संघबाट ६० वटा, प्रदेशबाट ७ वटा र स्थानीय तहबाट २०३ वटा मन्दिरलाई कतिपय नयाँ मन्दिर बनाउने र कतिपय पुराना मन्दिरको मर्मत सम्भार गर्ने र संरक्षण गर्ने । यो काम चाहिँ आधारभूत रूपमा संस्कृति मन्त्रालयको काम चाहिँ यही रहेछ भन्ने पाएँ मैले । सांस्कृतिक हिसाबले छुट्याइएको बजेट हेर्दाखेरि । मैले बुझेको के थिएँ भने जब मुलुक धर्म निरपेक्ष हुन्छ । उसले धर्ममा लगानी पनि गर्दैन र हस्तक्षेप पनि गर्दैन भन्ने बुझेको थिए । आजको सरकारले मन्दिर बनाउने हो कि विद्यालय बनाउने हो भन्ने मेरो दृष्टिकोणमा एउटा गम्भीर प्रश्न खडा भयो यो देख्ने बितिकै । मैले बुझेको के थिएँ भने अहिले हामीलाई चाहिएको आवश्यकता भनेको मन्दिरभन्दा पहिला विद्यालय हो । मैले यसो भनेर कुनै धर्मप्रति अपमान गर्न खोजिरहेको छैन । आज धर्मको विषय राज्यको विषय होइन, धर्मको विषय व्यक्तिको विषय हो । नागरिकको विषय हो । नागरिको स्वतन्त्रताको विषय हो । नागरिकलाई छोड्दिने विषय हो । राज्यले विद्यालय बनाउनको निम्ति कही बजेट छुट्याएको छैन, मैले देखिनँ । विद्यालय भवन निर्माणका निम्ति यति बजेट फलानो स्थानीय तहमा पठाइएको छ भनेर कहीँ उल्लेख गरिएको छैन । भनिएको छ स्थानीय तहमा हामीले प्राविधिक शिक्षा दिनेछौँ, नीति कार्यक्रम आएको छ, बजेटमा आएको छ तर स्थानीय तहमा प्राविधिक शिक्षालय खोल्नका निम्ति बजेट छुट्याइएको छैन । मन्दिर बनाउनको निम्ति २०३ मिन्दर बनाउनको निम्ति तिनीहरूको मर्मत सम्भार गर्नको निम्ति बजेट छुट्याइएको छ । आजको आवश्यकता के हो ? मेरो विचारमा आजको आवश्यकता मन्दिरभन्दा पहिले विद्यालय हो । त्यो स्थानीय तहको विद्यालय हो । त्यो मन्दिर बनाउने खर्चको सट्टा त त्यो जुन बालबिकासका सहजकर्ताहरू छन् । त्यो पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने सबभन्दा साना बालबालिकाहरूलाई शिक्षा दिने ती शिक्षकहरूलाई हामीले राहत दिनुपर्ने, सहयोग गर्नु पर्ने हो । तिनीहरूको तलब बृद्धि गुर्न पर्ने हो । त्यतातर्फ हाम्रो ध्यान गएन । यो कमजोरी रहेको छ भन्ने मलाई लाग्छ ।

त्यसैगरिकन यो बजेटमा पनि यो नीति कार्यक्रममा पनि यो राम्रो के आएको थियो भने हामीले त्यसको प्रशंसा पनि गरेका थियौँ । एक प्रदेश एक पर्यटकीय गन्तव्य बनाउछौँ भनेर आएको थियो । तर जब पर्यटन क्षेत्रको बजेटको विनियोजनका शीर्षकहरू हेरेँ । मैले कही पनि फलानो प्रदेशमा फलानो गन्तव्य छ भनेर राखिएको । त्यसको निम्ति बजेट छुट्याएको पाइन । हरेक प्रदेशमा हेर्दाखेरि यो प्रदेशका निम्ति यो प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य यो हो भनेर छुट्याएको मैले पाइन । यो हाम्रो सिद्धान्त र व्यवहारको बीचको अन्तर हो कि भन्ने मलाई लाग्यो । सिद्धान्त भन्ने नीतिका रूपमा ल्यायौँ, सिद्धान्तको रूपमा ल्यायौँ, कार्यक्रमका रूपमा ल्यायौँ तर त्यसका निम्ति बजेट छुट्याइएको छैन । यदि त्यसो हो भने हामीले किन त्यस ढङ्गका वाक्यहरू प्रयोग गर्ने ? त्यो कुनै आवश्यकता छैन भन्ने मलाई लाग्छ । बरु कतिपय ठाउँमा हिजो गरिएका कामहरूका बजेट रोकिएको छ । उदाहरणको निम्ति हाम्रो प्रात स्मरणीय गङ्गालाल र नेपाली कम्युनिष्ट आन्दोलनका पिता पुष्पलाल उहाँहरू दुई जनाको जन्मस्थल रामेछापको भङ्गेरीमा एउटा स्मृति पार्क बनाउने त्यो ३

नम्बर प्रदेशको एउटा गन्तव्य स्थल हुनसक्छ भनेर सरकारको निर्णयले सरकारले बजेट छुट्याएर त्यहाँ जग्गा अधीग्रहण गरेर एउटा स्मृति पार्क बनाउन थालिएको थियो । त्यसका निम्ति बजेट अहिले छुट्याइएको छ । त्यसैगरिकन वि.पि. कोइरालाको पुर्खौली थलो सिन्धुलीको दुम्जामा पनि त्यहाँ सरकारको निर्णयले सरकारको योजना अनुसार नै सरकारले बजेट छुट्याइएर त्यहाँ पनि एउटा स्मृति पार्क बनाउन भनेर सुरु गरिएको थियो । काम अगाडि बढेको थियो । ती दुबै योजनामा यसचोटि बजेट छुट्याएको छैन । हामीले के गर्न खोजिरहेका छौँ ? मैले बुझिरहेको छैन । यद्यपि यहाँ एक जना माननीयज्यूले भन्नुभयो नेताहरूका नाम सारा नेताहरूका नाममा जाने बजेट cancel गर्नु पर्छ भनेर । मैले त उहाँले कहाँ देख्नु भयो भनेर मैले त cancel भएकै देखेँ । मेरो त आपत्ति छ यसमा, cancel गरेकोमा । किन आपत्ति छ भने तिनै नेताहरूको विचारले यो मुलुकमा परिवर्तन ल्याएको छ, तिनै नेताहरूले बनाएको सङ्गठनको बलमा आज हामी सत्तामा छौँ । आज हामी सांसदमा छौँ । दुनियाँभरि राष्ट्रका निम्ति योगदान गर्ने नेताहरूको, परिवर्तनका निम्ति योगदान गर्ने नेताहरूको कदर गरिन्छ, सम्मान गरिन्छ, पुरस्कारहरू वितरण गरिन्छ र कार्यक्रमहरू सञ्चालन गरिन्छ । हामीले पनि सुरु गरेका थियौँ । अहिलेको वर्तमान अर्थ मन्त्री आएपछि पुष्पलाल स्मृति प्रतिष्ठान लगायतका वि.पि. स्मृति प्रतिष्ठान, गणेशमान स्मृति प्रतिष्ठान, मनमोहन स्मृति प्रतिष्ठान लगायतका प्रतिष्ठानहरूले गरेका राम्रा कामहरू थिए । त्यहाँ अनियमितता भएको छ भने छानबिन गर्नु पर्‍यो । त्यहाँ अनियमितता भएको छ भने नियन्त्रण गर्नु पर्‍यो । होइन भने ती नेता जसका नेता, जुन नेताका विचारले आज मुलुकमा परिवर्तन ल्याएको छ । जुन नेताले निर्माण गरेको सङ्गठनको बलमा आज हामी सत्तामा छौँ । हामी मन्त्री छौँ, प्रधानमन्त्री छौँ । ती नेताहरूलाई अपमान गर्ने काम मैले यो बजेटको सुरुवात मै एउटा वाक्य सुन्न पाएको थिएँ र मलाई खुसी लागेको थियो । मुलुकमा लोकतन्त्र ल्याउनका निम्ति योगदान गर्ने, त्याग गर्ने अग्रनेताहरूको सम्मान गर्छु भनेर यहाँ लेखिएको थियो तर जब विनियोजन हेरेँ मैले त्यहाँ मैले पाएँ ती नेताहरूलाई सम्मान होइन, अपमान गरिएको छ । यो अपमानलाई अन्त्य गरियोस् भन्ने धारणा राख्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अगम प्रसाद वान्तवा राई । समय ७ मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री अगम प्रसाद वान्तवा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ माथि हामी छलफल गरिराखेका छौँ । मैले कृषि, पशुपन्छी मन्त्रालयका अन्तर्गतका त्यसभित्रका पनि यो चिया सम्बन्धी केही कुराहरू गर्न गरिरहेको छु । खासगरि चिया नेपालमा इलामबाटै सुरु भएको । विक्रम सम्वत् १९२० देखि सुरु भएको पाउछौँ  र अहिले यसो हेर्दाखेरि १५७ वर्ष भइसकेछ । नेपालको चिया खेती सुरु भएको । र त्यसलाई व्यवसायी ढङ्गले २०२८ सालबाट सुरु भएको छ । अहिले पनि १

नम्बर प्रदेशको आठ वटा जिल्लामा र अन्य जिल्लामा समेत चिया खेती बिस्तार भइरहेको छ । अहिले जसरी चिया खेती भनेको स्वभाविक ढङ्गले यो भूक्षय र अन्य कुराहरू र हाम्रो मुलुकबाट उत्पादित भएको चीजहरू तेस्रो मुलुकसम्म जाने यही चिया खेती हो । यो अहिले पछिल्लो कालमा आएर निजीकरणको नामबाट इलाम जिल्ला, झापा जिल्ला लगायतका ७ वटा, ८ वटा उद्योगहरू चिया बगानहरू निजीकरण गरियो । निजीकरण गरिसकेपछि अहिले पनि न्यूनतम ज्याला मजदुरले पाउने कुराहरूमा जे राज्यले तोके जस्तै नपाउने आदि कुराहरू छँदैछ । जुन बेला निजीकरण भएको थियो र ईलाम सबभन्दा पुरानो ऐतिहासिक चिया बगान सदरमुकाममै रहेको, राणाकालमा नै सुरु भएको त्यसबेला तात्कालीन नेकपा एमालेले कमसेकम त्यो ऐतिहासिक चिया बगानलाई राज्यकै मातहतमा राख्ने र त्यसलाई चिया सम्बन्धी अनुसन्धान गर्ने क्षेत्रको रूपमा राखौं भनेर  धेरै आन्दोलन पनि गऱ्यौं तर त्यसले सार्थकता पाएन । अहिले आएर जसरी चिया बगान राज्यको मातहतमा रहेको चिया बगानहरूको स्थिति त्यो छ । अझै पनि के हो त भन्दाखेरि इलामको पुरानो ऐतिहासिक चिया बगान स्थानीय सरकारहरूले त्यसलाई यदि फिर्ता गर्न मिल्छ भने फिर्ता गरियोस् भन्ने माग पनि गरिराखेको छ र त्यो सायद अर्थ मन्त्रालयसँग पनि जोडिएला । त्यसो हुँदाखेरि ऐतिहासिक त्यो बगानलाई त्यही चिया सम्बन्धीको अनुसन्धान गर्ने क्षेत्रको रूपमा विकास गर्न पनि पाइथ्यो । अब नेपालमा २०५७ सालदेखि चिया नीति आयो । चिया नीति आएपछि पनि त्यसलाई प्रभावकारी भएको देखिन्न । तर अहिले मूलतः के देखिन्छ भने नेपालमा सरकारी र निजी उद्योगहरू ११० भन्दा बढी उद्योगहरू छन् । सँगसँगै अहिले २०६३ सालदेखि आएर इलामबाटै सहकारी अन्तर्गत दर्ता गरेर चिया सहकारी संस्थाहरू धेरै छन् । अब सहकारी संस्था अथवा सरकारी, सहकारी संस्था अन्तर्गत पनि थुप्रै सानातिना उद्योगहरू त चलिरहेको छ । वास्तवमा अहिले यो कृषि क्षेत्रको जसरी बजेट विनियोजन भएको छ । अलग्गै ढङ्गले चिया बगानको बारेमा त्यो देखिँदैन । अहिले संघबाट जुन बजेट विनियोजन भएको छ । त्यो खासगरि चिया विस्तार केन्द्रहरू भनेर इलाम मै पनि ३ ठाउँमा छ । त्यस्तै गरेर पाँचथर, तेह्रथुममा पनि छ । त्यहाँ पनि बजेट विनियोजन त हुन्छ तर त्यहाँ के हुन्छ त भन्दाखेरि अहिलेसम्मको अनुभवले, अहिलेसम्मको व्यवहारले के देखिन्छ भने त्यसले चिया बिस्तार आयोजनाहरूले चियाको नर्सरी उत्पादन गर्ने, वितरण गर्ने र गोष्टिहरू गर्ने । त्योभन्दा बाहेक अन्य कुराहरू देखिँदैन । त्यसैले यसरी अब अलैचीकै सवालमा पनि इलाम अलैची विकास बोर्ड छ । त्यसमा पनि त्यसले पनि त्यही खालको देखिन्छ गरेको कुराहरू देखिन्छ । त्यसले पनि बिउ उत्पादन गर्ने, बितरण गर्ने अन्य कुराहरू त्योभन्दा अरु कुराहरू विकास गरेको देखिँदैन । मलाई लाग्छ नेपालमा अलैची खेती पनि इलामबाटै सुरु भएको हुनसक्छ । अहिले त देशव्यापी रूपमा धेरैतिर अलैची खेती भइरहेको छ । ती अलैचीहरू पनि तेस्रो मुलुक नै जाने हो । त्यसैले अब यो कृषि सम्बन्धीको कुराहरू भयो भने ।

अब उद्योग वाणिज्य सम्बन्धी चाहिँ के हो त भन्दाखेरि चिया उद्योग अघि मैले भने अहिले त्यसलाई अर्गानिक बन्नु पर्ने । अर्गानिक चिया हाम्रो उत्पादन हुने भनेकै अर्थोडक्स र सीटीसी चिया हो । त्यो चिया भारत हुँदै तेस्रो मुलुकमा जाने नै हो । तर अहिलेसम्म

अघिल्लो आर्थिक वर्षमा यो बजेट वक्तव्यमा के देखिएको थियो भने अन्तर्राष्ट्रियस्तरको ल्याबको व्यस्थापन गर्ने र त्यही ढङ्गले प्रोत्साहित गर्ने भन्ने कुरा हो । तर अहिलेसम्म त्यो अर्गानिक हो कि होइन भन्ने कुराहरू ल्याब टेष्ट गर्ने कुराहरू देखिँदैन । अहिले पनि चिया किसानहरूले विदेशी संस्थाहरूको भर पर्नु पर्ने र विदेशी संस्थाहरूले केही संस्थाले यो नासा अनि आई.ओ.एफ. भन्ने तिनीहरू मार्फत् किसानले आफूले उत्पादन गरेको चियालाई अर्गानिक हो भनेर प्रमाणित हो भनेर प्रमाणित गर्ने काम गरिरहेको छ । वास्तबमा अहिलेसम्म पनि अघि पनि मैले भने भारत हुँदै तेस्रो मुलुक जाने हो र हामीले उत्पादन गरेको चियाहरू भारत जाने र भारतबाट आफ्नो लेबल लगाएर अन्तर्राष्ट्रिय क्षेत्रमा पठाउने, तेस्रो मुलुक पठाउने । अलैची पनि त्यही हो । पहिले अलैची सिकिम्म बढी हुन्थ्यो । अहिले सिकिम्मको उत्पादन घटेको र गुणस्तर पनि घटेको । नेपालको राम्रो गुणस्तर हुने अनि त्यही ढङ्गले भारत जाने अनि भारतबाट आफ्नो लेभल बनाएर तेस्रो मुलुक पठाउने । र अहिले पनि सुन्नमा आएको छ र नेपाल हाम्रो यो नेपालमा उत्पादन भएको अलैची पूर्वीनाका काकडभिट्टामा सयौँ क्वीण्टल त्यहाँ भारतले रोकेर जाम भएर बसेको पनि सुनिन्छ । त्यसैले यो हामीले उत्पादन गरेका चीजको हाम्रै प्रमाणीकरणको अथवा लोगो राख्नु पर्ने, त्यो स्थितिहरू । अब यो उसमा त छ, अब त्यसलाई पनि प्रमाणीकरण गर्ने कुराहरू, पठाउने अथवा लेभल बनाउने आदि कुराहरू नीतिमा त छ तर व्यवहारमा विकसित ढङ्गले अहिलेको बजेटमा त्यो देखिँदैन । यो स्थितिमा अहिले आएर के देखिन्छ भने हामीले उत्पादन गरेको चीजहरूको उचित मूल्य नपाउने त्यो पनि सम्पूर्ण चीजहरू भारत कै मातहतमा हुनु पर्ने । यो परिस्थितिलाई परिवर्तन गर्नको लागि कमसेकम उद्योग मन्त्रालयले पनि अलग्गै ढङ्गले यसलाई अर्ग्यानिक बनाउनको लागि पनि प्राङ्गारिक मलका आवश्यकता पर्छ । त्यो मलखादको बारेमा, प्राङ्गारिक मलको बारेमा उद्योग मन्त्रालय अन्तर्गत त्यो बजेटहरू देखिएन । त्यसैले यसलाई चिया सम्बन्धी, अलैची सम्बन्धी अलग्गै ढङ्गले एउटा नीति बनाएर जानु उपयुक्त हुन्छ भन्ने लागेको छ । यति भन्दै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल । समय ७ मिनेट । यसपछि माननीय प्रमिला कुमारी ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी यो विनियोजन बजेटको सन्दर्भमा छलफलमा छौं । हुन त मलाई यो अलि उल्टो कुरा जस्तो लाग्छ । यी छलफलहरू, यी सुझाबहरू यो बजेट बनाउनुभन्दा पहिला नै दिइएको भए राम्रो हुथ्यो । जे होस् बजेट र विनियोजन समेत हाम्रो अगाडि आइसकेको छ । हामीले अहिले यसमा सामान्य समिक्षा र सुझाबसम्म चाहिँ दिन सक्छौं होला भन्ने लाग्छ । मलाई के लाग्छ भने यो बजेटलाई हेर्दाखेरि यहाँ धेरै माननीयज्यूहरूले थुप्रै कुराहरू गर्नु भएको छ । यो ६ वटा कुराहरूलाई ध्यान दिन पर्छ जस्तो लाग्छ यसको बारेमा आफ्ना

कुराहरू राखिरहँदाखेरि । पहिलो कुरा, यो हरेक मन्त्रालयमा यो विनियोजित गरेको बजेट सन्तुलित छ कि छैन ? कतिपय क्षेत्रमा बजेट केन्द्रित हुने, कतिपय क्षेत्रमा शून्य हुने यस्तो अवस्था छ कि छैन ? यस कोणबाट हेर्नु पर्छ होला एउटा जस्तो लाग्छ । अर्को मन्त्रीको, प्रधानमन्त्रीको क्षेत्रमा केन्द्रित छ कि ? यो विषय भयो । हाम्रो विकासको मोडल कस्तो छ ? र बजेटको कार्यान्वयन गर्दाखेरि यसले कम्युनिष्ट सरकार जस्तो श्रमजीवि वर्गको पक्षमा, श्रमजीविहरूको पक्षमा, बेरोजगारहरूको पक्षमा यो छ कि छैन ? यो दृष्टिकोणबाट हेर्नुपर्छ होला । यो संघीय बजेटको नम्स अनुसार छ कि छैन ? यो संघीयताको मर्म अनुसार छ कि छैन ? यस हिसाबले पनि हेर्नु पर्छ होला । अर्को भनेको बजेटको जुन हामीले नीति कार्यक्रमको बारेमा पनि छलफल गरिसकेका छौँ । यो नीतिसँग मेल खाने छ कि छैन । छैठौँ भनेको, यो परम्परागत छ कि यो समय सापेक्ष छ ? यसरी यो बजेटलाई हेर्नुपर्छ होला भन्ने लाग्छ मलाई । र मैले यहाँ मन्त्रालयगत रुपमा धेरै जान चाहान्नँ । मलाई के लाग्छ भने आम रुपमा हेर्ने हो भने यो जब हामी संघीयतामा गयौँ पालिकाहरुलाई केन्द्रित गरेर प्रदेशहरुलाई केन्द्रित गरेर बजेट विनियोजन गर्दै जाँदाखेरि यो आफै सन्तुलित यो बजेट हुने रहेछ । यसको वितरण चाहिँ अलि सन्तुलित हुने रहेछ । सम्पूर्ण क्षेत्रहरुमा पुग्न सक्ने हुँदोरहेछ । त्यसो हुँदाखेरि पालिकामा जाने बजेटहरु यो वित्तीय हस्तान्तरण अन्तरगत पालिकामा र प्रदेशमा जाने बजेटको कारणले गर्दाखेरि स्वभाविक रुपले यो सन्तुलित नै छ । तल्लो स्तरका जनतासम्म पुग्न सक्ने अवस्थामा छ । खालि के हो भने, माथि केन्द्रबाट छुट्याइएको बजेट चाहिँ कसरी गयो भन्ने कुरा हो । त्यसमा केही आलोचनाहरु चाहिँ छन् । अर्को मन्त्री वा प्रधानमन्त्री केन्द्रित, यो जतिसुकै गरे पनि अवको अवस्थामा चाहिँ यो जति चर्चा गरिन्छ त्यो अनुसार हुन सक्ने स्थिति छैन । किनभने एउटा नम्स बनाएर बजेट विनियोजन गर्दाखेरि त्यस्तो हुने अवस्था छैन । केही केही हुने हो । त्योलाई चाहिँ धेरै बढाईचढाई गरेर प्रचार गरिएको अवस्था छ जस्तो लाग्छ मलाई । अर्को भनेको यो संघीय बजेटको नम्स अनुसार छ कि छैन ? संघीयताको मर्म अनुसार छ कि छैन भन्ने सन्दर्भमा चाहिँ मेरो एक दुई वटा कुरा छ । त्यो के छ भने । खेलकुद मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र संघीय मामिला मन्त्रालय जस्ता मन्त्रालयले चाहिँ यसको रेकर्ड तोडेको जस्तो देखिन्छ । रेकर्ड भनेको यो मर्म अनुसार छैन । जस्तो एक लाख, दुई लाखसम्म पनि बजेट छुट्याएको छ । संघीय मन्त्रालयको बजेटमा । त्यसकारणले गर्दाखेरि यो नम्सलाई चाहिँ यसले पक्रिन सकेको छैन ।

अर्को कुरो, यो अघि पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नुभएको छ । त्यसमा मेरो सहमति छ । त्यो के हो भन्दाखेरि यो जुन हामीले नीति ल्यायौँ त्यो नीति अनुसार चाहिँ यो बजेट विनियोजन देखिएन । अलिकति यसमा चाहिँ सन्तुलन त्यस्तो देखिएको छैन । यो अलिकति परम्परागतै छ । यो परम्परागत स्थितिबाट अलिकति माथि उठ्न सकेको छैन जस्तो लाग्छ मलाई । मेरा एक दुई वटा सुझावहरु छन् । यो बजेट आउँदाखेरि यो अनुसन्धानको क्षेत्रमा केन्द्रित गरेर यो कोरोना भाइरसलाई पनि केन्द्रित गरेर बजेट विनियोजन गर्नुपर्थ्यो । त्यो चाहिँ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य मन्त्रालयको संयुक्त पहलमा । किनभने कोरोना भाइरसको औषधि पत्ता लगाउने कुरा, त्यसको खोप पत्ता

लगाउने कुरा, त्यो अमेरिकाले मात्रै गर्न सक्छ, चाइनालेमात्रै गर्न सक्छ अर्थात् युरोपले मात्रै गर्न सक्छ भन्ने होइन । हाम्रो नेपालमा पनि त्यस्ता प्रविधिहरू छन् । त्यस्ता प्रतिभाहरू छन् भनेदेखि हामीहरुले त्यसको पनि एउटा वाताबरण, चाहे त्यो निजी क्षेत्रसँग मिलेर होस् चाहे त्यो सरकार आफैले होस् त्यस ढङ्गले पनि यो बजेट विनियोजन गर्नुपर्थ्यो भन्ने मलाई लाग्छ ।

अर्को कुरो, दोस्रो सुझाव म दिन चाहान्छु । यो बजेट कार्यान्वयनको सन्दर्भमा खासगरि तल्लो स्तरमा जुन जान्छन् बजेटहरु, विभिन्न क्षेत्रमा जनताहरुका लागि चाहिँ सवसिडिहरु भयो, अनि त्यस पछाडि किसानहरुलाई दिइने मल बिउ लगायतका विभिन्न क्षेत्रमा दिइने सहुलियतहरु भयो, अनि सहुलियत ऋणहरु भयो यी धेरै कुराहरुमा चाहिँ तल दिएको जुन पैसा छ त्यो पैसा दुरुपयोग हुने सम्भावना छ, योभन्दा अगाडि धेरै दुरुपयोग भएको छ । मैले यसभन्दा अगाडि पनि यहि संसदमा कुरा उठाएको थिएँ । त्यो दुरुपयोगलाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा ? अर्को कुरा बजेट कार्यान्वयनको सन्दर्भमा खर्च किन हुँदैन ? यसको गम्भीर समिक्षा हुनुपर्छ र गत फागुन मसान्तसम्मको रेकर्डलाई हेर्ने हो भनेदेखि हामीलाई एउटा पुस्तिका वितरण गरिएको थियो । त्यो पुस्तिकामा हेर्दाखेरि मैले यस अगाडि पनि भनेको थिएँ तीनटा ठुल्ठुला विकास निर्माणसँग सम्बन्धित मन्त्रालयको हेर्दाखेरि दुईटा मन्त्रालयको त ३० प्रतिशत पनि पुगेको छैन भने शहरी विकास मन्त्रालयको पनि ३७ प्रतिशत मात्रै खर्च भएको छ । यसबिचमा अब २/३ महिनामा त्यो खर्च हुनु पर्ने अवस्था हो । कोरोनाले पनि त्यो समस्या ल्यायो तर फागुनसम्म त कोरोना थिएन । त्यसकारणले गर्दा यो बजेट कार्यान्वयनको सन्दर्भमा चाहिँ तल-तल ठेकेदार र ब्यूरोक्रेशी दुवै मिलेर यसमा अनियमितता गरेको कारणले गर्दखेरि यो बजेट कार्यान्वयन हुन सकेको छैन र खर्च हुन सकेको छैन । मैले एउटा मात्रै उदाहरण भन्न चाहन्छु । मेरो जिल्लामा एउटा बाटोको ठेक्का लागेको थियो । गत वर्षकै कुरा हो । त्यो ठेक्का लागेको बाटो बनेन, किन बाटो बनेन भनेर हामीले त्यसमा चाँसो राखेर सोध्यौं, सोध्दाखेरि पैसा त गएको छ तर पैसा प्राप्त हुन सकेन । अनेक खालको बहाना गरेर त्यो पैसा निकासा हुँदैन । यो वर्षको हिजो, अस्ति मात्रै त्यो रकम विनियोजन भयो । कारण के रहेछ भने त्यहाँ कमिशनमा नमिलेको रहेछ । त्यहाँ दुईदेखि ४ प्रतिशत कमिशन चाहिँ पैसा चाहिँ त्यो साइनिङ्ग चार्ज भनेर पैसा लिने गरेको रहेछ । एक अर्बको बजेट छ भनेदेखि साइनिङ्ग चार्ज दुई प्रतिशत भयो भने दुई करोड भयो, ४ प्रतिशत भयो भने ४ करोड भयो । भनेपछि त्यो पैसा नमिलेको कारणले गर्दाखेरि हिजो, अस्ति मात्रै त्यो पैसा रिलिज हुने काम भयो । भनेसी एक वर्ष त्यतिकै बित्यो । त्यसकारणले गर्दा यस्तो सवालमा कसरी यस्तो कुरालाई कन्ट्रोल गर्ने भन्ने कुरामा ध्यान दिनु पर्छ । अन्य कुराहरू मेरा धेरै कुराहरू छैनन् । मन्त्रालय वाइज आएका बजेटहरू छन् । ती बजेटहरूलाई चाहिँ (समय सिद्धियो) व्यवस्थित ढङ्गले परिचालन गर्नुपर्छ । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी । समय १० मिनेट । यसपछि माननीय शान्ती कुमारी अधिकारी जि.सि. ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ माथिको छलफलमा म केही मन्त्रालयहरूको सम्बन्धमा आफ्नो भनाइ राख्न चाहन्छु । सर्वप्रथम म स्वास्थ्य मन्त्रालयको सम्बन्धमा आफ्नो भनाइ राख्छु । राष्ट्रिय प्राथमिकता प्राप्त स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा गर्ने गरी तहगत विनियोजन र जिम्मेवारी तोकी कार्यसञ्चालन गर्ने व्यवस्थालाई प्रणालीगत रूपमा अगाडि बढाइएको छ । स्वास्थ्य मन्त्रालयको यो strategy सकारात्मक छ । राष्ट्रिय बजेटमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लागि ९० अर्ब ६९ करोड १ लाख कूल बजेटको ६.१५ प्रतिशत बजेट विनियोजन भएको छ । जसमध्ये स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न संघको लागि सबभन्दा बढी ६६.९१ प्रतिशत, प्रदेशको लागि ५.०७ प्रतिशत र स्थानीय तहको लागि २८.०२ प्रतिशत मात्रै बजेट विनियोजन भएको छ । संघीयतालाई मजबुत बनाउन कम्तीमा ६० प्रतिशत, प्रदेश र स्थानीय तहमा ४० प्रतिशत मात्र केन्द्रमा बजेट राख्नु पर्थ्यो । तर केन्द्रीकृत मानसिकताले गर्दा प्रदेशहरूलाई कमजोर बनाउने षड्यन्त्र भएको छ । मानव विकास सूचकाङ्कमा पछि परेका प्रदेशहरूमा सबभन्दा बढी बजेट विनियोजन हुनु पर्थ्यो तर त्यो भएको छैन । गण्डकी प्रदेश बाहेक सबभन्दा कम बजेट प्रदेश दुईको लागि विनियोजन गरिएको छ । संघद्वारा सञ्चालित कार्यक्रम आयोजनामध्ये सबभन्दा बढी काठमाडौं, ललितपुर र भक्तपुरका हस्पिटलमाथि फोकस दिई बजेट विनियोजन भएको । मधेस स्थित हस्पिटलहरूको जर्जर अवस्था भएपनि माननीय स्वास्थ्य मन्त्रीज्यूको ध्यान नजानू, खेतजनक छ । सप्तरीको राजविराज स्थित गजेन्द्र नारायण स्वास्थ्य विज्ञान प्रतिठानको लागि बजेट विनियोजन नहुने मुख्य कारण मधेसी नेता स्वर्गीय गजेन्द्र नारायण सिंहको नाममा हस्पिटल हुनु हो । COVID-19 लाई मध्येनजर गरी सात वटै प्रदेशको हरेक परिवारबाट कम्तीमा एक जनाको पीसीआर टेष्ट गराउन, हरेक प्रदेशमा well equipped प्रयोगशाला निर्माण गर्न, चिकित्सा एवम् स्वास्थ्यकर्मीहरूको माग बमोजिम तलब भत्ता, जीवन बीमा एवम् अन्य स्वास्थ्य सम्बन्धी सामाग्री उपलब्ध गराउन, सुरक्षाकर्मीलाई प्रोत्साहन गर्न, क्वारेण्टाइन र आइसोलेसनलाई WHO को मापदण्ड अनुसार व्यवस्थित गर्न, विदेशमा समस्यामा परेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विधिवत नेपाल ल्याउन, राहत लगायतको व्यवस्थापन गर्न माननीय स्वास्थ्य मन्त्रीज्यूले कस्तो किसिमको रणनीति अपनाउनु भएको छ जान्न चाहन्छु ?

अब कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि कर्म गर्ने सबै नागरिकलाई न्यूनतम बचत प्रत्याभूत गरेर यस क्षेत्रमा श्रम र पूँजीको आकर्षण बढाउँदै, कृषिको संरक्षण र विकास गर्न संरक्षित कृषि, सुनिश्चित बचतको मार्ग दर्शनमा विभिन्न नीतिहरू अवलम्बन गरिने कुरा सकारात्मक छ । गत वर्ष कृषि क्षेत्रमा ३४ अर्ब र यसपालिको बजेट ४१ अर्ब

छुट्याएको छ । गत वर्षको तुलनामा ७ अर्ब बजेट मात्र बढी थपिएको छ । त्यसमध्ये संघ मार्फत् सञ्चालन गरिने कार्यक्रम, आयोजनामा चालूतर्फ सबभन्दा बढी २६ अर्ब १७ करोड ७४ लाख र पूँजीगततर्फ मात्र ३ अर्ब १५ करोड २ लाख गरी जम्मा २९ अर्ब ३२ करोड ७६ लाख बजेट विनियोजन भएको छ । प्रदेशमा विनियोजन भएको जम्मा बजेट २ अर्ब ६२ करोड ४९ लाख र स्थानीय तहमा विनियोजन भएको जम्मा बजेट ५ अर्ब ४४ करोड ९५ लाख मात्र देखिएको छ । यस क्षेत्रको बजेट विनियोजनले पनि संघीयतालाई धरापमा पार्ने रणनीति लिएको झल्किन्छ । प्रदेशका ६५ प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमै निर्भर रहे तापनि प्रदेश दुईको लागि मात्र १५.८९ प्रतिशत बजेट विनियोजन भएको छ, यो खेदजनक छ । संघ मार्फत् सञ्चालन गरिने कार्यक्रम आयोजनामा पनि काठमाडौं, ललितपुर र भक्तपुरले नै प्रथम प्राथमिकता पाएको । मधेशलाई लिष्ट फोकस प्रोभिन्समा माननीय मन्त्रीज्यूले राख्नु भएको कुरा विनियोजित बजेटले प्रमाणित गरेको छ । गत वर्षको वर्षायाममा प्रदेश दुईमा बाढी प्रकोपले गर्दा कृषि क्षेत्रमा वास्तविक कृषक दाजुभाइहरूलाई ठूलो क्षति व्यहोर्नु परेको हुँदा यसपालिको बजेटले सो क्षतिपूर्तिको लागि र आगामी वर्षायाममा बाढी प्रकोपबाट बच्न कस्तो किसिमको दीर्घकालीन रोकथामको लागि विषेश प्याकेज ल्याउने रणनीति लिएको छ ? माननीयज्यूसँग सोधन चाहन्छु ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयः यस मन्त्रालयले शिक्षा, विज्ञान तथा प्रविधिको विकास मार्फत् देशको आर्थिक, सामाजिक रुपान्तरण गरिने दीर्घकालीन सोच लिएको कुरा सकारात्मक छ । यस मन्त्रालयको कार्यक्रम कार्यन्वयन गर्न रु. १ खर्ब ७१ अर्ब ७१ करोड बजेट विनियोजन भएको छ । यस मन्त्रालयको विनियोजित बजेटले पनि प्रदेश र स्थानीय तहलाई इग्नोर गरेको छ । देशको आर्थिक, सामाजिक रुपान्तरणको लागि शिक्षा र स्वास्थ्य सेवा निःशुल्क हुनुपर्छ । देशभरिको हरेक विद्यालयमा टेक्निकल र भोकेस्नल एजुकेशनको पहुँच नभएको । अस्थायी शिक्षकलाई फालेर आफ्नो पार्टीको मान्छेलाई शिक्षकमा भर्ती गर्ने षड्यन्त्र यस मन्त्रालयको विनियोजित बजेटबाट स्पष्ट हुन्छ । राष्ट्रपति र प्रधानमन्त्रीले खुट्टा टेकेको ठाउँमा मन्त्रालयहरूले बढी रकम विनियोजन गर्नुको मुख्य उद्देश्य सत्ताधारी पार्टीको मान्छेलाई पाल्नु हो । निजी विद्यालयलाई सार्वजनिक विद्यालयको जिम्मा दिएर माननीय शिक्षा मन्त्रीज्यूले सरकारी शिक्षक एवम् प्रध्यानाध्यापकहरूको ठूलो अपमान गर्नु भएको छ । सरकारी विद्यालयमाथि निजी विद्यालयले Policy लाद्ने वातावरण बनेको हुँदा यस विनियोजित बजेटलाई समाजवाद उन्मुख भन्न सकिँदैन । यो प्रस्ताव शिक्षा मन्त्रालयको होइन भनेर माननीय मन्त्रीज्यूले प्रेस विज्ञप्ति निकाल्नु भएको हुँदा शिक्षा सम्बन्धी यो प्रस्ताव कसरी आयो ? जान्न चाहन्छु ।

गृह मन्त्रालयः निर्मला हत्या काण्ड, सुन काण्ड, वाइडबडी काण्ड र ललिता निवास जग्गा प्रकरण, नेपाल ट्रष्ट जग्गा प्रकरण लगायतका भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । यस्ता किसिमका समस्या समाधान गर्न यस मन्त्रालय अन्तर्गत भएको विनियोजित बजेटले कस्तो भूमिका निर्वाह गर्ने छ ? अपराधीलाई कानूनी दायरामा ल्याउन सकिन्छ कि सकिँदैन ? जान्न चाहन्छु ।

प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत अनावश्यक खर्चहरूका लागि पनि बजेट विनियोजन गरिएको हुँदा सो बजेट कटौती गरी COVID-19 रोकथामको लागि विनियोजन गर्नु जरुरी छ ।

राष्ट्रपति कार्यालयः राष्ट्रपति कार्यालयको लागि गत अर्थिक वर्षमा २७ करोड ७२ लाख ५२ हजार बजेट विनियोजन भएको । यसपालि घटेर १६ करोड २१ लाख बजेट विनियोजन भएको छ । यसपालि घटेको ११ करोड ५१ लाख पूँजीगत नभएर प्रशासनिक खर्च भएको भए राष्ट्रको हक हित हुन्थ्यो । प्रशासनिक खर्च मात्रै १ करोड ३८ लाख ५२ हजार घटेको छ । पानी तथा बिजुलीको मात्र दुई करोड ९ लाख, अन्य सेवा शुल्क १ करोड २७ लाख लगायत अन्य सुविधा, अन्य भत्ता, इन्धन पदाधिकारी, इन्धन अन्य प्रयोजन धेरै अन्यहरू छन् । विविध खर्च जस्ता धेरै नै फजुल खर्चमा बजेट विनियोजन गरिएको देखिन्छ ।

राष्ट्रिय योजना आयोगको सचिवालयः आगामी आर्थिक वर्षको योजना बनाउँदा human development index मा पछि परेका प्रदेश र समुदायको हक हितलाई मध्ये नजर गरी समानुपातिक, समावेशीको सिद्धान्त अनुसार यसपालिको बजेट विनियोजन गर्नु भएको छ कि छैन ? म जान्न चाहन्छु । English मा एउटा Proverb छ, empty vessel sound much यो बजेट मधेसको लागि empty vessel जस्तै छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय शान्ती कुमारी अधिकारी जि.सि. । समय ७ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय श्री शान्ती कुमारी अधिकारी जि.सि. (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक प्रतिनिधि सभाबाट पारित भई यस राष्ट्रिय सभामा आएकोमा यस विनियोजन विधेयकप्रति म स्वागत, सम्मान र समर्थन गर्दछु । साथै सुधारको लागि केही सुझाब पनि दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिला स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ आफ्ना केही भनाइ राख्न चाहन्छु । स्वास्थ्य क्षेत्रमा छुट्याइएको बजेट सबै राम्रो छ तर यो बजेट आलोचना नआउने किसिमले बजेट कार्यान्वयन होस् भन्न चाहन्छु र सुधारको लागि केही सुझाबहरू पनि दिन चाहन्छु । चिकित्सकको लागि निःशुल्क बीमा रु. ५ लाख थोरै भयो । त्यो बृद्धि गरियोस् भन्न चाहन्छु । साथै सुरक्षाकर्मी र सञ्चारकर्मीको लागि पनि निःशुल्क बीमा गरियोस् भन्न चाहन्छु । मृगौला रोगीको लागि प्रत्येक जिल्ला सदरमुकाममा ५ शैयाको डायलोसिस् सेण्टर स्थापना गरियोस् भन्दै स्वास्थ्य मन्त्रीज्यूको ध्यानाकर्षण गर्न पनि चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म अब शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ आफ्नो भनाइ राख्न चाहन्छु । मानव समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक रूपले रुपान्तरण गर्ने शक्ति भनेको मानव पूँजी हो । त्यसैले मानव उपयोगी जीवन शिक्षा आजको आवश्यकता हो । आजसम्म हाम्रो शिक्षा बेराजगार उत्पादन गर्ने फ्याक्ट्रीको रूपमा भयो । त्यसैले अबको शिक्षा व्यवसायिक, प्राविधिक शिक्षामा जोड दिने किसिमले यो बजेट आएको छ । हरेक स्थानीय तहमा व्यवसायिक र प्राविधिक शिक्षामा बजेट छुट्याइएको छ । यसका लागि धन्यवाद दिन चाहन्छु । साथै गरिब, विपन्न, अपाङ्ग नागरिक तथा बालबालिका, शहिदका छोराछोरी समेतलाई मुलुकभर छात्रवृत्ति दिने किसिमले २६ लाख छात्रछात्रालाई २ अर्ब ७० करोड बजेट विनियोजन गरिएको छ । विद्यार्थीलाई विद्यायलमा टिकाउन सबै जिल्लामा ५ कक्षासम्मका विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ । माध्यामिक तहसम्म निःशुल्क शिक्षा, निःशुल्क पुस्तक र छात्राको लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । तर निजी विद्यालयले सामुदायिक विद्यालयलाई रेखदेख गर्ने कुरा, ६ हजार स्वास्थ्य स्वयंसेविका परिचालन गर्ने कुराले विवाद सिर्जना गरेको छ । विवादित कुरामा सरकारको स्पष्ट धारणा रहोस् भन्न चाहन्छु । साथै ६ हजार स्वयंसेवक शिक्षक होइन, दरबन्दी कायम गरी प्रतिस्पर्धात्मक विधिबाट अङ्ग्रेजी, गणित, नेपाली र विज्ञानका योग्य शिक्षक नियुक्ति गरियोस् भन्दै अध्यक्षज्यू मार्फत् शिक्षा मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । बाल शिक्षाका सहजकर्ताको लागि ६ हजार तलब अत्यन्त न्यून भयो । महिला मात्र सहजकर्ता भएर हो कि ? श्रम शोषण भएको पाइयो । त्यसैले सहजकर्ताको तलब बृद्धि गरियोस् भन्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब म उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयतर्फ आफ्नो ध्यानाकर्षण गर्न चाहन्छु । "नेपालको पानी जनताको लगानी" अभियानलाई आगामी आर्थिक वर्षमा माथिल्लो अरुण, किमाङ्थाङ्का अरुण, खुरकोट कर्णाली, तामाकोशी, चैनपुर, सेती जगदुल्ला जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि बढाइने । बुढी गण्डकी र पश्चिम सेती कर्णाली, चिसापानी, नालागाड, उत्तर गङ्गा, आँधिखोला, नौमुरे बहुउद्देश्य आयोजनाको लगानी ढाँचा यकिन गरी कार्यान्वयन गरिने भनिएको छ । यो राम्रो पक्ष हो । आर्थिक वर्ष ०७५/७६ देखि उत्तरगङ्गा जलाशययुक्त आयोजना सञ्चालन गर्ने भनियो तर त्यसको नाम मात्र आइरहन्छ । ३ वर्ष सुरु भयो तर अझ पनि यसको डीपीआर तयार हुन सकेको छैन । त्यसैले उत्तरगङ्गा जलाशय युक्त आयोजनाको डीपीआर गर्न ध्यान दियोस् भनेर ध्यानाकर्षण गर्न चाहन्छु । गरिब, विपन्न परिवारलाई विद्युत जडान गर्दा निःशुल्क कनेक्सन सुविधा दिइने व्यवस्था मिलाइने कुरा, विद्युत नपुगेका हिमाल र पहाडी क्षेत्रमा ९७ स्थानमा २०० वटा सौर्य मनिग्रिड गरी विद्युतीकरण गर्ने कुरा । तराइ मधेशका जिल्लामा ५० हजार वायो ग्यास प्लान्ट जडान गरी नवीकरणीय उर्जामा जोड दिने कुरा । विभिन्न आयोजनाबाट १ हजार ३ साय मेघावाट विद्युत राष्ट्रिय प्रसारण लाइनमा थपिने कुरा । यी असाध्यै राम्रा कुरा हुन् । आगामी वर्ष सबै क्षेत्रका विद्युतको माग पूरा गर्दै विद्युतीय निर्यातमा जोड दिने भनिएको छ । तर विद्युत निर्यात गरेरभन्दा विद्युत खपतमा जोड दिए राष्ट्रको आम्दानी बृद्धि हुने थियो । जनताको लागि पनि सहुलियत हुने थियो । त्यसैले

विद्युतीय गाडी खरिदमा भन्सार छुट गर्नको लागि इण्डक्सन चुलो खरिद गर्न, विद्युतबाट चल्ने उद्योग सञ्चालन गर्न पनि सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । साथै यो विद्युतको उपयोगले वातावरण संरक्षण हुने थियो । साथै ग्याँस, पेट्रोल र डिजेल आयातमा कम हुने थियो । राष्ट्रले इन्धन खरिदमा अरबौं घाटा व्यहोर्नु पर्ने थिएन । समृद्ध तराइ मधेशका लागि सिँचाइ विशेष कार्यक्रम अन्तर्गत आगामी वर्ष तराइ र भित्रि मधेसका लागि ५ हजार स्यालो टुबेल तथा २४७ टुबेल जडान गरी २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य लिएको छ । साथै राष्ट्रिय गौरबका सिँचाइ आयोजनाहरू रानी जमरा, गुलेरिया लगायत थुप्रै आयोजनाहरू छन् । ती आयोजनाहरू आफ्नो कार्यकालमा सम्पन्न गर्न मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । साथै मेलम्ची खानेपानी जस्तो सबै उदाहरण दिने, आलोचना चाहिँ बन्न नपरोस् भन्न चाहन्छु ।

अब म उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयतर्फ आफ्नो भनाइ राख्न चाहन्छु । स्वदेशी वस्तुको उपभोग गर्न र आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न कपास, रेशम, ऊन, बाँस, केरा, अल्लो तथा वनस्पतिजन्य धागो उत्पादन र स्वदेशी कपडा उद्योगलाई प्रोत्साहन गरिने भनिएको छ । राष्ट्रको कोषबाट खर्च गरिने व्यहोरिने सुरक्षाकर्मी लगायत राष्ट्रसेवकको पोशाक, जुत्ता र अन्य उपभोग्य सामाग्री उत्पादनको व्यवस्था मिलाइने भनिएको छ । राष्ट्रसेवक सबै कर्मचारी लगायत सबै सार्वजनिक पद धारण गर्ने सबै जनप्रतिनिधिलाई समेत नेपालमा बनेका कपडा, पोशाक र जुत्ता अनिवार्य गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । साथै हेटौडा कपडा उद्योग, बाँसबारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना, विरगञ्ज चिनी कारखाना, बुटवल धागो कारखाना सञ्चालन गर्न र बन्द भएका गारमेण्टहरू सञ्चालन गर्न पनि नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब म कृषि तथा पशुपन्छी मन्त्रालयतर्फ आफ्नो ध्यान आकर्षण गर्न चाहन्छु । आगामी वर्ष नेपाललाई माछा, मासु, दुध र अण्डामा आत्मनिर्भर नेपाल बनाउने लक्ष्य लिएको छ । यो राम्रो पक्ष हो । तर उत्पादित बस्तु, बिक्री बितरण र भण्डारमा सरकारको ध्यान जान सकेको छैन । पावर र पहुँचका आधारमा पशुपन्छी पालक व्यवसायले अनुदान पाउछन् । गरिब निवारण हुने किसिमले वास्तबिक किसानले अनुदान व्यवस्था गरिएको छैन । त्यसैले वास्तबिक किसानले चाहिँ अनुदान पाउने व्यवस्था गरियोस् भन्न चाहन्छु । उन्नत जातका नश्ल सुधार, कोषहरूको बीच सजिलैसँग पाउने व्यवस्था गरियोस् भन्न चाहन्छु ।

साथै अब म संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयतर्फ आफ्ना केही भनाइ राख्न चाहन्छु । एक प्रदेश एक पूर्वाधार विकास गर्ने, एक प्रदेश एक पर्यटकीय गन्तव्य अवधारणा अनुरूप सबै प्रदेशमा ठुलो पर्यटकीय पूर्वाधार विकास गरिने बजेटले उद्घोष गरेको छ । तर कुन प्रदेशमा कुन खालको उद्योग सञ्चालन गर्ने, कुन खालको पर्यटन, कुन ठाउँमा पर्यटन सञ्चालन गर्ने भनेर तोकिएको छैन । त्यो तोकिने काम गरियोस् । साथै हिमाली तथा पहाडी क्षेत्रमा पर्यटन सम्भावना पहिचान गरी पर्यटन

आकर्षण गर्न मौलिक संस्कृतिको विकास गर्न, प्रवर्द्धन गर्न, पर्यटन पूर्वाधारका लागि १ अर्ब २६ करोड बजेट विनियोजन गर्ने भनेको छ । पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धानको लागि पर्यटन विश्वविद्यालय स्थापना गर्न सम्भाव्य अध्ययन गर्ने भनिएको छ । यो राम्रो पक्ष हो । सम्माननीय अध्यक्ष महोदय, ढोरपाटन क्षेत्रलाई २०७५ साल बैशाख १ गते प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट पर्यटकीय क्षेत्रको रूपमा घोषणा गर्नु भयो । ढिलै भए पनि प्रधानमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । तर यो क्षेत्रको पर्यटन विकासको लागि एकदम न्यून बजेट छुट्याइयो । करिब जम्मा ७ लाखले के विकास हुन्छ । कुनै नगरपालिकालाई ३१ लाखसम्मको बजेट विनियोजन गरिएको छ भने ढोरपाटन क्षेत्र विकासको लागि जम्मा ७ लाख बजेट विनियोजन गरिएको छ । पावर र पहुँचको आधारमा बजेट विनियोजन गरिनु भएन । समान किसिमले बजेट विनियोजन गरियोस् भन्न चाहन्छु । आगामी आर्थिक वर्षमा गौतम बुद्ध विमानस्थल सम्पन्न गर्ने कुरा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बुटिक निर्माणको रूपमा सञ्चालन गर्ने कुरा यस बजेटले उल्लेख गरेको छ । यी सबै राम्रा पक्ष हुन् । यसका लागि पनि धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, रक्षा मन्त्रालय सीमा सुरक्षा गर्न, सीमानामा हुने अपराधिक गतिविधि रोक्न, तस्करी नियन्त्रण गर्न, सशस्त्र प्रहरी बलको ३९ बोर्डर आउट पोष्ट स्थापना गर्ने भनेको छ । अध्यागमन प्रणाली, सूचना प्रणालीमा प्रविधिमा जोड दिने किसिमले बजेट विनियोजन गरिएको छ । नेपाली सेनालाई बङ्करबाट ब्यारेकमा सार्ने कुरा । निर्माणाधीन कारोबासलाई सम्पन्न गर्ने कुरा (माननीय समय सिद्धिन लाग्यो, टुङ्ग्याउनु होला) यसका लागि रक्षा मन्त्रालयलाई पनि धन्यवाद दिन चाहन्छु ।

साथै अब गृह मन्त्रालयतर्फ अपराधीहरूलाई निष्पक्ष छानबिन गरी अपराधीलाई कडाभन्दा कडा कारबाही ................( समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा (पार्वती) । समय ७ मिनेट । यसपछि माननीय गंगा कुमारी वेल्वासे ।

**माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ को विभिन्न मन्त्रालय अन्तर्गत विनियोजन विधेयक शीर्षकहरूमाथिको यो महत्वपूर्ण छलफलमा म आफ्ना सुझावहरू सम्मानित सदनमा प्रस्तुत गर्न चाहन्छु । मुलुक नयाँ मार्गमा प्रवेश गरेको केही वर्ष मात्र भएको छ । संघीयता हाम्रो लागि एकदमै नवीन अभ्यास हो । संघीयता कार्यान्वयनमा चुनौतिपूर्ण पनि छ । मुलुकका राजनीतिक दलहरूको सम्झौतामा समझदारीको दस्तावेज स्वरूप नयाँ संविधानलाई कार्यान्वन गर्ने वातावरण बनाउन सबै राजनीतिक दलहरू र नेताहरूको कर्तव्य हो । जसरी राष्ट्रियताको सवालमा संसदभित्र सबै दलहरूको एकता र सहमति भएको छ । त्यस्तै गरेर देश विकासलाई तीव्रता दिन दलहरू र

नेताहरूको बीचमा एकता र समभदारी जरुरी छ । संसारभर अर्थ व्यवस्था अहिले सङ्कटमा गुज्रिरहेको छ । कोभिड-१९ को महामारीबाट संसारभर ठुलो मनोबैज्ञानिक त्रास मडारिरहेको अवस्था छ । विश्वमा व्यापक मानवीय र आर्थिक क्षति भएको छ । यो महामारी र सङ्कटले विश्वका राजनीतिक व्यवस्था, विकासका सिद्धान्त, माननवीय आवश्यकता र प्राथमिकता, जनताप्रति राज्यको भूमिका आदि महत्वपूर्ण विषयहरूमा पुनः परिभाषित गर्नु पर्ने स्थिति सिर्जना भएको छ । यस्तो गम्भीर अवस्थामा नेपाल सरकारले ल्याएको बजेट, वार्षीय विकास कार्यक्रम अत्यन्तै महत्वपूर्ण रहेको छ । म यसलाई स्वागत र समर्थन गर्दछु । बजेट विनियोजन र विकासका कुराहरू गरिरहँदा कैयौं सुधार र परिवर्तन भएका छन् । अभै पनि विगतका परम्पराहरू तोड्न नसकेका उदाहरणहरू पनि छन् । हामी किन तीनै तहमा नमूना विकास परियोजना बैङ्क बनाउन सक्दैनौं । किन अहिले पनि केही लाखका योजनाहरू संघबाट वितरण गर्छौं । किन अभै पनि आवश्यकताभन्दा बाहिर गएर व्यक्तिगत प्रभाव, कर्मचारीको प्रभाव, पहुँचमा हाबी हुन्छ ? किन कानून बनाउने निर्वाचित जनप्रतिनिधि विकास योजना बाँड्न हुरुक्क हुन्छौं ? म स्पष्टताका साथ भन्न सक्छु । चाहे कर्मचारीतन्त्र होस्, चाहे हामी जनप्रतिनिधि वा जनताका केही पङ्त्ति समेत बिचलनमा आएको छ । हामी सबै सुध्रन, सच्चिन जरुरी छ । हामी जिम्मेवारीमा रहेका कर्मचारी वा जनप्रतिनिधिहरू धमिरा होइन, कमिला बनेर अगाडि बढ्न जरुरी छ । म देश निर्माणमा जुट्नको लागि आग्रह गर्न चाहन्छु । राष्ट्रिय र स्थानीय आवश्यकताहरू के हो ? त्यस अनुसार कार्य सम्पादन गर्न सकेमा मात्र हामी हाम्रो गन्तव्यमा पुग्न सक्छौं । हाम्रो राष्ट्रिय आकाङ्क्षा “सुखी नेपाली र समृद्ध नेपाल” निर्माण गर्न सक्छौं । म आग्रह गर्न चाहन्छु । सबैले बेलैमा सोचौं आवधिक विकासका बारेमा हामीसँग गरिब ६४/६५ वर्षको अनुभव छ । त्यसको नलेज प्रोडक्ट निकाली आगामी मार्ग तय गर्न उपयुक्त हुने छ भन्ने मलाई लाग्छ । शिक्षामा सरकारले केही बजेट थप गरेको छ । यो सकारात्मक छ । नियतमा सङ्का गर्ने ठाउँ छैन । तर शिक्षा क्षेत्रमा पूर्ण रूपमा योजनावद्ध तरिकाले परिमार्जन गर्न जरुरी छ । हाम्रो शिक्षाले समाजमा रहेको सामाजिक असहमानता हटाउनु पर्ने थियो । हामीले विद्यार्थीहरूलाई स्वास्थ्य सेवा, विद्यालयमा खाजा, मनोपरामर्श, व्यक्तिगत मार्ग दर्शन गर्न नसक्नाले हामीले खोजेको जस्तो शैक्षिक उपलब्धि हासिल गर्न सकिएको छैन । जुन कुरा अरु देशले गरिरहेका छन् । यसतर्फ ध्यान दिन म आग्रह गर्न चाहन्छु । शिशु कक्षालाई विद्यालय शिक्षाभित्र समेट्नु ज्यादै सकारात्मक छ तर शिशु शिक्षकहरूलाई न्यूनतम पारिश्रमिकको व्यवस्था गरिएको छैन । विद्यालयका कर्मचारीलाई न्यूनतम पारिश्रमिक पाएका छैनन् । ३६ हजारभन्दा बढी राहत शिक्षकहरूको व्यवस्थापनको समस्या तत्काल हल गरिनु पर्छ । संघीय शिक्षा ऐन नहुँदा प्रदेश र स्थानीय तहले शिक्षा ऐन निर्माण गर्न पाएका छैनन् । शिक्षा क्षेत्रमा नीतिगत र व्यवहारिक समस्या समाधान गर्न छिटोभन्दा छिटो संघीय शिक्षा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन म सम्माननीय अध्यक्षज्यू मार्फत् नेपाल सरकार शिक्षा मन्त्रीज्यूप्रति विशेष ध्यानाकर्षण गराउन चाहन्छु । हाल सञ्चालनमा रहेका र भएका विश्वविद्यालयहरूको अवस्था नाजुक छ । तिनलाई सुधार्न हाम्रो आवश्यकता परिपूर्ति गर्न सक्ने बनाउन जरुरी छ । लामो समयदेखि रिक्त रहेका विश्वविद्यालयका पदाधिकारीहरू तत्काल नियुक्तिको व्यवस्था मिलाउन माग गर्छु । प्रदेश स्तरमा विश्वविद्यालय खोल्ने

होडबाजी चल्न थालेको हो कि भन्ने अनुभूति भएको छ । ठोस उद्देश्य र योजनाबिना खोलिएका संस्थाहरू दीर्घकाल पर्यन्त मुलुकलाई बोझ हुन सक्छ । त्रिभुव विश्वद्यालय र कृषि वन विश्वविद्यालयको सम्पत्ति स्वामित्व हस्तान्तरण सर्वोच्च अदालतमा वहसको विषय बनेको छ । यी दुबै राज्यका सम्पत्ति हुन् तर आज दाजुभाइको बीचमा पैतृक व्यक्तिगत सम्पत्ति अंश बण्डा जस्तो परिस्थिति बनेको छ । यो सुखद् र राम्रो पक्ष होइन । त्यसैले त्यसतर्फ ध्यान जान म आग्रह गर्न चाहन्छु । संघीय सरकारले छलफल चलाओस् । शिक्षा क्षेत्रमा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्नका लागि हाम्रो योजना र लगानी कम भएको छ । यसका लगानी अभिबृद्धि गर्न म आग्रह गर्न चाहन्छु । विश्वस्तरमा शिक्षा प्रदान गर्न सक्ने विश्वविद्यालय हाम्रो आजको आवश्यकता हो । स्वयंसेवक शिक्षक परिचालन काम धेरै राम्रो छ । तर यसलाई तत्काल कार्यविधि बनाएर प्रभावकारी कार्यान्वयनमा जोड दिन म आग्रह गर्न चाहन्छु । न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा शिशु शिक्षाको व्यवस्था गर्न श्रम ऐनले व्यवस्था गरेको न्यूनतम पारिश्रमिक लागू गर्न तत्काल शिक्षा मन्त्रालय अन्य शीर्षकबाट व्यवस्था गरेर भएपनि शिशु शिक्षक र विद्यालयमा कार्यरत कर्मचरीहरूको श्रम ऐन अनुसारको न्यूनतम पारिश्रमिकको व्यवस्था आगामी साउन १ गतेबाटै लागू गर्न व्यवस्था मिलाउन म हार्दिक अनुरोध गर्न चाहन्छु ।

दैनिक तथ्याङ्क हेर्दा कोरोना भाइरस सङ्क्रमण अझै फैलन सक्ने अनुमान गर्न सकिन्छ । अझै ठुलो-ठुलो महामारी भएमा हाम्रो प्राविधिक र भौतिक पूर्वाधार, स्वास्थ्यका जनशक्तिको कमाण्ड र कार्यविधि विन्यास साथै औषधि र स्वास्थ्य सामाग्रीको पर्याप्त व्यवस्थापन गरियोस् । स्वदेश तथा विदेशमा सरकारी वा निजी खर्चमा बढेका internship गरिरहेका चिकित्सहरूलाई स्वदेशमा यथाशीघ्र ल्याउने व्यवस्था मिलाइयोस् र काममा लगाउने कार्य होस् । म आग्रह गर्न चाहन्छु । स्वास्थ्य बीमा कार्यक्रमलाई साउन १ गतेबाटै सबै जिल्लामा प्रभावकारी रूपमा लागू गरियोस् । महामारी, प्राकृतिक प्रकोप, सरुवा रोग, नसर्ने तर धेरै गम्भीर प्रभाव पार्ने रोगहरूलाईसमेत ख्याल गरी सेवा र गुणस्तरीयता जनशक्तिलाई समेत ख्याल गर्दा केही समयका लागि जिल्ला अस्पतालसम्म संघीय सरकार मातहत र गाउँपालिका र नागरपालिकाका अस्पतालहरूलाई प्रदेश मार्फत् सञ्चालन गर्ने उपयुक्त हुने देखिन्छ । म यसतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । राष्ट्रिय चिकित्सा शिक्षा आयोगलाई थप व्यवस्थित बनाउन र जनशक्ति प्रदान गर्न माग गर्छु ।

कोरोना भाइरसको कारण पर्यटन क्षेत्रमा गम्भीर समस्या उत्पन्न भएको छ । कैयौं व्यवसायीहरू आर्थिक समस्यामा परेका छन् । यो क्षेत्रलाई वैकल्पिक योजना सहितको प्याकेज ल्याउनका निम्ति पनि म आग्रह गर्न चाहन्छु । साधन, जनसङ्ख्या, क्षमता हुँदाहुँदै पनि नेपाल वायुसेवा निगमले गति लिन नसकेको अनुभव भएको छ । यस्तो बेलामा विस्तृत वैकल्पिक व्यवसायी योजना किन बनेन ? विदेशमा रहेका नेपालीहरूको सामान्य नाफा लिएर किन ल्याउन पहल भएन ? हप्तामा ३ पटक सम्म चार्टर फ्लाइटको भाडा घटबढ किन भयो ? यो आम प्रश्न उठेको छ । किन प्लेनहरू रित्तै फर्किरहेका छन् ? यसतर्फ सरकारले सकारात्मक सशक्त सकारात्मक हस्तक्षेपको जरुरी छ । देश जनता र संस्थाको हितको लागि निर्ममताका साथ योजना कार्यान्वयन होस् म माग गर्न चाहन्छु । मठ, मन्दिर,

गुम्बा, मस्जित, चर्चलाई भौतिक पूर्वाधार र संरचनाका लागि अनुदान दिन थालेको धेरै समय भयो । तर हाम्रो समाज, हाम्रो युवा कता उन्मुख भएका छन्, ध्यान पुऱ्याउन जरुरी छ । असहिसुष्ण, अराजक र हिंसक पनि हुँदैछन् । युवाहरूमा केही अनुशासन भङ्ग हुँदा विजय भएको अनुभूति हुने गरेको देखिन्छ । त्यसैले समाज र मुलुकको ऐन हाम्रो संस्कृति हो । खराब र विकृत संस्कृतिको अन्त्य गर्न असल संस्कृतिको निर्माण गर्न नैतिकवान नागरिक निर्माण गर्नको लागि राज्यले विशेष ध्यान दिनको लागि म आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, केही समय थपको लागि म आग्रह गर्दै कृषितर्फ केही कुरा भन्न चाहन्छु । हरेक वर्ष उत्पाद बृद्धि गर्न रासायनिक मल समयमै उपलब्धताका बारेमा बजेट किटानी गरिन्छ तर प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । रासायनिक मललाई दिने अनुदान सहित प्राङ्गारिक मललाई दिइयोस् । यो फोहोरबाट उत्पादन हुने प्राङ्गारिक मललाई अनुदानको व्यवस्था गरियोस् । उत्पादनका लागि कृषि पकेट क्षेत्रहरू तोकियोस् । यथेष्ट बजेट विनियोजन गरियोस् । कृषि बजार, उत्पादन, व्यवस्थापनपूर्व नै मूल्य निर्धारण गर्ने, स्थानीय सरकार मार्फत् भण्डार र खरिदको व्यवस्था गर्ने व्यवस्था मिलाइयोस् । जग्गामा खास कृषकको पहुँच पुऱ्याउनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइयोस् । कृषि उपज आत्मनिर्भरताका लागि राष्ट्रवादी कृषक बैज्ञानिकहरूको लागि पुरस्कारको व्यवस्था गरियोस् । जस्तै नयाँ प्रविधिको उपभोग गर्न सकियोस् । रैथाने बिउ बिजको संरक्षण, उत्पादनमा थप रकमको व्यवस्था गर्न माग गर्दछु । किसानहरूको पसिनाको मूल्य पाउनु पर्छ । नेपाली किसानहरूको स्वास्थ्य लगायत सुलभ तरिकाको ऋण र अनुदानको व्यवस्थाको लागि म आग्रह गर्न चाहन्छु । औद्योगिक क्षेत्र सञ्चालनमा समस्याहरू पनि छन् । व्यापक अपचलन भएका पनि सुनिएको छ । विस्तृत कार्ययोजना तयार पारी लागू गरियोस् । उद्योग सञ्चालनमा देशभित्रैबाट आवश्यक उर्जा प्राप्त हुने स्थिति रहेकोले व्यापक रोजगारी सिर्जना गर्न उद्योगहरूलाई निश्चित समयका लागि निशुल्क वा छुटको व्यवस्था मिलाइयोस् । यसले गर्दा अन्तर्राष्ट्रिय लगानीमा अभिवृद्धि हुन जाने मलाई विश्वास छ । साना-तथा घरेलु उद्योगको क्षेत्रमा व्यापक लगानीको बढाइ, हरेक बेरोजगार महिलालाई कमसेकम एउटा सिप सिकाउने व्यवस्था गरौं । जसले महिला स्वास्थ्य, शिक्षा र आम्दानीमा ठुलो महत्व राख्छ । महिला सशक्त हुने छन् र सम्पत्तिमा महिलाहरूको पहुँच पुग्ने छ । जसले गर्दा सुखी, शान्त र सभ्य समाज निर्माण हुनेछ । बजेट व्यवस्थापन गरी व्यापक अभियान सञ्चालन गर्नको लागि पनि म सरकारसँग अनुरोध गर्छु ।

सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ का विभिन्न मन्त्रालय अन्तर्गतका शीर्षकहरूको बजेट प्रभावकारी कार्यान्वयनको लागि अन्तरमन्त्रालय, अन्तरनिकाय, अन्तरराज्य संरक्षणको विशेष प्रभावकारी र व्यवस्थित समन्वयनको निम्ति व्यवस्था मिलाउनको लागि म सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय गंगा कुमारी वेल्वासे । समय ७ मिनेट । यसपछि माननीय राम नारायण विडारी ।

**माननीय श्री गंगा कुमारी वेल्वासे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, क्वारेण्टाइनमा बसेकी महिलामाथि बलात्कारको जुन घटना भएको छ । दोषीलाई पक्रिएको छ । यो सुन्दा असाध्यै दुःख लागेको छ र यस्तो घटनामा संलग्न हुने अपराधीलाई हदैसम्मको कारबाही होस् भन्ने माग गर्न चाहन्छु । यसैगरि पर्वतमा गएको पहिरोले ८ जनाको मृत्यु भएकोमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । आफन्तहरूलाई राहतको व्यवस्था होस् भन्ने कुरा माग गर्न चाहन्छु । यसैगरेर आज सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभाबाट सुझाब सहित विनियोजन भएको विधेयकमाथि जुन हामी मन्त्रालयगत छलफलमा आइरहेका छौं । यो अवस्थामा छलफलभन्दा पनि अलि अगाडि सुझाबहरू राख्न पाएको भए अझै राम्रो र व्यवस्थित हुन्थ्यो होला जस्तो लाग्दछ । यो सिस्टम कहिलेसम्म यसरी चल्ने हो ? यही सिस्टममा हामी चलिराखेका छौं । यतिखेर आएर छलफल गर्दाखेरि त्यति राम्रो र उपयुक्त भए जस्तो मलाई लागेको छैन । यतिखेर हाम्रो सीमानामाको हाम्रो छुटेको भूगोललाई जसरी समेट्न सकेका छौं । यसलाई समेट्दाखेरि दुई देशका बीचमा विवादहरू जस्तो देखापरेको छ । यो सामान्य हो तर विवादमा तानिन खोजिएको छ । यतिबेला परराष्ट्र मन्त्रीले आफ्नो कार्यदक्षता देखाउने यो अवसर हो र त्यो ढङ्गले उहाँ अगाडि बढ्नु पर्छ भन्ने मलाई लागेको छ । मैले उहाँको मन्त्रालयबाट विनियोजन भएको विधेयक, योजना हातमा परेको रहेनछ ।

त्यसैगरेर यो रक्षाको कुरा गर्दाखेरि पनि हामीसँग जनमुक्ति सेनालाई गाभेर एउटा राष्ट्रिय सेना बनायौं भन्दाखेरि सेना बढी भयो भनेर आवाजहरू उठिराखेको थियो । तर हामीसँग सेना छ तर छ कि छैन भने जस्तो देखिराखेको छ । कुन ठाउँमा उपयुक्त हुन्छ ? कुन ढङ्गको जिम्मेवारी दिनु आवश्यक छ । त्यो ढङ्गले सेनाको परराष्ट्रले व्यवस्था गरोस् भन्ने माग गर्न चाहन्छु । यस्तै गरेर मन्त्रालयगत जुन विधेयकहरू आएका छन् । यो विनियोजनहरू भएको छ । त्यो ढङ्गले हेर्दाखेरि कृषिलाई अहिले अलिकति परिवर्तन गर्न खोजिएकै छ । तर अझै ठिक ढङ्गले, अझै व्यवस्थित ढङ्गले गर्न सकिएको छैन । यसरी फर्केर आउने जुन नेपालीहरू हुनुहुन्छ । एउटा उमेर समूहको युवाहरू हुनुहुन्छ । उहाँहरूलाईलाई व्यवस्थित ढङ्गले रोजगारीमा लगाउनको लागि रोजगारीका अवस्थाहरू सिर्जना गर्न सकियोस् भन्ने ढङ्गले यसलाई विनियोजन त गर्न खोजेको छ । अझै पुगेको छैन । त्यसो गर्दागर्दै पनि हामीले कृषिलाई जुन ढङ्गले जोड दिएका छौं । उत्पादनको हिसाबले कृषिलाई जोड दिएका छौं । त्यसो गर्दाखेरि हामीसँग उर्जाको उत्पादन राम्रै भएको छ । त्यसोगर्दा तुरुन्तै रासायनिक मल उत्पादनको कारखाना खोल्ने सिस्टमा गइयोस् । त्यसलाई पर्खेर हेरौं भन्ने हिसाबले नहेरियोस् । किनभने आज हाम्रा जमिनहरू रासायनिक मलबिना उत्पादन हुने स्थितिमा छैनन् । अर्कोकुरा अर्ग्यानिक उत्पादनलाई पनि त्यही ढङ्गले जोड दिइयोस् । अर्ग्यानिक उत्पादनको लागि प्राङ्गारिक मल उत्पादनको सिष्टमलाई

अगाडि बढाइयोस् । हिजो हाम्रो गाउँ घरमा थुप्रै गाई, बस्तुहरू पाल्ने डोका का डोका लगेर बारीमा मल खन्याउने, त्यसपछि उत्पादन हुने र एक वर्षमा बाढीले बगाएर फेरि अर्को वर्ष त्यही ढङ्गले मल खन्याएर मात्रै हाम्रो बुवाआमाहरूले उत्पादन गर्नु भएको थियो । आज हाम्रा सबै जग्गा जमिनहरू बाँझा छन् । हामीले कृषिबाट उत्पादन गर्छौं भनेका छौँ तर हामी पानी र मलको व्यवस्था गर्न सकेनौं भने हामी कृषिबाट उत्पादन गर्न सक्दैनौं । त्यसो भएको हुनाले समयमा नै सोचियोस् र पानी, बिउ र मलको व्यवस्था गरेर हामी कृषिमा जाने कुरालाई प्राथमिकता दिइयोस् । त्यहाँ जतिसुकै बल गरेपनि त्यो ढङ्गले मलको व्यवस्था, पानीको व्यवस्था गर्न हामी सकेका छैनौं ।

अर्को कुरा म महिला मन्त्रालयको थोरै विषयहरू राख्न चाहन्छु । महिला मन्त्रालय लगभग ७५ प्रतिशत जनसङ्ख्या आश्रित एउटा मन्त्रालय बनेको छ । तर त्यसलाई कमजोर, निरिह मन्त्रालयको रूपमा लिइन्छ र त्यही ढङ्गको व्यवस्थापन गरिन्छ र त्यही ढङ्गको जिम्मेवारी दिइन्छ र मन्त्री आफैले पनि त्यो मन्त्रालयलाई म कमजोर मन्त्रालयको मन्त्री हो भन्ने सायद महशुस गर्नु हुन्छ होला । अहिलेसम्मको त्यसको बुझाइ त्यस्तो छ होला जस्तो मलाई लाग्छ । त्यसो भएको हुनाले त्यो मन्त्रालयलाई अलि सबल बनाउने र त्यहाँ अलि धेरै योजनाहरू ल्याउने र बजेट अहिले बढाइसकेको छ भनेर भनिसक्नु भएको छ । तर पनि त्यसको बजेटलाई व्यवस्थापन गरेर त्यसलाई अनि क्यापेबल बनाउने कुरा म माग गर्न चाहन्छु ।

यसैगरेर म आफू ३ नम्बर प्रदेशबाट निर्वाचित छु । मेरो आफ्नो स्थायी ठेगानाको हिसाबले म चितवनको माडीमा बस्नु पर्ने हुन्छ । त्यो माडी भनेको यस्तो भूगोल छ । त्यहाँ राष्ट्रिय निकुञ्जबाट हामी पार गरेर जानु पर्छ । त्यहाँ पिच गर्न सेनाले दिइराखेको छैन । राष्ट्रिय निकुञ्जले दिइराखेको छैन । हामीले त्यसमा ओभरफ्लाई बनाउने हो कि ? पिच गर्ने हो ? तपाईंहरूको क्याबिनेटले निर्णय गरोस् भन्ने म अध्यक्ष मार्फत् म जानकारी गराउन चाहन्छु । मन्त्रीहरूलाई जानकारी गराउन चाहन्छु । यदि ओभरफ्लाई बनाउने हो भने त्यो ढङ्गले त्यसलाई बजेट छुट्याइयोस् र ओभरफ्लाई बनाइसकेपछि पर्यटनको हिसाबले पनि संसारबाट आएका मान्छेहरूलाई र नेपालीहरूलाई ओभरफ्लाईबाट हाम्रो राष्ट्रिय निकुञ्जको अनुगमन, निरिक्षण, अवलोकन गर्न हामी लैजान सक्छौं । त्यसो भएको हुनाले त्यो ढङ्गको माग म गर्दछु । कि तुरुन्तै पिच गर्ने योजना मिलाइयोस् । यो क्याबिनेटले डिसिजन गरोस् । त्यो ढङ्गको राष्ट्रिय निकुञ्जको करिब १० किलोमिटर छ । त्यसलाई चाहिँ ओभरफ्लाई बनाएर यता राप्तीदेखि रिऊसम्मकोलाई एउटा व्यवस्थापन गर्न जरुरी छ । त्यो प्रधानमन्त्री के.पी.ओलीले पनि त्यो भूगोलमा गएर बोलिसक्नु भएको छ । हाम्रो पार्टीको अध्यक्षले पनि त्यो भूगोलमा गएर बोलिसक्नु भएको छ । तर क्याबिनेटमा त्यो ढङ्गको छलफल हुन्छ कि हुँदैन ? यो विषय तपाईंहरूले लैजानुस् भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

यसबाट हामीलाई के अवसर मिल्छ भने त्यहाँ अर्को एउटा महत्वपूर्ण काम गर्न जरुरी छ । त्यहाँ रिऊ नदी छ । रिऊ नदी चाहिँ कस्तो छ भने बायु पङ्खी घोडा जस्तो छ । कहिले यतातिर बग्छ, कहिले पारिपट्टि दगुरेर जान्छ । त्यसो भएको हुनाले त्यसमा

एउटा महत्वपूर्ण ज्ञानको आवश्यकता छ । जहाँबाट वन्यजन्तुहरू पार गर्न नसकून् । त्यो ढङ्गको हामीले ड्याम सिर्जना गरिसकेपछि हामीले त्यहाँ पर्यटकीय हिसाबले महत्वपूर्ण ठाउँ बनाउन सक्छौँ । भूगोलको हिसाबले धेरै कृषि उत्पादन हुने भूगोल हामीलाई उपलब्ध हुन्छ । एउटा वातावरण अनुकूल भएको शहर निमार्ण गर्न सक्छौँ । त्यो ढङ्गले हामीले त्यो ड्याम र ओभरफ्लाईको म यो क्याबिनेटमा तपाईंहरूले लैजानु हुनेछ भन्ने म माग गर्न चाहन्छु । यति भन्दै म आफ्नो भनाइलाई यहीँ अन्त्य गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रामनारायण विडारी । समय ७ मिनेट । यसपछि माननीय उदया शर्मा पौडेल ।

**माननीय श्री रामनारायण विडारी (मनोनीत)**ः- अध्यक्ष महोदय, विनियोजन विधेयक, १४ वटा विषय समय ७, आधा मिनेटमा १ विषय बोल्नु पर्ने । म सुरु गरौं नेपालको संविधानको धारा १११ ले अर्थ विधेयक यस सभामा स्वीकृति हुने वा अस्वीकृति हुने कुरा गर्न पाइन्न । प्रतिनिधि सभाले पारित गरेर पठायो अब यसलाई राष्ट्रपतिले पुनर्विचार गर्नु भन्न पनि पाइँदैन । त्यस्तो प्रकारको अर्थ विधेयक जसलाई यस राष्ट्रिय सभाले सुझाव मात्र दिन सक्छ । त्यो सुझाव पालना गरे पनि हुन्छ नगरे पनि हुन्छ । सुझाव-सुझाव हो । सुझाव यस्तो दिनु पर्‍यो । मन्त्रीको मथिङ्गल खलबलिने गरी सुझाव दिनु पर्‍यो । प्रधानमन्त्रीको मनमै च्वास पर्ने गरी सुझाव दिनु पर्‍यो । अनि सुझावको केही काम आउला । त्यसैले यो काम यो सदनले गरोस् अध्यक्ष महोदय । म संविधान सभामा पनि थिएँ, व्यवस्थापिका संसदमा पनि थिएँ र बिताए । अहिले यहाँ बोल्दै छु तर म सन्तोष मान्न सकिनँ, सुधार गर्न सकिनँ, सफल पनि भइन । जनताले दुःख पाएको पाई, अनियमितता बढेको बढैं, विकास बजेट दुरुपयोग भको भई, खर्च नहुने भइरह्यो । संविधान बनाउने बेलामा हामीले व्यापक छलफल गर्‍यौं । संसारका विरलै संविधानमध्ये यो संविधानमा जेठको १५ गते बजेट पेश गर्ने पर्ने अनिवार्य गर्‍यो । त्यो दिन भुइँचालो आयो भने के गर्ने ? त्यो पनि मतलब गरेनौं त्यही दिन गर्ने । किन त्यस्तो गरियो ? चाँडै विकास निर्माणका बजेटलाई ठिक समयमा खर्च होस् भनेर । असारमा त्यो बजेट पास हुन्छ अहिले हामी गर्दैछ । अनि साउनदेखि फटाफट काम गरे हुनी नि । मन्त्रीलाई त्यो काम साउनदेखि गर्न केल्ले छेक्यो, कुन प्रेत आयो त्यहाँ, कुन भूत आयो त्यहाँ, किन चाहिँ चैत महिनामा मात्रै अख्तियारी आयो भनेर हल्ला गर्दै । यसपाली त कोभिडले चैत महिना खाइदियो, वैशाख महिना खाइदियो, जेठ महिना खाइदियो । असार आयो अब ख्याम-ख्याम पैसा सिध्यादिने, काम नगर्दिने, कागज बनाइदिने गर्न थालियो । यही सरकारले यही पटकदेखि यस्तो काम गरोस् यो ठुलै सुझाव हो । यदि गर्न सकेन भने मन्त्रीहरू जम्मैले सामुहिक राजिनामा दिए हुन्छ । किनभने त्यति पनि गर्न नसक्ने अरु थोक केही गर्न परेन बजेट छुटाइदिएको छ, संसदले पास गर्दिया छ । अनि त्यसमाथि चैत महिनामा अख्तियारी, फागुन महिनामा अख्तियारी के खाएर, किन तलब खाएर बसेको ? राज्यका यसप्रकारका कुरा

आयो । त्यसकारण म यो कुरा गम्भीरतापूर्वक बताउन चाहन्छु । हाम्रो संविधानको धारा ११९ मा यो छ । मन्त्रीले यो कुरा विचार गरुन् ।

अब विपक्षी झन् त्यस्तै पैसा यहाँ नि बढाइदे त्यहाँ नि बढाइदे, यहाँ नि पुगेन त्यहाँ नि पुगेन भन्छ अनि बजेट चाहिँ १ सय रुपियाँमात्रै राखियोस् यो बजेट यो मन्त्रालयमा भन्छ । अब सय रुपियाँ राख् भन्छ अनि यो नि बनाइदे ऊ नि बनाइदे, यहाँ नि पुगेन त्यहाँ नि पुगेन भन्छ । अब यस्तै विपक्षी उस्तै सत्ता उस्तै । अनि देश कसरी विकास हुन्छ ? त्यसो भएको हुनाले सरकारको बजेटका केही रकम तलमाथि पर्ला सरकार ढल्दैन अहिले युरोपमा बेलायत हो के के जननी प्रजातन्त्रका जननी भनेको बेलायतमा पनि बजेट संशोधन हुन थाल्यो । बजेट संशोधनबाट सरकार ढल्दैन । अमेरिकामा presidential system छ त्यहाँ पनि बजेट संशोधन भएर सरकार ढल्दैन । संशोधन सरकारले Ok गर्न पर्‍यो । त्यसकारणले म फेरि भन्न चाहन्छु । यत्रो छलफल गर्‍यो यत्रा दिनको तलब भत्ता ग्वाम-ग्वाम खायो । अनि बजेट चाहिँ सरकारले जे ल्यायो त्यहाँ ठ्याक्क एक रुपियाँ पनि परिवर्तन भएन यस्तो नि कहीँ हुन्छ ? त्यसकारण संसारमा यो छलफल नाटक किन गराइराख्या ? त्यसकारणले सरकार चित्त बुझाओस्, संसदले सुझाव दिओस् । प्रतिनिधि सभाले राम्रो बजेट पारित गरोस् । त्यसकारणले यो २०७० सालदेखि नेपालमा पनि अभ्यास भएको छ । हामीले यसैगरि बोल्यौँ सरकारले परिवर्तन गरेको छ । त्यसकारणले म यो कुरा सुझाव दिँदै अब फेरि केही कुरा भन्छु । म १५/१६ वर्षको उमेरको थिएँ अध्यक्ष महोदय, १६ हजार ऋण छ नेपालीको टाउकोमा भनेर भाषण गर्थे अध्यक्ष महोदय, त्यो ऋण त अहिले पनि बाँकी नै छ रे ३४ हजार पुग्यो रे । कस्तो सरकार चलाएछन् । कस्तो ऋण तिरेछन् ? यसप्रकारले हाम्रो देश गइराख्या छ । त्यसैले अब त कस्तो हुन थाल्यो अरे ४० अर्ब खर्च रे १५ अर्ब आम्दानी रे । अनि तलब पनि विदेशिसँग मागेर खाने रे अनि हामी स्वावलम्बी, परालम्बी हुँदैनौँ भनेर धक्कु र धाक लगाउने । यो प्रकारका बजेट हामी कसरी चलाइरहेका छौँ ? त्यसकारणले यो कम्युनिष्टको सरकार यो अत्याधिक बहुमतको सरकार, यो नयाँ सरकार, यो संघीयताको सरकार, यो गणतन्त्रको सरकार । त्यसकारणले यसले एउटा ठुलै फड्को मारोस् भन्ने मेरो सुझाव छ ।

त्यसैले अब अर्कै कुरा गर्दैगर्दै जाँदाखेरि अर्थ विधेयक प्रतिनिधि सभामा मैले अघि भने सेना र प्रहरीको विधेयक सुरक्षा विधेयक सरकारी विधेयकमा मात्रै आउँछ । यो पनि अरुले ल्याउन सक्दैन । त्यसै भएको हुनाले म के भन्न चाहन्छु भने जुन देशको सांसद, जुन देशको सभासद् बजेट कहाँ पाइन्छ भनेर सुँग्दै हिड्छ, सुँ, सुँ, सुँ, सुँ गरेर बजेट सुँग्ने । त्यो देश विकास हुँदैन । सांसदले नीति बनाउने, सांसदले कानून बनाउने सांसदले मुलुकको निम्ति बजेट बनाउने । म पश्चिमको डडेल्धुराको १ नम्बरको सांसद भन्छ । पश्चिम १ नम्बर डडेल्धुराको संसद छ ? नेपालमा छ सांसद । नेपालको सांसद उसले बनाउने बजेट नेपालको निम्ति । उसले बनाउने कानून नेपालीको निम्ति, त्यसकारण यति पनि ध्यान बुद्धि नभएपछि हाम्रो देश कसरी विकास होला अध्यक्ष महोदय । देश बिग्रेको मुख्य कारण त्यसकारणले सांसदहरूले विरोध गरे रे भनेर सरकार ढाल्दिन्छ भनेर चाहिँ सांसदलाई फकाई फुल्याई गर्न कहिले ६ करोड direct कहिले घुमाएर ४ करोड अनि फेरि बाटोघाटो

भन्दै १०/८ करोड हाल्दिने काम मन्त्रीले गरे । यसबाट देश विकास हुँदैन । त्यसकारणले यस्ता कामबाट कानून नीति राम्रा बन्दैनन् । त्यसैले म चाहिँ कानून र नीति बनाउन यस्ताले रुचाउँदैनन् । बजेट मार्न वा बजेट पार्न हिड्छन् । यो देश सप्रिँदैन त्यसैले COVID- 19 मा कहाँ, कति, कसरी खर्च भयो भनेर सडकमा नारा लगाउनु पर्छ ? दिनदिनैँ black board छँदै छ अहिले त के भन्छन् web side ढ्याक्क हाल्दिनु दिनदिनैको । दिनदिनैको खर्च र आम्दानी COVID- 19 मा यति खर्च भयो यति चाहिँ आम्दानी भयो, यति donation प्राप्त भयो भनेर दिनदिनै निकाल्दिए हुँदैन ? त्यो निकाल्न कसले छेक्यो हाम्रो मन्त्रीज्यूलाई । अनि सडकामा नारा लगाउन पर्ने विपक्षले फुर्ती लाएर केकेन भनी भन्यो बुझ्यो मैले त त्यो १० अर्बको पैसाको हिसाब मागेँ भनेर फुर्ती लाउन पर्ने यस्तो किन गऱ्या । यस्तो गर्न हुँदैन त्यसकारण दिनदिनैको हिसाब विद्यालयमा निःशुल्क गर्ने कुरा थियो अब यो मन्त्रालयतिर जान भ्याइनँ अध्यक्ष महोदय । एक मिनेट मैले मागेँ ।

संसद र पर्यटनमा बजेट राम्रै छ । होटल, ट्राभल्स र एजेन्सी कसरी चलाउने, पर्यटक स्थल कसरी बनाउने, स्वास्थ्य मन्त्रालयमा औषधिहरू कसरी प्रयोग गर्ने ? स्वास्थ्य संस्था कसरी बनाउने ? दैनिक हिसाब किताब कसरी राख्ने ? किसान भेडा बाखा चित्लाङ्मा भेडा फार्म छ अध्यक्ष महोदय, त्यो मासेर खाए अब त्यसालाई जगाउन पर्छ । त्यस्तैगरि अर्को मदन भण्डारी प्राविधिक विश्व विद्यालय चित्लाङ्मा राख्ने भनेको थियौँ त्यसमा बजेट राम्रोसँग छैन र त्यसमा नाम पनि अहिले हटाएको पाइयो । विषय परराष्ट्र मन्त्रालय सम्बन्धमा र गृह मन्त्रालय सम्बन्धमा मैले भन्छु । सशस्त्र प्रहरीलाई त्यहाँ सीमा खटाउन पठाइयो त्यसलाई एउटा छाप्रो शुद्ध नबनाउने हुरी बतास छ त्यसलाई चाहिँ पानीमा भिजाएर राख्ने यसप्रकारका काम गरियो । त्यसकारणले सुरक्षाकर्मीहरूलाई जुन प्रकारले जेलहरू त्यस्तै छ जेल अमानवीय छ । सम्पूर्ण मन्त्री जेल बसेर आएको रे, त्यो जेल बिर्सिएको रे । त्यसप्रकारको हुँदैन । INGO, NGO ले खतम पाऱ्यो । INGO, NGO ले व्यक्ति धनी भयो मुलुक गरिब भयो । मुलुक गरिब भएर व्यक्ति धनी भएपछि त्यो व्यक्तिले सोझै घुमाएर विदेशीको दलाली गर्छ किनकि उसलाई पैसा विदेशीले दिया नि । घरजम उसले बनाइदिया नि । त्यसकारणले त्यतापट्टि गृह मन्त्रालय के गर्दै छ ? यी सबै कुरालाई हेरेर सशस्त्रको ड्राइभर (सिध्दियो-सिध्दियो) । सशस्त्रको ड्राइभरहरूलाई अब ड्राइभर पाउनेहरूलाई राख्न पाउनु भएन । मन्त्रीले ड्राइभर डबल किन लिया, ड्राइभरको तलब लिने सशस्त्रको प्रहरीलाई पनि ड्राइभर बनाउने यस्तो कहाँ-कहाँ छ खोजीखोजी फिर्ता गर्नु पऱ्यो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उदया शर्मा पौडेल । समय ७ मिनेट । यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

**माननीय श्री उदया शर्मा पौडेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रमको हार्दिक स्वागत गर्दछु । नेपाल कोभिड-१९ ले नराम्रो गरी थलिएको छ । यसको असर द्रुत गतिमा बढ्दै गएको छ । कोरोना महामारीका कारण देशभित्र र बाहिर रहेका लाखौंलाख नेपालीले रोजगारी गुमाइराखेका छन् । अझ कतिको रोजगारी गुम्ने हो भन्न सकिने स्थिति छैन । देशभित्र रहेका उद्योग कलकारखाना व्यापार व्यवसाय ठप्प छन् । लकडाउनको कारण कहीँ कतै हलचल गर्न सक्ने अवस्था छैन । हामी आशा गरौं यो महामारी मथ्थर हुँदै जाओस् । हामी पूर्णवत अवस्थामा फर्कन सकौं । सम्माननीय अध्यक्षज्यू, अहिले हाम्रो आशा र भरोसा कृषि नै हो । कृषिले धेरै नेपालीलाई पूर्ण वा आंशिक रोजगारी दिएको छ । रासायनिक मल लगायत रासायनिक मल आयात गर्नु केही हदसम्म त उचित होला तर कृषिको दिगो विकासको लागि स्वदेशमा नै प्राङ्गारिक मल कारखाना खोल्नुको विकल्प छैन । बिउ, बिजन, बैङ्क स्थापना गर्नु पर्छ । रैथाने जातिका बिउ लोप हुने अवस्थामा छन् भने आयातित बिउबाट अर्को पटक बिउ उत्पादन नहुने हुँदा कृषकहरू मारमा परेका छन् । कृषिलाई बजेट अपुग भएको छ । कृषि र वनलाई जोडेर कूल बजेटको ६ प्रतिशत मात्र अर्थात् ९० अर्ब ६७ करोड मात्र विनियोजित भएको छ । सबै नेपालीको भरोसा भरण पोषण गर्ने कृषिमा विशेष ध्यान नपुगेको हो भन्ने मलाई लाग्छ । सम्माननीय अध्यक्षज्यू, उद्योगतर्फ ठुला उद्योम सञ्चालन हुनको केही समय लाग्ला । यस्तो स्थितिमा साना र घरेलु उद्योगतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । कृषिमा, वनमा, पर्यटनमा, खनिजमा आधारित घरेलु तथा साना र कुटिल उद्योग सञ्चालन गर्दा जटिल अवस्थामा पुगेका अर्थतन्त्रलाई उकास्न टेवा पुग्छ भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्षज्यू, कार्यथलोमा आधारित सिपमूलक तालिम दिने व्यवस्था स्वागतयोग्य छ । तालिम माग अनुसार दिने पनि भनिएको छ । स्थानीय मागमात्र नभई कुन ठाउँमा के कस्ता कच्चा पदार्थ छन् त्यहाँ आवश्यक जनशक्तिको के कस्तो स्थिति छ आदि गहन अध्ययन सर्वेक्षण हुनु आवश्यक छ । यसका साथै उत्पादन गरेका वस्तु सरकारी निकायबाट नै खरिद बिक्रीको व्यवस्था नभएसम्म तालिम प्रभावकारी हुँदैन । तालिमको लागि खर्च गरिएको बजेट बालुवामा पानी हाले जस्तै हुन्छ भन्ने मलाई लाग्छ । रोजगार मूलक तालिम अन्तर्गत उद्योग श्रम तथा रोजगार युवा, महिला तथा बालबालिका मन्त्रालयहरू अथवा स्थानीय अथवा संघ संस्थाहरू धेरैले एकै किसिमको तालिमहरू दिने गरेको पाइएको छ । एकै धेरै किसिमको तालिम लिएको पनि गतवर्षका पनि मैले भनिसकेँ एउटै व्यक्तिले ६० वटासम्म तालिम लिएको मैले पाएको छु र मसँग रेकर्ड छ पनि भनेको थिएँ । त्यसैले गर्दा मैले फेरि यो कुरा दोहोऱ्याउन चाहन्छु र यो तालिम अनुरूपको यो व्यवसाय गरेको पनि पाइँदैन । धेरै किसिमको तालिम दिएर मात्रै तालिम उद्योग नै सञ्चालन गर्छन्, व्यवसाय गर्छन् भन्ने पनि छैन । यो तालिमहरू दिँदाखेरि हामीले एकरूपता अथवा यो सबै मन्त्रालयले अलग-अलग किसिमको तालिम होस् । अथवा एकद्वार प्रणाली गरियोस् । जस्तो उद्योग मन्त्रालयले अघि मैले यहाँ मन्त्रलाय भनिसकेँ होइन यी मन्त्रालयहरूले अलग-अलग किसिमका तालिम दिओस् कुन-कुन ठाउँमा कस्तो-कस्तो

किसिमको तालिम दिनु पर्छ यहाँ बजेट चाहिँ छुट्‌याएको छ तालिम पनि राम्रै किसिमका जनशक्ति अथवा तालिम लिनेलाई दिने भनिएको छ । जस्तो मैले सुन्दै थिएँ १० हजारलाई तालिम दिन पऱ्यो, १० हजार ४ सयलाई । तालिम चाहिँ ४० वटा विषय छ अब कसरी सञ्चालन गर्ने कसरी जाने भन्ने जस्तो सरसल्लाहको कुरा पनि भएको छ । यो मन्त्रालय कुन-कुन मन्त्रालयले दिने हो त यो तालिम ? त्यसैले कुन-कुनको क-कस्को कुन-कुन क्षेत्रमा जनशक्ति छ त त्यसैले यो समन्वय सबैजनाले गरेर यो दिनु पर्छ भन्ने मैले पहिलै पनि कुरो उठाएको थिएँ अहिले पनि उठाएको छु । यो यस्तो भएको छैन यो होस् यो हुँदै गएपछि सुधारिँदै जान्छ यो खर्चको सदुपयोग पनि हुन्छ भन्ने मलाई लाग्छ र यो सामाजिक ।

अर्को सम्माननीय अध्यक्षज्यू, यो सामाजिक सुरक्षा सम्बन्धी काम चाहिँ हाल गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले काम गरिरहेको छ । यो काम मलाई जहाँसम्म लाग्छ यो हेर्ने यो ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिला लगायत हेर्ने चाहिँ यो महिला, बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय नै हो भन्ने मलाई लाग्छ । त्यो नगरेर त्यो मन्त्रालयलाई त्यो बजेट अथवा गर्न नसकेर जनशक्ति नभएर वा अब के भएर हो गृह मन्त्रालयबाट सञ्चालित रहेछ । त्यो सम्बन्धित मन्त्रालयले सञ्चालन गर्दाखेरि उपयुक्त होला भन्ने मलाई लाग्छ । यो संस्कृति मन्त्रलायको कुरो त मैले पहिलै पनि पर्यटन क्षेत्रमा पर्यटकहरूको ढाडै भाँचिएको भन्दा पनि फरक नपर्ला । त्यहाँका उद्योग व्यवसायिहरू अथवा त्यहाँका काम गर्ने श्रमिकहरूको ५ हजारभन्दा बढीको रोजगारी नै खोसिएको यो पहिल्यै पनि मैले कुरो उठाएको थिए । र यो जहाज भाडा बाहिर नेपालीहरू अलपत्र परेको अवस्था छ । मानौं, उदाहरणको लागि म दिन्छु । जस्तो अमेरिका भनौं, अमेरिकामा नेपालमा आउन चाहने मात्रै आउन खोजिराख्नु भएको र अहिलेको यो माहामारीको कारणले गर्दाखेरि आउन नसक्नु भएको र उहाँहरू समय भइसकेको आउनलाई त्यहाँको भिषा पनि सिध्धिएको भिषा त थपिएला त्यस्तो अवस्थाका हाम्रा नागरिकहरू अड्किएर विभिन्न देशमा त्यसरी बस्नु भएको छ । र उहाँहरू सम्पर्कमा पनि विभिन्न राजदुतावासमा सम्पर्कमा रहेको पनि कुरो आएको छ तर उहाँहरूलाई ल्याउनको लागि यहाँ जहाजको भाडादर जहाजै पिच्छेका मानिस पिच्छेको फरक-फरक आएको छ यस्तो हुनु भएन । त्यो नागरिक त यस्तो अप्ठ्यारोमा पर्नु भएको छ कि यत्रो विधिको तीन-तीन महिना भइसक्यो । उहाँहरूले खाना के खानु भएको होला ? कस्कोमा बस्नु भएको होला ? कस्तो अवस्था होला ? सहुलियत सरल ढङ्गसँग अझ राज्यले नै ल्याउनु पर्ने ठाउँमा उहाँहरू हामी नै तिरेर आउँछौं भन्दाखेरि पनि सहुलियत रूपमा ल्याउनुपर्ने ठाउँमा बार्गेनिङ्ग भएको छ भन्ने जस्तो सुनिएको छ । सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउँछु । यति भन्दै मेरो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय मृगेन्द्र कुमार सिंह यादव । समय ७ मिनेट । यसपछि माननीय जीवन बुढा ।

**<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (राष्ट्रिय जनता पार्टी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकार अर्थात् सम्पूर्ण नेपालीको सरकार । सत्तापक्षको मात्र होइन हामी प्रतिपक्षको पनि सरकार । तर वर्तमान सरकारको चरित्र आचरण र व्यवहार त्यो अनुरूपको देखिएन । त्यतिकै मात्रै होइन अध्यक्ष महोदय । सम्पूर्ण सत्ता पक्षको पनि सरकार भन्न पनि नमिल्ने किनकि हिजो मात्रै सत्ता पक्षका संसादज्यूहरूबाट मनको व्यथा पोखियो । सत्ता पक्षका सांसदहरूलाई क/ख/ग/घ यनिकि first class, second class, third class र forth class श्रेणीमा वर्गीकरण गरिएको थाहा पाइयो । हामी प्रतिपक्षलाई त श्रेणी विहीन वर्गमा नै राखिएको होला । त्यसैले सत्ता पक्षका ग र घ श्रेणीमा परेका संसदज्यूहरूको व्यथाप्रति सहानुभूति राख्दै यो सरकारबाट प्रस्तुत पक्षपात र भेदभावपूर्ण विनियोजन विधेयकको प्रतिकारात्मक विरोध स्वरूप १० सेकेण्ड मौनधारण गर्दै म यो विनियोजन विधेयकमा छलफलमा भाग लिन्न । म १० सेकेण्ड मौन धारण गर्न चाहन्छु ।

(मौनधारण) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जीवन बुढा । समय ७ मिनेट । यसपछि माननीय हरि राम चौधरी ।

**<u>माननीय श्री जीवन बुढा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, २०७७/०७८ को आर्थिक वर्षको नेपाल सरकारको तर्फबाट पेश भएको बजेटको विषयगत मन्त्रालयका शीर्षकहरूमाथि छलफल चलिरहेको छ र धेरै मानननीय मन्त्रीज्यूहरूले आफ्ना धारणाहरू राखिसक्नु भएको छ । हामीले माननीय अर्थ मन्त्रीज्यूले बजेट पेश गरिसकेपछि पनि छलफल गरेका छौँ र हामीले नीति तथा कार्यक्रममाथि पनि छलफल गरेका छौँ । त्यसको आधारमा टेकेर आएको नेपाल सरकारको विषयगत बजेटका शीर्षकहरूमाथि मैले आफ्ना केही धारणाहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सर्वप्रथम हाम्रो बजेट नीति तथा कार्यक्रम जसरी पेश भयो र अर्थ मन्त्री माननीय अर्थ मन्त्रीज्यूले बजेट जसरी पेश गर्नु भयो र मन्त्रालयका विषयगत शीर्षकहरू हेर्दा र माननीय मन्त्रीज्यूहरूले आयोजनाहरूको छनौट र आयोजनामाथि बजेट विनियोजन गरेको हेर्दा यसले दुई वटा कुरा अपूर्ण भएको मलाई गहिरो गरी लागेको छ । एउटा कुरा यसले संविधानको मर्म र भावना अनुसार संघीय बजेट प्रणालीलाई राम्रो गरी बोक्न सकेन, उहाँहरूले त्यो भारी बोक्न सक्नु भएन भन्ने कुरा मलाई लागेको छ । समावेशी बजेट विकासको सिद्धान्तलाई आत्मसाथ गरेर सबै भूगोल क्षेत्र र समुदायका जनतालाई सम्झेर सम्मान गरेर बजेट विनियोजन गर्ने र सबै क्षेत्रलाई सामुहिक हिसाबले आवश्यकताको आधारमा बजेट विनियोजन गरेर न्याय गर्ने हिम्मत गर्नु भएन यो विषयमा चाहिँ मलाई

गहिरो गरी लागेको छ । अर्कोतिर यो बजेट प्रभावबाट प्रभावित भयो, पहुँचबाट प्रभावित भयो भन्ने कुरा मलाई लागेको छ । पहुँचको प्रभावमा रहेर यो बजेट कहिलेसम्म विनियोजन हुन्छ ? यो कुरा लाग्यो । अर्कोतिर मैले के मात्रै भनौँ भने माननीय मन्त्रीज्यूले जसरी आयोजना छनौट गर्नु भएको छ र आयोजनामाथि बजेट विनियोजन गर्नु भएको छ । अहिलेसम्मको कथा व्यथा हेर्दा पूरै प्रगति गर्न सक्ने थिति देखिएको छैन । यो वर्षको बजेट खर्च गर्ने सामर्थ्य पैदा होस् र पूरै बजेट खर्च होस् मैले यही शुभकामना दिन चाहन्छु । किनकि यो वर्ष यहाँहरूका बजेट परेर पूरै खर्च भएन भने अर्को वर्ष बाइचान्स मेरोतिर कहीँ पऱ्यो भनेपछि पनि फ्रिज जाला भन्ने मलाई बढी पिर छ, चिन्ता छ । त्यसैले यो वर्षको बजेट माननीय मन्त्रीज्यू जसरी हुन्छ खर्च गर्दिनुहोला । यतिमा नै सन्तुष्टि हुने थिति छ ।

अर्को मैले के भनम् भने शिक्षा मन्त्रालयले शैक्षिक सुधारको आयोजनाहरू अगाडि गुणात्मक हिसाबले यो वर्षमा ल्याउन सकेन । हामी तेस्रो बजेटमा छलफल गर्दैछौँ निर्वाचित भएर आएपछि । र हामीले समग्र मुलुकको परिवर्तन विकासको दायित्व बोकेर आएको यो संस्था हो र हामी त्यसरी नै आएका छौँ । यसले शैक्षिक सुधार र असल अथवा क्षमतावान मानव विकास गर्ने कुराको दायित्व यो वर्ष पनि हामीले गुणात्मक हिसाबले बोकेको देखेनौँ । किनकि विगतको अपुतालिको भारी नै बोकेर यसले यो इतिहास यहीँ आइपुगेको गहिरो गरी लागेको छ मलाई । के हाम्रा विश्वविद्यालय यही नीतिले, यही कार्यक्रमले, यही बजेटले, यही हाम्रो तरिकाले, हाम्रा कलेजहरू हाम्रा स्कुलहरू सुधार हुन्छन् र विश्वभरिका मानवसँग हाम्रो पछिल्लो पुस्ताले प्रतिस्पर्धा गर्न सक्छ हामी के यसमा convince छौँ ? म छैन । र भएका कार्यक्रमहरू पनि हामीले गत वर्षको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम पनि पूर्ण रूपमा कार्यान्वयन गर्न सकेनौँ । तीन वटा विषयका हामीले स्वयम् सेवक शिक्षक परिचालनको बजेट पनि हामी खर्च गर्न सकेनौँ । यो वर्ष पनि हामी त्यसमा बजेट लिएर आएका छौँ । केही आधार छ, हामी कसरी गर्छौं । हाम्रो मानव यस्तै अहिलेकै जस्तो भयो भने स्कुल यस्तै भए, विद्यालय यस्तै भए हाम्रा कलेजहरू यस्तै भए मानौँ विश्वविद्यालयहरू यस्तै भए भने हाम्रो मुलुक कहाँ जाला ? यो विषयमा गहिरो गरी सोचौँ । यो दलको कुरा पनि होइन, कोही व्यक्तिगत कुरा पनि होइन । सिङ्गै नागरिकको कुरा हो यो मुलुक बनाउने कुरा हो । हामी यताबाट छलफल गरौँ । अर्कोतिर राजनीतिक परिवर्तनको निम्ति भएको जनयुद्ध र जनआन्दोलनमा घाइते तथा अपाङ्ग हुनेहरूले अहिले पनि गोली बोक्नु परेको तितो यथार्थता हामी सबै कहाँ छ । यसको अन्त्य गर्नको निम्ति म उपचार गर्छु हुन्छ भनेर सम्माननीय प्रधानमन्त्रीज्यू पनि यहीँ रोष्ट्रमबाट बोल्नु भएको छ । म सम्मान गर्छु उहाँहरूलाई र अर्कोतिर यसमा शीर्षकमा बजेट देखिएन । बजेटबिना नै उपचार हुने कुरा त छैन । यसको उपचारको निम्ति तत्काल बजेटको व्यवस्थापन गरी शरीरमा गोली बोकेका र क्यान्सरसँग लडिरहेकाहरूको यो वर्ष उद्धार गरियोस् मैले चाहिँ गहिरो गरी माग गर्न चाहन्छु ।

अर्को संघीय मामिला मन्त्रालयतर्फको एउटा शीर्षक मात्रै मैले छलफल गर्न चाहेँ । भौतिक पूर्वाधार स्थानीय साझेदारी, भौतिक पूर्वाधार स्थानीय साझेदारी कार्यक्रमलाई हामीले अहिले पनि निकै माया गरेका छौँ । सबै संसदहरूले पनि माया गरेको देखेँ मैले ।

कतिपय मानिसहरूले त बोलेका रहेछन् कि हामीले भनेका छौँ यो सांसदहरू नीति निर्माण गर्ने र कानून निर्माण गर्ने निर्माताहरू हुन् । मुलुकको विषयमा मुलुकको नीतिको विषयमा मुलुकलाई चाहिने कानूनको विषयमा गहिरो गरी अध्ययन गरून् र अगाडि बढ्न जरुरी छ । विकास अधिकारी होइन र विकास अधिकारी हामीले संघीय संरचना अनुसार तीन तहको राज्य खडा गरेका छौँ र थुप्रै हामीले कानूनी व्यवस्था गरेका छौँ । त्यसमा जानु छोडेर चौपारीमा बसेर बजेट निर्माण गर्ने अथवा आयोजना छनौट गर्ने र बजेट विनियोजन गर्ने रहर हाम्रा सांसदहरूलाई किन लागिरहेको छ । यो बजेट मैले पहिला नै भने हाम्रो संघीय राज्य संरचनाका पनि विपरीत छ यो । मुलुकका संविधानको तीन तहका राज्य संरचनाको विपरीत छ यो बजेट । यो पारदर्शी पनि छैन, यो समान पनि छैन । यो बजेट हामीले किन बोकेर आएका छौँ ? यो विषय उठाउँदै गर्दा कतिपय मानिसले त भनेका रहेछन् । राष्ट्रघाति कुरा उठ्यो, नेपालको बजेट कटौती गरेर हामीले कुन मुलुकलाई दिने विषय कसले उठाएको छ र यो (समय सकियो माननीयज्यू छोट्याउँ होस्) कहाँबाट राष्ट्रघाती भयो ? यसकारण म भन्न चाहन्छु कि उहाँ कहाँको कत्रो राष्ट्रवादी भएर आउनु भयो । भ्रष्टाचारका विरुद्धमा, समानताका पक्षमा र यो पारदर्शीताको निम्ति र हामीले जुन निकायलाई विकास निर्माण गर्ने दायित्व दिएका छौँ उसैलाई विकास निर्माण गर्ने जिम्मेवारी दिनको निम्ति हामीले आफ्ना विषय राखेका हौँ । यो विषयमा हामी निरन्तर बोल्छौँ । धन्यवाद ।

**पिठासीन**:- माननीय दिल कुमारी रावल थापा (पार्वती)

**सम्माननीय अध्यक्ष**:- माननीय हरि राम चौधरी । समय ७ मिनेट । त्यसपछि माननीय इन्दिरा देवी गौतम ।

**माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७/०७८ को अन्तर्गत हामी अहिले ११ वटा मन्त्रालय अन्तर्गत हामी छलफल गर्न गइरहेका छौँ र यसै क्रममा अहिले यो ११ वटा जो मन्त्रालयहरूको बीचमा अहिले जो छलफल भइरहेको यो छलफल हुने क्रममा जो विनियोजन गरिएको योजनाहरू छन् यसमा धेरै ठुलो भिन्नता मेरो व्यक्तिगत रूपमा रहेको छैन । समग्रमा अहिलेको यो विषम् परिस्थितिमा जुन अहिले यो बजेट सम्बन्धित मन्त्रालयहरूले जो ल्याएका छन् । अथवा जो विनियोजन गरेर जुन बजेटहरू अहिले प्रस्तुत गरेर जुन हामी राष्ट्रिय सभामा छलफल गरिरहेका छौँ । यो समग्रमा उहाँहरूले मन्त्रालयले आफ्नो ठाउँमा समग्र पाटा पक्षलाई अध्ययन गरेर पक्कै पनि यसलाई उहाँहरूले प्रस्तुत गर्नु भएको छ । तर हामीले यसमा छलफल गर्दै जाँदाखेरि र यसलाई अध्ययन गर्दै जाँदाखेरि र केही मन्त्रालय अन्तर्गत मैले केही टिप्पणीहरू गरेको छु र यसमा विशेष गरेर मैले उद्योग मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उर्जा मन्त्रालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका मन्त्रालयहरूले जुन बजेट विनियोजन गरेको छ, त्यो बजेट

समग्रमा आंशिक रूपमा केही समस्या भए पनि समग्रमा यसले समग्र क्षेत्रलाई चाहिँ समेट्न प्रयत्न गरिएको छ । सर्वप्रथम म उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । यसै क्रममा मैले चाहिँ केही मन्त्रालय अन्तर्गत मैले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अलिकति मेरो यसमा चाहिँ ध्यान रहन गएको छ र खासगरेर यो संस्कृति, पर्यटन तथा नागरिक उड्डायन मन्त्रालय यो मन्त्रालय निकै विवादमा रहिराख्ने मन्त्रालयमध्ये पनि पर्दछ । र निकै चाहिँ बहस यो मन्त्रालयको बारेमा सिङ्गो हाम्रो वर्षौं चाहिँ यसैको यही मन्त्रालय अन्तर्गत कैयौं घटना क्रमहरूमा चाहिँ हामी बहस र यही सदनमा थुप्रै बहसहरू हामीले गरेको पाइएको छ । तर मैले चाहिँ खासगरेर संस्कृति, पर्यटन अन्तर्गतको जुन बजेट विनियोजन भएको छ त्यो बजेट विनियोजन जो भएको छ त्यो बजेटबाट खासगरेर एउटा त्यसभित्र जुन विनियोजन भएको छ त्यो बजेटलाई हेर्दाखेरि निकै एउटा निष्पक्षभन्दा पनि त्यसलाई गहन अध्ययन नगरिकन त्यो बजेट विनियोजन गरेको छ जस्तो मलाई महशुस भएको छ । मैले सामान्य एउटा कैलालीको यसमा example दिन चाहन्छु । कैलालीमा ५ वटा निर्वाचन क्षेत्र छन् । ५ वटा निर्वाचन क्षेत्रमा दुई वटा निर्वाचन क्षेत्रमा ९ वटा मन्दिरहरू मात्रैमा बजेटहरू राखिएको छ । र त्यो ठाउँमा थुप्रै आदिवासी जनजातिहरू र त्यसपछि गरेर बसोबास भएको होइन जिल्लामध्ये पर्दछ । तर कुनै प्रतिष्ठान अथवा उनीहरूको संस्कृतिको जगेर्ना गर्नको लागि उनीहरूको संस्कृतिलाई चाहिँ समृद्ध गर्नको लागि उनीहरूलाई आर्थिक रूपमा एउटा समृद्ध बनाउनको लागि जुन बजेट ल्याइनु पर्थ्यो एउटा प्रभावशाली लिडरले त्यहाँनिर धेरै ध्यान पुऱ्याएको मैले देखेन । त्यसकारणले गर्दा यहाँ सुधार ल्याउनु पर्छ जस्तो लाग्छ ।

यसैगरि मैले शिक्षा मन्त्रालय अन्तर्गत एउटा टिप्पणी के गर्न चाहन्छु भने ३२ हजार विद्यालय कर्मचारी र ३६ हजार बाल विकास कर्मचारीहरू छन् । जो अहिले ३ हजार र ६ हजार पारिश्रमिकमा काम गर्न उनीहरू बाध्य रहेका छन् । यहाँनिर चाहिँ उनीहरूको पारिश्रमिकलाई विशेष मन्त्रीज्यूले ध्यान दिन जरुरी मैले देखेको छु । यसैगरि कृषि मन्त्रालय अन्तर्गत समग्र विषयहरू सही हुँदाहुँदै पनि विशेष गरेर बजारीकरणलाई अहिले हामीले कृषिलाई व्यवसायीकरण गर्ने भन्छौं तर कृषिलाई बजारीकरण गर्ने कुरा एउटा प्रतिस्पर्धात्मक गर्ने कुरा जो हो यो कुरामा मन्त्रालयको विशेष चाहिँ ध्यान पुग्नु पर्छ जस्तो मलाई लाग्छ । र यसैगरि अहिले जस्तै अब कृषि उपज सामग्री राज्यले खरिद गर्ने किसानको भनेर आएको छ । यसमा असाध्यै न्यून बजेटहरू राखिएको छ । जम्मा १ अर्ब राखिएको छ । यो कुरा यी यस्ता कुराहरूलाई विशेष ध्यान दिन जरुरी छ । यसैगरि स्वास्थ्यमा हामीले हेर्दै जाँदा स्वास्थ्यको चाहिँ अहिले कोभिडलाई र समग्र चाहिँ उपचार पद्धतिलाई यो विकास गर्नको लागि दुई तरिकाले चाहिँ अहिले राज्यले यसमा सम्बन्धित मन्त्रालयले बजेटलाई चाहिँ ने केन्द्रित गरेको छ यो समग्रमा ठिक छ । यसै क्रममा सिकलसेल एमेनिया भन्ने यो खासगरेर आदिवासी, जनजाति, थारुहरूमा अलि बढी चाहिँ देखिने बिरामीमध्ये पर्दछ । यो राज्यले Proof पनि गरेको छ । यसको बजेट भाषणमा चाहिँ सिकलसेल एमेनिया गेटा हस्पिटलमा यसलाई सेन्ट्रल बनाउने भनेर पनि यसलाई तोकिएको

छ । तर यसको बजेटमा विशेष ध्यान पुगेको छैन । सम्बन्धित मन्त्रालय मन्त्रीजीको यसमा चाहिँ ध्यान जान जरुरी छ । म यिनै विषयवस्तु राख्दै बिदा हुन्छु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय इन्दिरा देवी गौतम । समय ७ मिनेट । यसपछि माननीय इन्दु कडरीया ।

**माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, संघीय संसदको संयुक्त बैठकमा २०७७ जेठ १५ गते अर्थ मन्त्रीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को बजेटमा धेरै कुराहरू राम्रा छन् स्वागतयोग्य छन् भने विनियोजित बजेटलाई कसरी परिणाममुखी बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर छलफल गर्नु आवश्यक छ । म आफ्ना केही संक्षिप्त कुराहरू राख्न चाहन्छु । मैले एउटै मात्र विषयलाई समेटेको छु । कृषिमा अलि बढी जोड दिइरहेको छु । अबको हाम्रो लक्ष्य समृद्ध नेपाल सुखी नेपालीको भावनालाई पूरा गर्दै समाजवाद उन्मुख हाम्रा नीति तथा कार्यक्रम कार्यान्वयन र सम्पन्न गर्ने गरी विषयगत मन्त्रालयका सम्बन्धमा गम्भीर हुन मैले जरुरी देखेको छु । अहिलेको अवस्था भनेको सामान्य भने छैन । एकातिर कोरोनाको कोभिडका कारण गरिएको लकडाउनबाट विभिन्न क्षेत्रमा असर परेको छ । जसका कारण बेरोजगारीको निकै ठुलो समस्या देखिएको छ । अर्कोतर्फ विदेशबाट आउने खासगरि भारतबाट रोजगारी गुमेर वा विभिन्न कारणले नेपाल आउने नेपालीहरूको ठुलो सङ्ख्यामा कोरोनाको सङ्क्रमणको रोकथाम तथा रोजगारीको व्यवस्था गर्नु निकै चुनौतिपूर्ण रहेको छ । कोभिड-१९ का कारण धेरै युवाहरू कृषि कार्य गर्न चाहिरहेका देखिन्छन् । वैदेशिक रोजगारीबाट फर्कने युवाहरूको पनि रोजगारीको अवसरको रूपमा कृषि कार्य तथा व्यवसाय नै प्राथमिकतामा रहेको देखिएकोले अगामी दिनमा कृषि व्यवसाय गर्न चाहनेहरूको भूमिमा पहुँच पुऱ्याउन यथाशीघ्र भूमि बैङ्कको स्थापना र सञ्चालन गर्नका लागि पूर्वतयारी गरी समयमा नै सेवा सुविधा प्रदान गर्न म सरकारलाई सुझाव दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, कृषि उत्पादन वृद्धि गर्न कृषि योजना जमिनमा खेती बाली लगाउन तथा कृषि व्यवसायको लागि सिँचाइको सुविधा पनि वृद्धि गर्नु पर्ने हुन्छ । खासगरि पहाडि क्षेत्रमा जहाँ सिँचाइको अभाव देखिएको छ त्यस क्षेत्रको पहिचान गरी यथाशीघ्र सिचाइँको सुविधा पुऱ्याउन सरकारसँग अनुरोध गर्दछु ।

अध्यक्ष महोदय, कृषि उत्पादनसँगसँगै हाम्रो देश जडिबुटीको लागि विश्वकै धनी देश हो । त्यसैले जडिबुटीको व्यवसायिक खेती तथा वन पैदावारमा खासगरि जडिबुटीमा आधारित उद्यमको वृद्धि तथा विकासको लागि वन सम्पदाको बहु उपयोग गरी सहज प्रक्रियाबाट त्यसको अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरणको लागि नियम बनाउन परिमार्जन गर्नु परे पनि गरी जडिबुटीको व्यवसायिक खेतीको लागि प्रोत्साहन गर्न सरकारलाई सुझाव

दिन चाहन्छु । हाम्रो देशको लागि कृषि क्षेत्र भरपर्दो रोजगारी र आत्मनिर्भरको उपाय हुन सक्छ । सरकारको मुख्य आम्दानी तथा स्वरोजगारको स्रोत पनि कृषि हुन सक्छ । तसर्थ कृषिलाई आधुनिकीकरण गर्दै औद्योगिक रूपमा विकास गरेर कृषिलाई सम्मानित व्यवसायका रूपमा स्थापित गर्दा मानिसको कृषिमा आकर्षण बढ्नुका साथै ठुलो सङ्ख्यामा रोजगारीको व्यवस्था हुनेछ । देश पनि कृषिमा आत्मनिर्भर हुनेछ । यसका लागि कृषिलाई समयमा नै मल, बिउ बिजन तथा औषधिको व्यवस्था सरकारले गरिदिनु पर्दछ । तर त्यसो हुन सकेको छैन । किसानहरूले समयमा मल, बिउ, बिजन पाएका छन् वा छैनन् ? सरकारको त्यतातिर ध्यान जान जरुरी छ । हामीले अघि सारेका योजना तथा कार्यक्रमहरू हाम्रो लक्षित समुदायले कतिको उपयोग र सुविधा लिन सकेका छन् र उनीहरू कति लाभन्वित भएका छन् त्यतातिर हाम्रो ध्यान गएको देखिँदैन । यतातिर ध्यान जाओस् भनी म अनुरोध गर्दछु । सरकारले उपलब्ध गराउने विभिन्न किसिमका कृषि कर्जा अनुदान तथा सेवा सुविधा लिनको लागि सरकारले तोकेको सम्बन्धित निकायको अथवा बैङ्क तथा वित्तीय संस्थाको आफ्नै झण्झटिलो र लामो प्रक्रियाको कारण यो खालि बजेटमा नै सीमित हुने गरेको यसभन्दा अगाडिका कार्यान्वयनको प्रतिफलले पनि देखाइसकेको छ । यस्ता सेवा तथा सुविधाहरू टाठा-बाटा, हुने-खाने र पहुँचवालाहरूले बढी उपयोग गरेको देखिन्छ, अध्यक्ष महोदय । त्यसैले सबै लक्षित वर्ग समुदायले सहज, सजिलो, बिनाझण्झट, छिटो छरितो तरिकाबाट सेवा सुविधा पाउने व्यवस्था मिलाउन सरकारलाई म सुझाव दिन चाहन्छु । सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा कृषिको लागि छुटायाएको रकम गत वर्षको तुलनामा ६ अर्ब ६० करोड बढी हो । जुन लगभग बजेटको निकै ठुलो हिस्सा हो । तर अहिलेको अवस्थामा लगानीको आवश्यकतालाई हेर्ने हो भने उत्पादन क्षेत्रमाभन्दा निर्माणको लागि बढी बजेट देखिएको हुनाले निर्माणको भन्दा उत्पादनको क्षेत्रमा बढी ध्यान दिनु पर्ने देखिन्छ । कार्यक्रम राम्रो भएर मात्रै हुँदैन । कार्यक्रमलाई छुट्याएको बजेट अपर्याप्त हुनाले ठुलो मात्रामा कृषि उत्पादन वृद्धि गर्न सकिँदैन । त्यसैले सकिन्छ भने अन्यत्रबाट बजेट कटौती गरी कृषिमा वृद्धि गर्न सुझाव व्यक्त गर्दछु । हुनत विनियोजित विधेयकमाथि उठेको प्रश्नको जवाफमा कृषि मन्त्रीले अहिले कृषकको नाममा डेढ खर्ब नयाँ लगानी गर्ने र त्यसको ब्याज ५ प्रतिशतभन्दा नबढ्ने र किसानको तथ्याङ्क अद्यावधिक गरी अनुदान खातामा नै जाने बताउनु भएको छ । यो अत्यन्तै राम्रो कुरो हो, कृषकहरूको लागि । सरकारले तत्काल गर्दिएदेखि हुन्थ्यो भनेर बारम्बार सबै सांसदहरूले पनि कुरा उठाइरहनु भएको र अहिले पनि म यसलाई अलिकति बढी जोड दिन चाहन्छु । सरकारले तत्काल गर्नु पर्ने काममा किसानले उत्पादन गरेका कृषिजन्य उत्पादनहरू विशेष गरी फलफूल, तरकारी, मासु, दुध आदिको उचित व्यवस्था गरी बजारमा बिक्री वितरणको लागि यथाशीघ्र व्यवस्था गर्नु पर्ने देखिएको छ । सम्बन्धित निकायको त्यतातिर ध्यान जाओस् हवस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दु कडरीया । समय ७ मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

**माननीय श्री इन्दु कडरीया (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, २०७७/०७८ को बजेटमाथि विभिन्न मन्त्रालय अन्तर्गतका बजेटमाथिको छलफलमा छौँ हामी । म सर्वप्रथम गृह मन्त्रालयमा छलफल गर्न चाहन्छु । नेपालको सीमा सुरक्षा मुद्दा निकै पेचिलो बन्दै आइरहेको छ । सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी एवम् अन्य सुरक्षाकर्मी अग्रपङ्तिमा रहेर सीमा सुरक्षा गरिरहेका छन् । देशको सीमा रक्षा गर्ने सुरक्षाकर्मीहरूको अफिस, आवास, खानेपानी एवम् यातायात सुविधा अत्यन्त दयनीय छ । सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मीहरूको मनोबल उच्च राख्न उनीहरूको आवास, खानेपानी एवम् यातायात व्यवस्थाका लागि प्रर्याप्त बजेट विनियोजन होस् भनी म सरकारको ध्यान आकर्षण गराउँन चाहन्छु । साथै सीमानामा बस्ने नेपाली नागरिक अवैतनिक निशस्त्र हुन् । आफ्नो भूगोलको कति प्यारो हुन्छ भन्ने कुरा हालै नेपालको संविधानको दोस्रो संशोधन मार्फत् कालापानी, लिपुलेक समेटिएको नयाँ नक्सा निशान छाप समेटिँदा जनताको उत्साहबाट अनुमान लगाउन सकिन्छ । तर सीमानामा बस्ने नागरिकको जीवन सारै दयनीय छ, दुःख लाग्दो छ । अर्कोतिर सीमानामा बस्नेले सीमा पारिको विकास टुलुटुलु हेरिरहेका छन् । सीमानामा बस्ने नागरिकहरूको सुरक्षा एवम् सामाजिक आर्थिक विकासका कार्यक्रम छुटेको छ । तसर्थ सरकारले नेपालको सीमानामा बस्ने नागरिकहरूको विवरण सङ्कलन गर्ने र त्यस क्षेत्रका लागि सुरक्षासँगै आर्थिक सामाजिक विकासका लागि विशेष विकास कार्यक्रम सञ्चालनको लागि पर्याप्त बजेट विनियोजन गर्न म अर्थ मन्त्री मार्फत् गृह मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु र साथै अत्यन्त जोखिम मोलेर सीमाका रक्षार्थ खटिने सुरक्षाकर्मीलाई विशेष भत्ताको व्यवस्था गर्नु पनि म गृह मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म अब उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धि केही आफ्ना धारणाहरू राख्न चाहन्छु । सिँचाइ नदी नियन्त्रण सम्बन्धी कार्यक्रम धेरै बहुवर्षीय आयोजना हुन् । तर ती आयोजना समयमा पूरा हुन सकिरहेका छैनन् । धेरै कार्यक्रमहरू तराई केन्द्रित छन् । पहाड र उच्च पहाडीको लागि यो सिँचाइको बजेटले कम सम्बोधन गरेको छ । पहाडमा पनि बस्तीहरू छन्, नदीहरू छन्, किनार, सुन्दर फाँटहरू छन् । तर सौर्य उर्जाबाट पानी तान्ने ताल तलैया संरक्षण एवम् वर्षाको पानी संरक्षण जस्ता कार्यक्रम भनेर जम्मा १ अर्ब ३१ करोड बजेट छुट्याइएको छ । यो बजेट अपर्याप्त छ । यसमा पर्याप्त बजेट विनियोजनका लागि म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । साथै पहाडको खानेपानी सिँचाइको मुख्य आधार मूलाधार हो । मूलको पानी हो । पहाडमा मूल सुक्यो भने बसाइँ सर्नु पर्ने अवस्था आउँछ । पहाडमा खानेपानी र सिँचाइको उपलब्धको लागि मूलको पानी संरक्षण कार्यक्रम यो बजेटमा छुटेको छ । यसका लागि पनि पहाडी मूल मूलाधार संरक्षण कार्यक्रमा संरक्षणको लागि सरकारले यो मूलको पानी संरक्षण पनि विशेष कार्यक्रम ल्याउनु पर्छ भनेर पनि म उर्जा सिँचाइ मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, शहर तथा विदेशबाट आफ्नो रोजगारी गुमाएर गाउँ फर्केका युवाहरूलाई कृषि उत्पादनमा मात्र नभई ठुला पूर्वाधार निर्माणमा

जस्तै जलविद्युत, सिँचाइ, नदी नियन्त्रण जस्ता श्रम खपत हुने पूर्वाधार निर्माणमा लगाउने गरी आकर्षण ज्याला निर्धारण गर्ने र अन्तर्राष्ट्रिय श्रम कानून अनुसार श्रमिक हित सुनिश्चित गर्नका लागि बरु आवश्यक परे आयोजना वा स्थानीय मार्फत् श्रमिकको ज्यालामा आकर्षण आम्दानी पाउने युवाहरू देशमै टिक्ने समेत हुन सक्छ । साथै जलविद्युत सिँचाइ जस्ता विकास पूर्वाधार पनि समयमा निर्माण सम्पन्न हुन्छन् र आयोजनाहरूमा श्रमिक अभावको समस्या पनि समाधान हुन्छ । यसतर्फ पनि उर्जा जलस्रोत सिँचाइ मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । साथै श्रमिक आपूर्ति तथा बाल मन्त्रीज्यू वहालवाला श्रमिक आपूर्ति केन्द्र स्थापना गर्ने र त्यही दर्तावाला श्रमिक आपूर्ति केन्द्रबाट मात्र आयोजनाले श्रमिक लिने व्यवस्था मिलाउन पर्याप्त बजेट विनियोजन लागि पनि म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब म कृषि मन्त्रालयतर्फ केही आफ्ना भनाइहरू राख्न चाहन्छु । माननीय कृषि मन्त्रीज्यूले कृषि क्षेत्रलाई पुनर्जीवन दिनका लागि देशलाई कृषि वस्तुमा आत्मनिर्भर बनाउने र देशको अर्थतन्त्र माथि उठाउनको लागि सुन्दर ५ बुँदे कृषि विकास खाका सार्वजनिक गर्नु भएको छ । त्यसमध्ये एउटा बुँदा कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने र बजारमा बिक्री नभएको कृषि वस्तु सरकारले किन्ने ग्यारेण्टी गर्नु पर्छ भन्नु भएको छ । यो सुन्दा अत्यन्त मिठो लाग्छ, सुन्दर लाग्छ, आकर्षण लाग्छ । तर कृषिमा उपज किन्न कति बजेट छुट्याउनु भएको हो ? प्रष्ट छैन । देशमा खाद्य सुरक्षा र आपूर्ति व्यवस्था मिलाउन कृषि उपजको मूल्य सुनिश्चितता गर्न स्थानीय तहमा २ सय खाद्य भण्डार केन्द्र निर्माण गर्न १ अर्ब बजेट विनियोजन गरिएको छ । अर्बौंको खाद्यान्न आयात हुने र अघिल्लो वर्ष विनियोजन गरिएको छ । अर्बैको खाद्य आयत हुने अघिल्लो वर्षको अवस्था जानकारी हुँदाहुँदै सरकारले विनियोजन गरेको यो बजेट कदापि पर्याप्त छैन । कृषकको उत्पादन खरिद गर्ने ग्यारेण्टीको लागि आपूर्ति सहज बनाउन खाद्यान्न बैङ्क व्यवस्थाको लागि पर्याप्त बजेट विनियोजनका लागि म कृषि मन्त्रीजीको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कोभिड-१९ को महामारीले गर्दा वैदेशिक रोजगारी गुमाएर देश फर्किने लाखौं युवाहरू समेतलाई लक्षित गरी यस वर्षको बजेट कृषिलाई प्राथमिकता दिएको छ । तथापि कूल ग्राहस्थ उत्पादनमा २७ प्रतिशतको योगदान गर्ने कृषि क्षेत्रको लागि यस वर्ष कूल बजेटको २.८१ प्रतिशत मात्र बजेट विनियोजन गरिएको छ । सिँचाइ क्षेत्रका बजेट समेत हिसाब गर्ने हो भने बजेट कृषि क्षेत्रमा विनियोजन बजेटको आधार केही ठुलो हुन जान्छ । तर अधिकांश कृषिको बजेट स्थानीय निकायको लागि विनियोजन गरिएको छ । अगामी वर्ष दुध, तरकारी, मासुजन्य वस्तुमा आत्मनिर्भर हुने गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता महत्वकाङ्क्षी कार्यक्रमहरू बजेटमा समावेश गरिएको छ तर स्थानीय निकायको कृषि प्राविधिक जनशक्तिको चरम अभाव छ । सम्पूर्ण स्थानीय निकायमा "एक कृषि, एक पशु" प्राविधिक व्यवस्थाका लागि जम्मा ५० करोड विनियोजन गरिएको छ । यो बजेट एकदम न्यून बजेट हो । सिङ्गो स्थानीय निकायमा एक जना सामान्य प्राविधिकको भरमा मात्र सरकारले दिएको कृषि विकासको लक्ष्य हासिल हुन सक्दैंन र

प्रत्येक स्थानीय निकायमा कम्तीमा पनि स्नातक तहको उत्तीर्ण एक दक्ष प्राविधिक सहित ५ देखि १० जनाको दरबन्दी कायम हुने गरी पर्याप्त बजेट विनियोजन गर्नका लागि म नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विना पोखरेल । समय ७ मिनेट । त्यसपछि माननीय माया प्रसाद शर्मा ।

**माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- अध्यक्ष महोदय, सर्वप्रथम म संविधान संशोधन गर्दै नेपालको नक्सा तथा निशान छाप सच्याउने कुराको पहल लिनु हुने नेपाल कम्युनिष्ट पार्टी नेकपाका दुवै पार्टी अध्यक्ष र नेपाल सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै राष्ट्रियताको विषयमा अभूतपूर्व एकता कायम भएकोमा खुशी व्यक्त गदै सबैलाई बधाई पनि भन्न चाहन्छु । अध्यक्ष महोदय, अहिले सिङ्गो विश्वसँगसँगै हाम्रो देश पनि कोभिड-१९ ले आक्रान्त छ । देशभित्र र बाहिर थुप्रै नेपाली दाजुभाइ दिदीबहिनी र बालबच्चाहरूको निधन भइरहेको छ । सङ्क्रमण दिनदिनै बढिरहेको छ । म कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु हुने सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । र उपचारमा रहेका सबैको स्वास्थ्य लाभको कामना पनि गर्दछु । साथै यो विषयमा जनस्तरबाट उठिरहेका आवाज र जायज मागप्रति सरकारको ध्यान आकर्षण पनि गर्न चाहन्छु । अध्यक्ष महोदय, हामी २०७२ को संविधान अनुसार पहिलो निर्वाचन पछि गठन भएको पहिलो सरकारको नीति, सरकारको दोस्रो बजेटमाथि छलफल गर्दैछौँ । तेस्रो बजेटमाथि छलफल गर्दैछौँ । सबैलाई थाहा छ हामीले समाजवादी राजनीतिक तथा आर्थिक प्रणालीको जग बसाउँदै समाजवादउन्मुख समाज निर्माणको दिशामा अघि बढ्ने प्रतिबद्धता जाहेर गरेका छौँ । जनयुद्ध, संयुक्त जनआन्दोलन, मधेश आन्दोलन मार्फत् हामी नयाँ व्यवस्थामा आएका छौँ । तर दुःखको साथ भन्नु पर्छ कि हामीले अझै हिजोको व्यवस्थाले बसालेका कतिपय गलत परम्परा तोड्न सकेका छैनौँ । शासन सञ्चालन गर्ने कतिपय संस्कार र संस्कृति उस्तै छन् । हाम्रा लक्ष्य उद्देश्य एकातिर, शैली र संस्कार र संस्कृति अर्कोतिर हुँदा समृद्ध नेपाल सुखी नेपालीको हाम्रो राष्ट्रिय सङ्कल्प के होला ? हामी सबैको रगत, त्याग र बलिदानबाट आएको व्यवस्था नै असफल हुने त होइन ? यो प्रश्न सबैतिर उठ्न थालेको छ । त्यसैले यो विषयमा गम्भीर हुन र राष्ट्र बद्ल्ने अभियान हामी आफैबाट सुरुवात गर्न म सबैसँग विशेष आग्रह पनि गर्न चाहन्छु । अध्यक्ष महोदय, मैले बजेटको सैद्धान्तिक छलफल गर्ने सन्दर्भमा पनि राखेकी थिए । कोभिड-१९ को विषम परिस्थितिको बीचमा यो बजेट आएको छ र बजेट मोटामोटी रूपमा ठिकै ढङ्गले आएको छ । तर यो कसरी कार्यान्वयन हुन्छ त्यो मुख्य पक्ष हो । बजेटको कार्यान्वयन प्रभावकारी र परिणामुखी हुन सकोस् । यो आशा र विश्वास पनि व्यक्त गर्न चाहन्छु ।

अब म अध्यक्ष महोदय, सबै मन्त्रालयहरूलाई समयको कारणले गर्दाखेरि समय नपुग्ने भएको हुनाले म एउटा मन्त्रालयमा मात्रै केन्द्रित रहेर अब म अलिकति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा मात्र केन्द्रित रहेर बजेटबारे छोटो कुराहरू राख्न चाहन्छु । नागरिक जीवन रक्षाको कोभिड-१९ को उपचार र रोकथाम तथा यसले दिइराखेको शिक्षालाई पहिलो प्राथमिकतामा राखेर आर्थिक वर्ष २०७७/०७८ को बजेट आउनु पर्थ्यो । बजेट त्यसरी नै आएको छ । कोरोना सङ्क्रमण रोकथाम र स्वास्थ्य प्रणालीमा सुधार शीर्षक अन्तर्गत १८ बुँदामा स्वास्थ्य क्षेत्रका कार्यक्रमहरू बजेट विनियोजन गरिएको छ । चालू आर्थिक वर्षको तुलनामा स्वास्थ्यको बजेट बढेको पनि छ । र ९० अर्ब ६९ करोड पुगेको छ । कोभिड-१९ को उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूको निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम बजेट विनियोजन गरी स्वास्थ्यकर्मीहरूप्रति सरकार गम्भीर र जिम्मेवारि बनेको छ । भएका अस्पतालहरूको स्तर उन्नति गर्ने र सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने भएका प्रयोगशालाहरूको क्षमता बिस्तार गर्ने र अत्याधुनिक प्रयोगशाला निर्माण गर्ने, स्थानीय तहसम्म आधारभूत अस्पताल निर्माण गर्ने, देशको कूल जनसङ्ख्याको ४० प्रतिशत जनसङ्ख्यालाई बीमाको दायरामा ल्याउने, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवा र महिलाहरूमा हुने सर्भाइकल, स्तन क्यान्सरको निःशुल्क परीक्षण गर्ने, विपन्न तथा ज्येष्ठ नागरिकहरूको निःशुल्क उपचार गर्ने, राष्ट्रिय रोग निदान केन्द्र, आरोग्य केन्द्र, व्यायामशाला तथा योग केन्द्र खोल्ने, बढी दुर्घटना हुने राजमार्गका खासखास ठाउँहरूमा ट्रमा सेन्टर निर्माण गर्ने, स्वास्थ्यकर्मीहरूको सङ्ख्या बढाउने लगायतका धेरै महत्वपूर्ण कार्यक्रमहरू तर्जुमा गरी बजेट विनियोजन गरिएको छ । यति हुँदाहुँदै पनि हाम्रो संविधानले मौलिक हक अन्तर्गत घारा ३५ मा व्यवस्था गरेको प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ । र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने कुरालाई यो बजेटले कति सम्बोधन गर्न सक्ला ? अहिलेसम्म जति रोगहरूको निःशुल्क उपचार गर्ने भनियो त्यो पनि नीतिमा मात्रै भनेजस्तो भएको छ । प्रक्रिया अत्यन्त ढिलाढिला देखिन्छन् । कताको सिफारिस, कताको बोर्ड निर्णय, उपचार पछि फाइल बोक्दै सम्बन्धित निकायमा धाउदाँको हैरानी, सर्वसाधारण जनताले सहज रूपमा निःशुल्क उपचार पाइरहेको अनुभूति पनि गर्न सकिरहेका छैनन् । अझ निजी क्षेत्रले स्वास्थ्यमा उद्योग चलाएर व्यापार गरिरहेको छ  र सेवाको नाममा अकुत नाफा कमाइरहेको छ । राज्यले सम्पूर्ण दायित्व आफूले लिएर सहज, सरल र निःशुल्क गर्नु पर्ने, स्वास्थ्य उपचार झन्झन् महङ्गो बन्दै गइरहेको छ । अध्यक्ष महोदय, मलाई अलिकति थोरै समय दिनुहोला । अहिले त कोभिड-१९ ले एउटा वातावरण पनि बनाएको थियो । सरकारले आँट गर्न सक्नु पर्थ्यो । स्वास्थ्य र शिक्षा क्षेत्रको पूरै दायित्व लिन र पूरै लिन नसके सुरुवात गर्नु पर्थ्यो तर बजेट त्यसरी आउन सकेन । बजेटको धेरै राम्रा पक्षहरू हुँदाहुँदै पनि यो कमजोरी रह्यो । म गम्भीरतापूर्वक सरकारको र सम्बन्धित मन्त्रालयको यो विषयमा ध्यान आकर्षण गराउन चाहन्छु । तथापि जे जति कार्यक्रमहरू आएका छन् राम्रा छन् । सर्वसाधारण जनताले त्यसबाट राम्रोसँग फाइदा लिएको अनुभूति गर्न सकून् । स्वास्थ्य क्षेत्रको दायित्व क्रमशः सरकाले लिँदैछ भन्ने कुरा प्रमाणित हुन सकोस् र म यी सबै मन्त्रालयलाई धन्यवाद दिँदै मेरो भनाइ यहीँ अन्त्य गर्दछु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय माया प्रसाद शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय  भगवती न्यौपाने ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, बजेटको नीति तथा कार्यक्रम हेर्दा असाध्यै खुसी लागेकै थियो र यो देशले नयाँ ढङ्गले काँचुली फेर्छ, नयाँ रुपान्तरण गर्छ । र यसले पूर्व-पश्चिम र उत्तर-दक्षिण सबैलाई सम्बोधन गर्न सक्छ । यो नीति र कार्यक्रम हो । यसले कार्यान्वयनको विषय बजेटबाट साधनको रूपमा अभिव्यक्त हुन्छ र कार्यान्वयन भइसकेपछि साध्य प्राप्त गर्छ र देशले नयाँ रूप धारण गर्छ भन्ने यही लागेको थियो । र बजेटको सरसर्ती ती सबै पुस्तकहरू हरेक मन्त्रालयहरूले वितरण गरिएका पुस्तकहरूलाई पल्टाउँदै जाँदा, अध्ययन गर्दै जाँदा, विश्लेषण गर्दै जाँदा र तिनीहरूको सबै पाटा र पक्षहरूलाई मिलाउँदै जाँदा नीति तथा कार्यक्रम र बजेटका बीचको तीव्र अन्तरविरोध छ । असमानता छ, तिनीहरूको बीचको सामायोजन छैन, अन्तर विरोधी छ । यसकारणले यसलाई के गर्न सक्छ भने जुन नीति र कार्यक्रम बन्यो, नीति र कार्यक्रम अनुसारको बजेट भएन भने कार्यान्वयन हुँदैन । यसकारणले मैले प्रत्येक मन्त्रालयसँग सम्बन्धित रहेर विषयवस्तुहरूलाई राख्नुभन्दा जहाँजहाँ आवश्यकता ठानेको छु र मेरो बुझाइ रहेको छ । त्यसैमा मैले आफ्ना विषयहरू राख्ने सोचेको छु । अध्यक्ष महोदय, अहिलेको अवश्यकताको हिसाबले सबैभन्दा बढी स्वास्थ्य, कृषि र शिक्षा हो । विशेष गरेर चेतना निर्माण गर्नका निम्ति शिक्षाको, बाँच्नका निम्ति स्वास्थ्य, खानाका निम्ति कृषि यो नितान्त आवश्यक चीजहरू हुन । तर यसलाई पूर्ति गर्नका लागि अरु पनि हुन केही पनि होइन त्यो होइन । मैले भन्न खोजेका अहिलेको सन्दर्भसँग यिनी बजेट मेल खान्छन् ।

हामीले शिक्षालाई गतिलो बनायौँ भने हाम्रा दक्ष जनशक्ति निर्माण गर्छौं, स्वाभिमानी शक्ति निर्माण गर्छौं । हामीले प्राधीन टाइपको शिक्षा निर्माण गरौं । निजी क्षेत्रलाई हामीले शिक्षालाई दिने भन्यौं । शिक्षामा बजेट कमजोर गर्‍यौं भने शिक्षा प्रभावकारी हुन सक्दैंन । शिक्षामा छुट्याउनु पर्ने बजेट नछुटिएको अनुभूति मैले गरेको छु । र विशेष गरेर यहाँ थोरै तलबमा धेरै काम गर्ने शिक्षकहरूको जमात छ र त्यो बाल शिक्षाको हिसाबले राहत शिक्षकको हिसाबले, निजी शिक्षाको हिसाबले, जो छ विद्यालयहरू धेरै खुल्ने स्थिति, शिक्षकहरू कम हुने स्थिति र साधन स्रोत प्रयोग गर्न नपाउँदा गुणस्तरीय शिक्षा नहुने स्थिति अन्तरविरोधी टाइपको छ । त्यसलाई शिक्षालाई केन्द्रित गर्ने समायोजन गर्ने र बजेट विशेष गरेर शिक्षकहरूमा लगाउने कुरामा शिक्षा साधन स्रोतमा लगाउने कुरामा जरुरी छ । अहिले हामीले सुनिराखेका छौँ यहाँ इन्टरनेटबाट शिक्षा पढाइँदैछ । कहाँ हो त्यो शिक्षा इन्टरनेटबाट पढाउने हुम्लामा, मुगुमा, डोल्पामा, मुस्ताङमा कहाँ त्यो ? काठमाडौं त पढिराखेको कुरा हो, भक्तपुर त पढिराखेकै कुरा हो । यसकारणले त्यो शिक्षा त्यहाँ पुगेको छ कि छैन ? त्यो शिक्षा त्यता ध्यान दिन पर्छ । द्वन्द्व पीडित शिक्षकहरू जनयुद्धका कालमा

माओवादी वा गैरमाओवादी भएका कारणले राज्य पक्ष र विद्रोही पक्षबाट शिक्षकहरू जागिर छोड्न बाध्य भए तिनीहरू अहिलेसम्म आफ्नो शिक्षाको एउटा माग गरिराखेका छन् । अहिलेसम्म हामीले केही निर्णय गरेका छैनौं र द्वन्द्व पीडित बालबालिकाहरू छन् हामी यहाँ हेर्छौं जसले त्यसको वास्तविक मर्म बुझेको हुन्छ त्यसलाई धेरै पीडा हुन्छ । जसले त्यहाँभित्रको थाहा पाएको हुन्छ त्यसलाई धेरै पीडा हुन्छ । हामीले हेरेका छौं जनयुद्धको बेला तमाम् खालका मानिसहरू शहिद हुँदा उनीहरूका छोराछोरीहरू अलपत्र परेका छन् । र तिनीहरूलाई हामीले शिक्षा दिन सक्छौ कि सक्दैनौं ? कृषिमा हामी त्यसलाई हामी जोडन सक्छौं कि सक्दैनौं ? हामीले कृषिमा त्यसलाई राहत दिने गरी योग्यता उसको भनम् उसको उसलाई योजना दिने गरी अथवा आत्मनिर्भर हुने गरिकन जोड्न सक्छौं कि सक्दैनौं । त्यसैले यसको अन्तरसम्बन्धित छ भन्ने मलाई लागेको, अन्तरसम्बन्धित छ भन्ने लागेको छ र कृषिमा पनि रकम पुगेको मलाई लागेको छैन । त्यसकारण त्यहाँ जोड गर्नु पर्छ जस्तो लाग्छ ।

अर्कोतिर हामीले हेर्‍यौं भने स्वास्थ्य पहिलेको आवश्यकता भएको छ । यतिबेला हामीले ७७ वटा जिल्लामा स्वास्थ्य जहाँ हामीले भन्दै पनि आएका छौं ५० शैयाको हस्पिटल छन् । ती ५० शैयाको हस्पिटलहरू छन् ती ५० शैयाका हस्पिटललाई यही अवसरमा, यही आवश्यकतामा हामीले त्यसलाई केन्द्रित गर्नु पर्ने औषधि उपचारको निम्ति केन्द्रित गर्नु पर्ने होला जस्तो लाग्छ । तर अर्कोतिर हामीले अब यसलाई यो बजेट कार्यान्वयनका हिसाबले कार्यान्वयन गर्दाखेरि तल्लो निकायलाई दिनु पर्छ, संघीयतालाई लागू गर्नु पर्छ । यो जिल्ला समन्वय समिति छ त्यहाँ १५/१६ जना मानिसहरू त्यहाँ ९ जना प्रतिनिधि निर्वाचित प्रतिनिधि र अरु कर्मचारीहरू गरेर त्यो बेफुर्सदिलो छ त्यसलाई काम भएको छैन त्यसलाई कहाँ जोड्ने त्यसका बारेमा सोच्नु पर्ने र त्यसको अधिकारको बारेमा पनि निश्चित गर्नु पर्ने देखिन्छ । अर्कोतिर हामीले अब उसलाई बाहिर रहेका तेस्रो मुलुकमा रहेका नागरिकहरू छन् । तिनीहरूको भाडा बढी छ । त्यसलाई कम गराएर ल्याउने कुरामा विशेष ध्यान दिनु पर्छ । ६४/६५ हजार भाडा तिर्न पनि सक्दैनौं भनेर धेरै मानिसहरूले खबर गर्छन् । त्यो फेरि धनी यता आउने गरिब उतै रहने स्थिति नबनोस् भन्ने कुरामा ध्यान दिनु पर्छ । यसलाई कार्यान्वयन गर्ने कुरामा हामीले (समय सकियो माननीयज्यू टुङ्ग्याउनु होस्) एक मिनेट थप्दिनु हुन्छ जस्तो लागेको छ मलाई विश्वास त्यही छ । र यसकारणले हामीले यो बजेट राम्रो नीति तथा कार्यक्रम राम्रो हुँदा पनि यसलाई जोड्ने कुरामा केही अभाव छ र गृह मन्त्रालय अन्तर्गत रहेको जुन प्रकारको त्यो प्रदेशको सरकार छ त्यसले न पुलिस न प्रशासन कुनै पनि चलाउन नपाउँदा त्यो नाम मात्रको मामिला मन्त्रालय रहेको छ । यसलाई छिटोभन्दा छिटो कानूनी व्यवस्थापन गरेर तल पहल कदमी लिने, प्रदेशमा पहल कदमी लिने गरेर व्यवस्थापन गर्नु पर्छ अन्य यस्तै प्रकारका तमाम् खालका विषयहरूलाई जोड्ने कुरामा सरकारले ध्यान दिनेछ । यो आलोचना, आक्रोश, आवेग केही पनि होइन । यताबाट हेर्दा हामीले सरकारलाई support गर्ने र सरकारलाई सुझाव र सल्लाह दिएर प्रभावकारी र व्यवस्थित बनाउनका निम्ति हाम्रा सुझावहरू रहेका छन् यही ढङ्गले ग्रहण गर्नु हुनेछ । धन्यवाद । लालसलाम ।

**सम्माननीय अध्यक्ष:**- माननीय भगवती न्यौपाने समय ७ मिनेट । यसपछि माननीय विमला घिमिरे ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयकमाथि छलफल गरिराखेका छौँ । आज जुन-जुन मन्त्रालयसँग सम्बन्धित बजेटको बारेमा हामी छलफल गर्दैछौँ माननीय मन्त्रीज्यूहरू सिङ्गो देशले भरोसा गरेको, सबै जनताले भरोसा गरेका आफैमा क्षमता राख्ने मन्त्रीज्यूहरू हुनुहुन्छ । उहाँहरूले धेरै मेहनत गरेर बजेट प्रस्तुत गर्नु भएको छ, बजेट विनियोजन गर्नु भएको छ । त्यसैले म बजेटका धेरै राम्रा पक्षहरू छन् । म राम्रा पक्षहरूलाई समर्थन गर्न चाहन्छु । हामीले यस अगाडि पनि बजेटका बारेमा छलफल गरेका छौँ प्री-बजेटदेखि नीति तथा कार्यक्रम प्री-बजेटदेखि बजेट र अहिलेसम्म हामी छलफल गर्दाखेरि धेरै कुराहरू हामीले राख्दै आएका छौँ । त्यसैले यसका सकारात्मक पक्षका बारेमा पनि हामीले चर्चा गरेका छौँ र बजेटमा भएका सकारात्मक कुराको बारेमा म समर्थन गर्दछु र बजेटका धेरै राम्रा पक्षहरू छन् । केही कुराहरू मैले विगतमा योभन्दा पनि पहिला भनेको थिएँ वास्तवमा बजेट विनियोजन गर्ने सन्दर्भमा एउटा सांसदले मेरो त बजेट परेछ नि, मेरो त मन्त्रीज्यूले पारिदिनु भएछ भनेर खुसी हुने अवस्था अर्को सांसदले मैले भनेको त पारिदिनु भएनछ मन्त्रीज्यूले, मैले दिएको त पारिदिनु भएनछ भनेर दुःखी हुने अवस्था । त्यस्तो अवस्थाको अन्त्य हुनु पर्छ । त्यसैले प्रायोरिटी बेस बजेट विनियोजन हुनु पर्छ एउटा नीति बनाऊँ अब बहस त्यसरी गरौँ । समग्र हामीले राष्ट्रको समृद्धिको कुरा गरेका छौँ, सुखी जनताको कुरा गरेका छौँ यो परम्परागत शैलीले बजेट विनियोजन गरेर समृद्ध देश निर्माण गर्न सक्दैनौँ राष्ट्रिय आकाँक्षा पूरा हुन पनि सक्दैन । त्यसैले अब नीतिगत रूपमा बहस गर्नु पर्छ बजेटलाई हामीले यो प्रायोरिटी तोकेर जनताको जीवनमा बदलाब ल्याउने गरी देशलाई समृद्ध बनाउने गरी बजेटको विनियोजन गर्नु पर्छ । त्यसमा म ध्यान आकर्षण गराउन चाहन्छु । यदि त्यसो गरिएन भने हामीले समाजवादलाई कहिल्यै भेटाउन सक्दैनौँ समाजवादसँग हाम्रो भेट हुँदैन भन्ने मलाई लाग्छ ।

मैले कृषिको बारेमा अलिकति फोकस गर्न चाहन्छु । कृषि अहिलेको परिस्थितिमा बढी जोड दिन पर्ने विषय पनि भएको हुनाले मैले कृषिमा अलिकति सुझावको रूपमा मात्र राख्न चाहन्छु । बजेटका सकारात्मक पक्षलाई समर्थन गर्दै मैले यो राम्रो थियो, त्यो राम्रो छ भनेर भन्नेभन्दा पनि बुँदागत रूपमा सुझाव राख्न चाहन्छु । कृषिका सबै कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने सन्दर्भमा स्थानीय तहलाई सञ्चालन गर्न दिनु पर्छ भन्ने मेरो एउटा सुझाव रहेको छ । संघ र प्रदेशले मनिटरिङ्ग गर्नु पर्छ । स्थानीय तहलाई सबै सञ्चालन गर्ने जिम्मा दिनु पर्छ भन्ने सुझाव राख्न चाहन्छु । धेरै अन्नबाली एवम् तरकारीका बिउहरू पनि आयतित छन् त्यसैले त्यसलाई अन्त्य गर्नका निम्ति अब देशमा नै बिउहरू उत्पादन गर्ने अथवा बढी उत्पादन दिने बिउहरूलाई उत्पादन गर्न आवश्यकता छ । त्यसका निम्ति अनुसन्धान केन्द्र र विश्वविद्यालयलाई अनुसन्धानका निम्ति प्रोत्साहित गरेर त्यो कार्यका

निम्ति ध्यान दिनु पर्छ भन्ने म सुझाव राख्न चाहन्छु । त्यस्तै बाली लगाउने समयमा नै बालीको न्यूनतम् मूल्य तोकिनु पर्छ भन्ने पनि सुझाव दिन चाहन्छु र भारतमा यो धर्म भकारी भनेर सञ्चालन गरिने रहेछ । हामीले नाम जे पनि दिन सक्छौँ । स्थानीय तहले कृषकहरूबाट, किसानहरूबाट खाद्यन्नहरू खरिद गर्ने, सङ्कलन गर्ने र त्यसपछि यदि महामारी भइरह्यो भने अहिले जस्तो महामारी आइलाग्यो भने त्यस्तो अवस्थामा स्थानीय तहले खरिद गरेको किसानहरूबाट खरिद गरेर जम्मा गरेको सङ्कलन गरेको खाद्यन्नलाई वितरण गर्ने । गरिबहरू जो खान नपाएर जीवन सङ्कटमा पर्ने अवस्था हुन्छ त्यस्ता गरिबहरूका निम्ति वितरण गर्ने । यदि महामारी हुने अवस्था भएन भने बिक्री गर्ने सस्तो मूल्यमा बिक्री गर्ने सुलभ मूल्यमा बिक्री गर्ने गरी त्यो खालको कार्यक्रम सञ्चालन गर्न आवश्यकता छ भन्ने मैले ठानेको छु । म त्यसतर्फ ध्यान आकर्षण गराउँन चाहन्छु । त्यस्तैगरि कृषिलाई यन्त्रिकीकरण गर्ने कुरा धेरै विगतदेखि बहसको विषय बन्यो । त्यसैले अब कृषिलाई यन्त्रिकीकरण गर्ने र मेसिनहरू ल्याउने सन्दर्भमा हामीले विदेशबाट मेसिनहरू ल्याउने गर्दछौं त्यसको क्वालिटी चेक पनि हुँदैन । त्यसले गर्दाखेरि बिग्रिने, प्रयोग गर्दागर्दै बिग्रीने त्यस्तो खालको समस्याहरू पनि आइलागेको छ । अब स्वदेशमा नै त्यस्तो कारखानाहरू निर्माण गर्नु पर्‍यो, यन्त्रहरू यही बनाउने मेसिनहरू नेपालमा नै बनाउने कारखानाहरूको विकास गर्नु पर्‍यो । कृषिलाई यन्त्रिकीकरण गर्नु पर्छ भन्ने म सुझाव दिन चाहन्छु । वर्षेनी ११/१२ लाखको रासायनिक मलको अनुदान दिइने गरिन्छ । अब हामीले नेपालमा नै रासायनिक मलको कारखाना निर्माण गर्नका निम्ति यसै वर्षको बजेटमा संभाव्यता अध्ययनको निम्ति बजेट विनियोजन गरेको भए हुने थियो । त्योभन्दा पनि अझ हामीले प्राङ्गरिक मललाई जोड दिनु पर्छ । प्राङ्गरिक मलका उद्योगहरूलाई प्रत्येक प्रदेशमा त्यस्ता उद्योगहरू सञ्चालन गर्नका निम्ति म सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । यस्तैगरि भारतबाट आउने, विदेशबाट आउने खाद्यान्नहरूलाई विषादी परिक्षण गर्न जरुरी छ । त्यसो गर्दाखेरि आयात कम हुने हुन्छ र उत्पादन बढ्ने गर्दछ । त्यो दीर्घकालीन रूपले राष्ट्रिय अर्थतन्त्रलाई पनि धेरै मद्दत गर्ने योगदान पुऱ्याउने भएको हुनाले त्यस कार्यमा जोड दिनु पर्छ भनेर म अनुरोध पनि गर्न चाहन्छु ।

मैले पर्यटनको सन्दर्भमा भानु जन्मस्थल तनहुँमा आदिकवि भानुभक्त आचार्य जो साहित्य आकासका चम्किला नक्षत्र हुन् । भाषिक एकतको प्रतिक पनि हो भनेर चिनिन्छन् । राष्ट्रिय महत्वमा राख्नु पर्ने विषय हो सवाल हो । भानु जन्मस्थल विकास केन्द्रलाई म केन्द्र अन्तर्गत नै सञ्चालन गर्नका निम्ति म सम्बन्धित मन्त्रालयको माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउँन चाहन्छु । अहिले वास्तवमा भानु जन्मेको ठाउँ चुँदीरम्घा हो तनहुँको भानु नगरपालिका चुँदीरम्घा हो भन्ने कुरालाई स्थापित गर्न सकौं म यो अनुरोध गर्न चाहन्छु । मैले शिक्षामा थोरै अलिकति समय माग्न चाहन्छु । मैले शिक्षामा अलिकति जोड दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कोरोनाको कहरमा शिक्षक तथा प्राध्यापकहरूलाई कसरी परिचालन गर्ने भन्ने विषयमा वास्तवमा बजेट मौन रहेको, मन्त्रालय मौन रहेको जस्तो मलाई अनुभूति भएको छ । त्यसैले आज ९० लाख जति विद्यार्थीहरू जो

बालविकासदेखि उच्च शिक्षासम्मको ९० लाख जति विद्यार्थीहरू घरमा बसेका छन् । शिक्षकहरू बिदामा घरमा बसेको अवस्था छ । भर्चुअल शिक्षा मार्फत् कक्षा अगाडि बढाउने भनेर भनेका छौँ तर पनि विद्यार्थीहरूको कलासिफाई विद्यार्थीहरूको वर्गीकरण गर्न जरुरी छ । सबैको इन्टरनेटको पहुँच छैन, सबैले कतिपयसँग साधन हुनेले पनि इन्टरनेटको प्रयोग गर्न जान्दैनन् । र कतिपय साधननै नहुने र इन्टरनेटको प्रयोग पनि गर्न नसक्ने खालका विद्यार्थीहरू छन् । उनीहरूको पहिचान गरेर, वर्गीकरण गरेर कक्षा सञ्चालन गर्नका निम्ति पठन-पठनलाई अगाडि बढाउनका निम्ति म सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । हामीले डाक्टर, नर्सहरू उत्पादन गर्छौं, हामी प्राविधिक जनशक्तिहरू दक्ष जनशक्तिहरू उत्पादन गर्छौं तर राज्यले लगानी गर्छ दक्ष जनशक्ति उत्पादन गर्न ती जनशक्तिहरू विदेशीलाई काम लाग्छ । त्यसो भएको हुनाले अब स्वदेशमा नै ती दक्ष जनशक्तिहरूलाई व्यवस्थापन गर्नका निम्ति सम्बन्धित मन्त्रालयले योजना बनाउन जरुरी छ । म त्यसतर्फ ध्यान अकार्षण गराउन चाहन्छु । अघि बालविकासको बारेमा कुरा उठ्यो माननीयज्यूहरूले भन्नु भयो ECD जो बालविकासमा कार्यरत शिक्षकहरू छन् । महिला शिक्षकहरू ३४८८ जना देशभरि छन् उनीहरूको पारिश्रमिकको कुरा गर्दाखेरि अघि सबैले भनिसक्नु भएको छ ६ हजार पारिश्रमिक छ । यो धेरै पीडादायी अवस्था दिनको २ सयको दरले उहाँहरूले तलब बुझ्नुहुन्छ यसरी कसरी जीवन चल्छ यो विषयमा राज्यको ध्यान जान जरुरी छ ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे समय ७ मिनेट । यसपछि माननीय सुमित्रा वि.सी. ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ का विभिन्न शीर्षकहरूमाथि हामी यस सम्मानित सदनमा छलफल गरिरहेका छौँ । विनियोजन विधेयक, २०७७ का सिद्धान्त, प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम र बजेटलाई हेर्दा दिगो विकासका लक्ष्यतर्फ उन्मुख र केन्द्रित देखिन्छ । कोभिड-१९ को कारणले केही नयाँ समस्याहरू थपिएका छन् र त्यसतर्फ पनि उत्तिकै ध्यान पुऱ्याइएको छ । समग्रमा बजेट सन्तुलित, समय अनुकूल र यसलाई कार्यान्वयनको पक्षलाई विशेष जोड दिन सक्यो भने परिस्थिति अनुकूल बन्दै जाँदा हरेक पक्षमा विकासको गति अगाडि बन्न सक्छ भन्ने कुराको पूर्ण विश्वास लिन सकिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, कोभिड-१९ ले यसमा निम्ताएको समस्याहरूको कारणले बजेटको आकार घटे पनि यसले हाम्रा गौरवका आयोजनाहरू विभिन्न सडक, पुल, सिँचाइ र विभिन्न क्षेत्रमा ध्यान पुऱ्याउन सकेको देखिन्छ । सँगसँगै हाम्रा स्वास्थ्यकर्मी लगायतहरूलाई प्रोत्साहन भत्ता ५ लाखसम्मको निःशुल्क बीमा र दुर्घटना हुने क्षेत्रमा ट्रमा सेन्टर केन्द्र प्रदेश जिल्ला तहमा सरुवा रोग अस्पताल र अन्य अस्पतालहरूको स्तरउन्नति

गर्नु एकीकृत एम्बुलेन्स सेवा सञ्चालन गर्नु, स्वास्थ्य स्वयम्सेविकाहरूको यातायात खर्च दोब्बर बढाउनु यो स्वास्थ्य क्षेत्रका निम्ति निकै महत्वपूर्ण विषय हुन् । यसैगरि कृषि क्षेत्रमा समग्रमा हेर्दा बजेट कम हुन्छ । यो सबैलाई महशुस भइरहेको हो तर यसका योजनाहरू आगामी वर्ष दुध, तरकारी र मासुजन्य, उत्पादनमा देशलाई आत्मनिर्भर बनाउनेतर्फ उन्मुख छन् । रासायनिक मलमा ११ अरब र उखु किसानहरूलाई ९५ करोड अनुदान, नवप्रवर्तनकारी योजनाहरूमा प्रोत्साहनका निम्ति सुरुवाती पुँजीको व्यवस्था, कृषि पकेट क्षेत्रमा लगानी, सुरक्षित कृषि सुनिश्चित बचत जस्ता कार्यक्रमको मार्गदर्शनमा रहेर यी कृषि क्षेत्रलाई अगाडि बढाउन खोजिएको छ । किसानले उत्पादन गर्ने मुख्य बाली बस्तुको उत्पादन लागत मूल्याङ्कन गरी उचित बचतको ग्यारेण्टि गरी न्यूनतम् समर्थन मूल्य तोकिनु यो अत्यन्तै राम्रो किसानको पक्षमा यो बजेट बोलेको छ । त्यसैगरि कृषि आधुनिकीकरण परियोजनालाई यन्त्रिकीकरण, बजार व्यवस्थापन, प्रशोधन क्षेत्रमा केन्द्रित गरिने कुराले थप किसानहरूलाई उत्साहित बनाएको छ ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रपति महिला सशक्तिकरण परियोजना मार्फत् विभिन्न अति विपन्न वर्गका पछाडि पारिएका महिलाहरूको, रोजगारी गुमाएका महिलाहरूको क्षेत्रमा विभिन्न खालका महिला उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गर्ने यो बजेटले समेटेको देखिन्छ । र दुर्गम क्षेत्रमा ज्यान जोखिममा परका गर्भवती महिलाहरूको उद्दार गर्ने कार्यक्रम, त्यसैगरि विभिन्न खालका प्रशिक्षणहरू, टेवा पुँजी, महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन गर्ने जस्ता कार्यक्रमहरूले महिलाहरूलाई थोरै भए पनि सुविधा र त्यतापट्टि विकासको गतिमा अगाडि बढ्नका निम्ति यो कार्यक्रमले निकै महत्वपूर्ण भूमिका खेल्छ भन्ने मलाई लाग्छ । त्यसैगरि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, १३ लाख ४० हजार छात्राहरूलाई स्यानेटरी प्याड वितरण, सबै प्रदेशमा विधि विज्ञान प्रयोगशाला निर्माणका कुराहरूले शिक्षाको क्षेत्रमा निकै महत्वपूर्ण भूमिका अगाडि बढाउँछ । आज यो बजेटले समेटेको छ जसले गर्दा जनतामा थोरै भए पनि आशाको दियो जगाएको छ । सम्माननीय अध्यक्ष महोदय, विदेशमा अलपत्र नेपाली कामदारहरूलाई स्वदेश ल्याउने र स्वदेश ल्याउन व्यवस्था मिलाउने, गरिब र विपन्नहरूलाई विद्युतमा सहज पहुँच आगामी वर्ष देशभर फोरजी सेवा विस्तार, मेलम्ची खानेपानी आयोजना सम्पन्न गरी वितरण सुरु गरिने, हिमाली र पहाडी क्षेत्रका पर्यटकीय क्षेत्रहरूमा पूर्वाधार विकास गरी सुविधायुक्त हिल स्टेसनका रूपमा विकास गरिने, नेपाल एकीकरणका इतिहाससँग जोडिएका गढी र किल्लाहरूको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको क्षेत्र विकास गर्ने कुराहरू जुन समेटिएका छन् । यी अत्यन्तै राम्रा पक्षहरू हुन् ।

सम्माननीय अध्यक्ष महोदय, स्थानीय स्तरमा मात्र होइन राष्ट्रिय गौरवका आयोजनाहरू जस्तै रेल पानी जहाज, सुरुङ्ग मार्ग, उर्जा क्षेत्र, सिँचाइ, तराई मधेस समृद्धि कार्यक्रमले जनतालई स्थानीय स्तरमा मात्र हैन राष्ट्रिय स्तरमा पनि अत्यन्तै गौरवान्वित बनाउन यो बजेटले हामीलाई उत्साहित गरेको छ । तर यसमा केही धेरै कुराहरू अगाडि बढाउँदा बढाउँदै पनि केही सुझावहरू दिन पर्ने अवस्था पनि देखिन्छ र मैले विशेषगरि तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने कुरा यो बजेटले समेटेको छ । यो अत्यन्तै

नेपालकै निम्ति सुखद् कुरा हो तर यसमा बजेट विनियोजनमा देखिएको छैन । यसलाई मैले योभन्दा अगाडि पनि छलफलमा जोड दिँदै यहाँ यो सम्मानित सदनमा राख्दै गर्दा यो बजेटको पर्यटन मन्त्रालयको बजेटमा हेर्दाखेरि पनि त्यो फेरि पनि देखिएको छैन । यसलाई यो गुरु योजना बनाउनको निम्ति बजेटले नै सम्बोधन गर्न पर्छ भन्ने मैले सुझाव राख्न चाहन्छु । यी सबै कुराहरू जति जना छन् यहाँ समय अभावका कारणले सबै बताउन सकिन्न तर पनि योजनाहरूलाई एउटा दृढ इच्छा शक्तिका साथ कार्यान्वयनमा लैजानुको विकल्प छैन । समग्रमा यो बजेटका योजनाहरू अत्यन्तै राम्रा छन् यति हुँदाहुँदै पनि केही ध्यान दिनु पर्ने कुराहरू मैले यो सम्मानित सदनमा ध्यान आकर्षण गराउन चाहन्छु ।

मन्त्रालयले बजेट बाँडफाँड गर्दा शक्ति, पहुँच र भनसुनका आधारमा गरे जस्तो कुरा सबैलाई अनुभूति भएको छ । खासगरि अहिले यो नेकपाको सरकार र यसले गर्नु पर्ने जुन विकास निर्माण र अन्य क्षेत्रमा छुट्याइने बजेट अनुगमन मूल्याङ्कन र आवश्यकताका आधारमा हुनु पर्दथ्यो त्यो अलिकति हुन नसकेको हो भन्ने सबैतिरबाट कुरा आएको छ र म आफूलाई पनि त्यो लागेको छ र त्यसालाई आगामी दिनमा सच्याइनु पर्दछ । त्यसैगरि थुपै पर्यटकीय र साँस्कृतिक, ऐतिहासिक स्थलहरू हाम्रो देशमा छन् । त्यस्ता स्थानहरूको पहिचान भएको छैन तर साना-साना मन्दिरहरूमा मात्रै बजेट विनियोजन गर्दा हामीले भोलि पर्यटन क्षेत्रलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुराको प्रश्न चिह्न यहाँ खडा भएको छ । त्यसैले त्यस्ता ऐतिहासिक स्थलहरू ओझेलमा परेको देखिन्छ यो बजेटबाट । त्यसैगरि सामुदायिक विद्यालयहरूका कर्मचारी यो कुरा अघि नै उठिसकेको छ उहाँहरूको पारिश्रमिक, त्यसैगरि बाल शिक्षामा काम गर्ने ....... .(समय सकिएकोले माइक काटिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सुमित्रा बि.सी. समय ७ मिनेट । यसपछि माननीय कोमल वली ।

**<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):</u>-** सम्माननीय अध्यक्षज्यू, हामी २०७७/७८ को यो बजेट वक्तव्यमा आधारित रहेर विषयगत मन्त्रालयहरूले बजेट विनियोजन गरेको विषयलाई लिएर हामी छलफल गर्दैछौं । थुप्रै भनाइहरू आइसकेका छन् र यी आजको छलफल भनेको १४ वटा ११ वटा मन्त्रालय, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री कार्यालय लगायत १४ वटा मन्त्रालयहरूको सेरोफेरोमा रहेर हामी छलफल गर्न गइरहेका छौं र मलाई लाग्छ हाम्रो नीति कार्यक्रम र बजेट वक्तव्यको सेरोफेरोमा रहेर यी मन्त्रालयहरूले आफ्नो बजेट वक्तव्यको विनियोजन विधेयक गरेको मलाई महशुस भइरहेको छ । स्वभाविक रूपले हाम्रो अहिलेको यो कोरोनाको महामारीले हरेक ठाउँमा बजेट कमी हुनु स्वभाविक छ । र यति हुँदाहुँदै पनि यहाँ साथीहरूले कुरो ल्याइसक्नु भएको छ । कतिपय थुप्रै कार्यक्रमहरू सबै मन्त्रालयका थुप्रै कार्यक्रमहरू राम्रा छन् र भोलि हामी यिनी कार्यक्रमहरूमा छुट्याइएको बजेटले हाम्रो नीति

र कार्यक्रम अनुसार हामी त्यो सम्पन्न गर्न सक्दैनौं कि भन्ने कुराहरू पनि आएको छ । मलाई लाग्छ हामी सबैले निष्पक्ष पारदर्शी ढङ्गले र न्यायोचित ढङ्गले लाग्यौं भने हाम्रा केही सपना पूरा हुनेछन् । म स्वास्थ्य मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । र आज हाम्रा तमाम नेपालीहरू हाम्रो खानपिन, हाम्रो बिषादी तरकारीमा फलफूलमा विभिन्न कारणले हामी सबैका शरीरका अङ्गहरू एउटा-एउटा बिग्रिरहेका छन् र विशेष गरी असाध्य रोग जस्तै हामी अलि ठुलो रोगहरू किड्नी ड्यामेज हुने, क्यान्सर हुने विभिन्न रोगहरू जटिल रोगहरू पनि धेरै नेपालीहरू पीडित छौं । गाउँबस्तीहरूबाट त्यसको उपचार गर्नका निम्ति हामी अलि ठुला सहरमा आउनु पर्ने एउटा बाध्यता छ । यहाँ डेरा गरेर बस्नु पर्ने बाध्यता छ । त्यो उपचार पनि धेरै महङ्गो भएको कारणले कतिपयले त उपचार गर्न नसकेर अकालमा मर्नु पर्ने एउटा स्थिति छ । सरकारले केही निःशुल्क गर्ने र डाइलोसिस् निःशुल्क गर्ने र कतिपय रोगहरूमा आर्थिक सहयोग गर्ने योजना ल्याएको छ । त्यतिले मात्र पर्याप्त नभएर म स्वास्थ्य मन्त्रालय अन्तर्गत नेपाल सरकारसँग भन्न चाहन्छु ।

हामीले सक्छौं भने जिल्ला-जिल्लामा तत्काल त्यस्तो स्थिति छैन भने प्रदेश-प्रदेशमा भए पनि डाइलोसिस् मेसिनहरूलाई कहाँ छन् ? कति छन् ? तिनीहरूलाई व्यवस्थित गर्ने सबैको पहुँचमा पुगोस् र जहाँ छैनन् त्यहाँ पनि स्थापना गर्ने कोशिस गरियोस् भन्ने म हार्दिक अनुरोध गर्न चाहन्छु । ती विरामीहरूले जुन आर्थिक सहयोग पाउँछन् त्यो आर्थिक सहयोग पनि सरल र सुलभ ढङ्गले प्राप्त गर्न सकून भन्ने म अनुरोध गर्न चाहन्छु । र यस्तै गरेर मैले अस्तिनै पनि भने जुन ट्रमा सेन्टर हाइवेमा मात्रै हाइवेका नजिक हस्पिटलमा राख्ने कुरा छ त्यसलाई हाइवेदेखि अलि साइडमा भएका प्रदेशहरूमा पनि त्यसको व्यवस्था होस् भन्ने म पुनः माग गर्न चाहन्छु । त्यो व्यवस्था गरियोस् भन्ने म माग गर्न चाहन्छु । हाम्रो संसारको सृष्टि चलाउने महिला, पुरुष जुन बच्चाहरू जन्मिन्छन् बच्चा जन्मिदा महिलाहरूले जुन प्रसव व्यथाले अकालमा जीउज्यान गुमाउनु परेको छ त्यसलाई म पुनः जोड दिन चाहन्छु । त्यो प्रसुति हुनेहरू पनि सुविधा सम्पन्न सुलभ तरिकाले प्रदेश-प्रदेशमा त्यसको व्यवस्था होस् र त्यसको विशेष त्यसमा बजेट छुट्याइयोस् भन्ने म हार्दिक अनुरोध गर्न चाहन्छु । त्यस्तै उद्योग मन्त्रालय अन्तर्गत जुन खालको अहिले यो विभिन्न किम्ती र अर्धकिम्ती पत्थरको प्रसोधन गर्ने कुराहरू छ । दैलेखको पेट्रोल खानीलाई सञ्चालन गर्ने कुरा छ । यस्ता खालका उद्योगहरू सञ्चालन गर्दाखेरि हाम्रा स्थानीय तहकै जनशक्तिहरूलाई काम दिने व्यवस्था होस् र यसको लागि बाहिरबाट आएको शक्तिहरूलाई बाहिरबाट आएको जनशक्ति पनि परिचालित होस् र त्यस्तै गरेर संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गतको जुन राष्ट्रिय सम्पदाहरू छन् र सुर्खेतमा पनि काक्रेविहारको त्यो जुन पुरातत्व ऐतिहासिक त्यहाँ ढुङ्गाहरू छन् । त्यहाँ काम पनि भइराखेको छ त्यो काममा अलि ढिलासुस्ती भएको जस्तो हामीलाई महशुस भएको छ । अलि छिटो छरितो भयो भनेदेखि त्यसले पनि त्यस क्षेत्रका जनताहरूलाई आर्थिक हिसाबले बाहिरी पर्यटक पनि आएर आर्थिक हिसाबले सम्पन्न हुने मौका मिल्थ्यो । त्यसकारण यी सबै कुराहरूलाई ध्यान पुऱ्याउँदै सम्पूर्ण मन्त्रालयहरूका यो जुन बजेट छ यसलाई निष्पक्ष पारदर्शी ढङ्गले वितरण गर्दै र व्यवस्थित कार्यान्वयन होस् र विकासका निम्ति सपोर्ट होस् भन्दै नेपाल सरकार र

सम्बन्धित मन्त्रालयहरूलाई हार्दिक धन्यवाद दिँदै आफ्नो भनाइ टुङ्ग्याउँछु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय कोमल वली समय ७ मिनेट । यसपछि माननीय राधेश्याम पासवान ।

**माननीय श्री कोमल वली (नेपाली कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज विनियोजन विधेयक २०७७/७८ अन्तर्गत विभिन्न मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा छौँ । जुन-जुन मन्त्रालयको छलफल हुँदैछ सम्बन्धित मन्त्रिज्यूहरूको उपस्थिति हुनु पर्ने हो केही मन्त्रीज्यूहरूलाई देख्न सकिएन । हामीले कसलाई सुनाउने अब ? यसमा अध्यक्षज्यूबाट रुलिङ् हुनु पर्छ भन्ने लाग्छ र भविष्यमा यस्तो नहोस् । सम्माननीय अध्यक्ष महोदय, आगामी आर्थिक वर्षको समग्र बजेटको बारेमा यस अघि नै मैले आफ्नो धारणा राखिसकेकी छु । बजेटका प्राथमिकता, उद्देश्य, कार्यक्रमहरू नराम्रा छैनन् र हुँदैनन् तिनको कार्यान्वयनमा बजेटको सफलतामा भर पर्छ । विषयगत मन्त्रालयहरूले बजेटले समेटेका कार्यक्रमहरूलाई कसरी कार्यान्वयन गर्छन् त्यो नै महत्वपूर्ण पक्ष हो । अहिले छोटो समयमा सबैको बजेट र कार्यक्रमलाई केस्रा-केस्रा केलाउन र प्रतिक्रिया दिन पनि सकिँदैन । विषयगत मन्त्रालयमाथिको छलफलबाट बजेटमा संशोधन हुने पनि हैन । तर बजेट कार्यान्वयनमा भने हाम्रो सुझाव र प्रतिक्रियाले महत्वपूर्ण स्थान राख्ने छ र राख्नु पर्छ ।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म परराष्ट्र मन्त्रालयका बारेमा केही कुरा राख्न चाहन्छु । विद्यमान सीमा सम्बन्धी समस्या वार्ताबाट समाधान गर्ने भनिएको छ । भारतले चीनसँग यही कोरोना समयकै बीचमा भारतसँग वार्ता गऱ्यो । हामीसँग किन ढिला भइरहेको छ ? कोरोनाले विश्वको पावर इक्वेसनमा पक्का पनि परिवर्तन ल्याउनेछ । त्यसपछिको वल्ड कस्तो हुन्छ ? त्यसलाई हामीले निरन्तर अध्ययन गरेर विश्लेषण गर्नु आवश्यक छ । हिजो न चीन शक्तिशाली थियो न भारत हाम्रो नजर पश्चिममा थियो अर्थात् युरोप र अमेरिकामा तर अहिले २ वटा इमर्जिङ् पावरको बीचमा छौँ हामी । भू-राजनीतिक तनाव छ त्यो भू-राजनीतिक तनावमा हामी कसरी फिट हुने ? दुई ढुङ्गाको बीचको तरुल भन्ने कथन अहिले पनि सान्दर्भिक छ । यस्तो परिस्थितिमा नेपालको नयाँ छिमेकी नीतिको सम्बन्ध कस्तो हुनु पर्छ ? त्यसलाई सिरियस्ली हेर्नु पऱ्यो । डिप्लोमेसीलाई रि-ओरियण्ट गर्नु पऱ्यो । हाम्रा दुतावासमा कल्चरल एटाची, साँस्कृतिक सहचारी राख्ने व्यवस्था भएमा राम्रो हुनेछ । हाम्रा दतावास र मिसनहरूको प्रभावकारीतामा प्रश्न उठेको छ । दुतावासलाई परिणाममुखी कसरी बनाउने ? राजदुतहरूको मूल्याङ्कन कार्य सम्पादनका आधारमा गर्नु पऱ्यो । अनावश्यक मिसन दुतावास घटाऊ, खारेज गरौँ राहदानीको समस्या आउन नदिनेतर्फ परराष्ट्र मन्त्रालय सजग होस् ।

सम्माननीय अध्यक्ष महोदय, त्यसपछि संघीय मामिला मन्त्रालयतर्फ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी व्यवस्थापन मात्र हेर्नु भएन समायोजनाको समस्या अझै छ । संघीय निजामती सेवा ऐन किन अलमल भइरहेको छ ? प्रदेश र स्थानीय तहका प्रमुख कार्यकारी र सचिवहरूको सरुवा छिटो-छिटो गर्नु भएन । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम हटेन, राष्ट्रिय सभा र समानुपातिक सांसदहरूको भूमिका केही छैन त्यसमा कि त भूमिका दिनु पर्‍यो हैन भने हामीलाई साक्षीको रूपमा राख्ने व्यवस्था हटाउनु पर्‍यो । संघ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र दरबन्दी ठीक्क आकारमा ल्याउनु पर्‍यो । अनावश्यक संस्थाहरू खारेज गर्नु पर्‍यो मन्त्रीज्यूको ध्यान जाओस् ।

सम्माननीय अध्यक्ष महोदय, शिक्षातर्फ, शिक्षामा बजेट बढाइएको छ र नयाँ कार्यक्रमहरू ल्याइएको छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा भनिएको छ तर खोइ ? सरकारी विद्यालयले पनि विभिन्न नाममा शुल्क लिइरहेका छन् । सरकारी विद्यालयको गुणस्तर सुधारका लागि विगतमा ल्याइएका कार्यक्रमहरूको प्रभाव कस्तो पर्‍यो ? पूर्ववक्ता माननीयज्यूहरूले पनि यो विषयमा कुरा उठाउनु भयो । शिक्षा गुणस्तरीय व्यवसायिक र जीवन उपयोगी किन हुन सकेन ? यी विषयहरूको समिक्षा हुनु पर्‍यो । लकडाउनका कारण ८० लाख बालबालिका अलमलमा छन् । विद्यालयहरू क्वारेन्टाइन र आइसोलेसन वार्डमा परिणत भएका छन् । कसरी चलाउने विचार गर्दै हुनुहुन्छ शिक्षा मन्त्रीज्यूले र भुकम्पबाट क्षति भएका सार्वजनिक विद्यालय कहिले निर्माण हुन्छन् ? सम्माननीय अध्यक्ष महोदय, अब उद्योगतर्फ, उद्योग बाणिज्यमा प्रायः पुरानै कार्यक्रमले निरन्तरता पाएका छन् विगतमा पनि सरकारी कर्मचारी र सुरक्षा निकायले लगाउने पोसाक स्वदेशमा नै उत्पादन गर्ने नीति आयो तर उत्पादन भएन । हेटौडा कपडा उद्योग, गोरखकाली रवर उद्योग, विरगञ्ज चिनी, वटवल धागो जस्ता उद्योगहरू कहिले चल्ने हुन् ? व्यापार घाटा उच्च छ यसलाई घटाउन पनि उत्पादन बढाई आयात प्रतिस्थापन र निकासी प्रवर्द्धन गर्नमा जोड दिनु पर्‍यो । लगानीको वातावरण बनाउनु पर्‍यो । धौवाडीमा फलामखानी सञ्चालन गर्ने कुरा अत्यन्त राम्रो छ अब जोड औद्योगिक विकास र यस क्षेत्रमा रोजगारी बढाउने हुनु पर्‍यो । साथै दैनिक उपभोग्य वस्तु सहज रूपमा आपूर्ति, कालोबजारी नियन्त्रण, मूल्य अनुगमनमा जोड दिनु पर्‍यो । सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्यतर्फ केही कुरा राख्न चाहन्छु । स्वास्थ्य मन्त्रालयको बजेटका बारेमा बोलिरहँदा यसवर्ष निकै बढेर आएको छ । कोरोना सङ्क्रमणबाट पार पाउन तत्कालीन दुई दीर्घकालीन योजनाहरू ल्याइएका छन् अझै पनि गाउँगाउँमा स्वास्थ्य सेवा सहज छैन । पूर्वधार जनशक्ति, निःशुल्क औषधि सबैको समस्या छ । यतातिर ध्यान जानु पर्‍यो । निजी अस्पतालहरूलाई जिम्मेवार बनाउन नसक्नु, स्वास्थ्य मन्त्रालयको कमजोरी हो । ज्येष्ठ नागरिक, विरामी र कमजोर आर्थिक अवस्था भएकालाई आइसोलेसन बेडमा प्राथमिकता दिनु पर्‍यो । WHO ले दक्षिण एसियाको सङ्क्रमणको अवस्थालाई इङ्गित गर्दै अबको रेड जोन भनिसक्यो यसतर्फ ध्यान जाओस् ।

सम्माननीय अध्यक्ष महोदय, संस्कृति मन्त्रालयतर्फ, संस्कृति मन्त्रालयको कुरा गर्दा संस्कृति र प्रकृतिले धनी देश हो नेपाल । तर नेपालको सांस्कृतिक मूल नीति नै छैन । नीति आओस्, निजगढ विमानस्थल निर्माण हुने नै छ, तुल्सीपुर विमानस्थलको स्तरउन्नति होस् ।

दाङको नारायणपुरमा अन्तर्राष्ट्रिय भनेर नाम राखियोस् र काम सुरु गरियोस्, विदेशबाट उद्धार गर्न लागेका नेपाली दिदीबहिनी दाजुभाइहरूको हवाई भाडादरमा धेरै गुनासाहरू आएका छन् के हो ? यस मन्त्रालयले धेरै साना र न्यून पुँजी भएका योजनाहरू पनि समावेश गरिएको भन्ने गुनासो छ किन होला ? सम्माननीय अध्यक्ष महोदय, अब म गृहमा केही कुरा राख्न चाहन्छु । सीमामा सशस्त्रको वि.ओ.पी. स्टाब्लिस् गर्ने भनेको छ । त्यसका लागि पर्याप्त बजेट देखिदैन । सर्लाहीको नारायणपुरमा भारतीयहरूले सशस्त्र प्रहरीको हतियार खोस्न खोजेको हामीलाई विदितै छ । त्यसैले नेपाल पुलिस र सशत्र प्रहरीको क्षमता अभिवृद्धि र पूर्वाधार निर्माणमा ध्यान जाओस् । कतिपय ठाउँमा नेपाल प्रहरी र सशत्रका महिला व्यारेकहरू छन् । अझै पनि शौचालय छुट्टा-छुट्टै बनाउन सकेको अवस्था छैन । कतिपय पालमा नै बसिरहेको अवस्था छ । कारागारहरू दयनीय अवस्थामा छन् । अहिले २ सय जना अट्ने कारागारमा ५ देखि ६ सयसम्म कैदीहरू राख्नु परेको अवस्था छ । यो अवस्था रहेको पनि धेरै वर्ष भइसक्यो । कारागार बन्न थालेको पनि धेरै वर्ष भइसक्यो तर पनि निर्माण सम्पन्न हुँदैनन् अर्थात् बजेट नराखेकै कारणले हुन सक्छ । ती कारागारहरूमा पनि मानवोचित् व्यवहार हुने खालको पूर्वाधार निर्माण गरियोस् । सम्माननीय अध्यक्ष महोदय, मैले रक्षामा केही कुरा छन् मेरा रक्षा मन्त्रालयको काँधमा अहिले ठुलो जिम्मेवारी आएको छ । सीमा सुरक्षा, विपद् व्यवस्थापन, नेपाली सेनालाई व्यसायिक र लजिस्टिक रूपमा सम्पन्न बनाउन आवश्यक छ । बङ्करबाट व्यारेक कार्यक्रम कहिले सम्पन्न हुने हो ? यो नीति अख्तियारी गरेको धेरै भयो तर अझै पनि निरन्तर देख्छु म यो बजेटमा । सम्माननीय अध्यक्ष महोदय, अब कृषितर्फ जीडीपीको २७.५९ प्रतिशत ओगटेको कृषिक्षेत्र केही चलायमान भए पनि उत्पादनको बजारीकरण आपूर्ति अझै समस्यामा छ । दुध बाटोमा नै पोख्नु पर्ने र तरकारीमा ट्याक्टर चलाउनु पर्ने र गाड्नु पर्ने, कुखुरा मार्नु पर्ने अवस्था नआओस् त्यसैले कृषि क्षेत्रमा आत्मनिर्भर हुने गरी लगानी गर्नु पऱ्यो र अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय योजना आयोग गठन आदेशले चलेको छ । यसको काममा मन्त्रालय र निकायबीच चेक एण्ड ब्यालेन्स गर्ने हो । नीतिगत हिसाबले यसको ऐन बनाउनु पऱ्यो यसलाई बलियो बनाउनु पऱ्यो भन्दै सबैभन्दा महत्वपूर्ण कुरा कार्यान्वयन पक्ष हो र कार्यान्वयन होस् । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय राधेश्याम पासवान समय ७ मिनेट । यसपछि माननीय गोपीबहादुर सार्की (अछामी) ।

**माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, हामी ०७७/७८ को विभिन्न ११ वटा मन्त्रालयको विनियोजन बजेटमाथि छलफल गरिरहेका छौँ । हिजो पनि छलफल भयो । आज हामी छलफलमा नागरिकको मौलिक हक र अधिकारका रूपमा रहेका आवश्यकता परिपूर्ति मार्फत् राज्यको लोककल्याणकारी भूमिका बढाउने र सामाजिक, आर्थिक र भौतिक पूर्वाधारहरू विकास

मार्फत् उन्नतशील र समुन्नत स्वाधीन, समृद्धि एवम् समता समाजवाद उन्मुख बजेटलाई यस समृद्ध नेपाल र सुखी नेपालीहरूको नारालाई हामी परिपूर्ति गर्नका लागि यो बजेट आजको आवश्यकता हो र यो कोरोनाको समयमा पनि हामीले यसरी बजेट ल्याइएको छ र यस बजेटलाई म स्वागत गर्न चाहन्छु । हामी यो ११ वटा मन्त्रालयका बजेटमाथि छलफल गरिराख्दा हिजो पनि केही हाम्रा माननीयज्यूहरूले केही कुराहरू उठाउनु भएको थियो । समानता हकका र संविधानका धारा १८ का बुँदालाई (२) बमोजिम सबै नागरिक कानूनका दृष्टिमा हामी सम्मान हुन्छौं तर पनि बजेटहरू बनाउँदा मन्त्रालयहरूबाट केही कमीकम्जोरीहरू महशुस गरिएका छन् । जुन हाम्रा माननीयज्यूहरू हिजो पनि भन्नु भयो कि यो माननीयज्यूहरूलाई (घ) श्रेणीमा पनि राखिएका छन् । त्यसकारणले आइन्दा बजेट बनाउँदा यस्ता कमीकम्जोरीहरूलाई हामीले ध्यानमा राखी बजेटहरू बनाउनु पर्छ जुन कसैको उपेक्षा नहोस् भन्न चाहन्छु । त्यस्तै मैले केही शिक्षा र विज्ञान तथा प्रविधि मन्त्रालयका बजेटका विषयमा म भन्न चाहन्छु । शिक्षामा धेरै सुधारका कार्यक्रमहरू ल्याइएको छ र यसमा गुणस्तरीय सम्बन्धी योजना, नीति, नियम तथा मापदण्डको विकास भिडियो कन्फरेन्स कक्ष निर्माण तथा प्रदेश र स्थानीय तहमा वार्षिक योजना कार्यक्रमहरू सम्बन्धित प्राविधिक सहजीकरण लगायत र निःशुल्क हामीले १० कक्षासम्म भनिएका छौं । तर पनि यो व्यवहारिकमा देखिएको छैन । यसमा हामीले ध्यान दिनु पर्छ । वायु, उर्जा, अनुसन्धान, विकास, साना जलविद्युत कार्यक्रम, सूचना प्रविधि कार्यक्रम, भुकम्पपूर्व चेतावनी प्रणालीको व्यवस्थापन परियोजना बैङ्क जस्ता राम्रा कार्यक्रमहरूका योजना बनाइएको छ । त्यसकारणले म स्वागत गर्न चाहन्छु ।

अध्यक्ष महोदय, मैले यसमा केही कुरा राख्न चाहन्छु । शिक्षा मन्त्रालयका मन्त्रीज्यूले पनि यसमा ध्यान दिनु होला । हामीले केही यो ५ वटा विषयमा हामीले यसमा बजेटहरू छुट्याइएको छ जस्तै संस्कृत भाषा, बेद, नीति शास्त्र, कर्म काण्ड र संस्कृत व्याकरणका पाठ्यक्रमहरूमा पनि छुट्याइएको छ । दोस्रो संस्कृत तथा गुरुकुलतर्फका कक्षा ६ देखि कक्षा ८ सम्म विषयहरू यो संस्कृत भाषा, बेद, नीति शास्त्र, कर्म काण्ड र संस्कृत व्याकरण । त्यस्तै कक्षा ११ को संस्कृत भाषा र संस्कृत रचना पाठ्यक्रमहरूमा पनि बजेटहरू छुट्याइएको छ । हामी कता जाँदैछौं अध्यक्ष महोदय ? म भन्न चाहन्छु । हामीले हजारौं वर्ष पहिला पनि मनु स्मृतिले बनाएका कानून हामीले भोगेका छौ र अहिलेसम्म पनि समाजमा हामी भोग्दै आइरहेका छौं । जसको हिसाबले आज ६० लाख दलितहरू अपानित र तपाईंको यो समाजमा अपहेलित महशुस गरिएका छन् । सांसद हुँदा पनि मन्त्री हुँदा पनि र कुनै ठुला पदहरूमा धारण गरेका व्यक्तिहरू पनि अपमानित महशुस गरेका छन् । आज पनि हामी यही पुरानो संस्कारमा जान खोजिरहेका छौं । हुन त हामी यो भारतीय संस्कार नै बोक्न खोजिरहेका छौं । हामीले एकातिर सीमाको यति ठुलो विवाद हुँदा पनि हामीले यो सम्पूर्ण नेपाली, राजनीतिक दल, समाजसेवी र सदनबाट हामीले प्रतिनिधि सभाबाट पारित गरेका छौं । हाम्रा सीमा मिचिरहेका छन् तर पनि हामी यो धर्म र संस्कृति हामी भारतीयबाट नै लादिन खोजिरहेका छौं । यसलाई हामीले सुधार गर्नु पर्छ किनभने हामीले अहिले पनि समाजमा हेरिरहेका छौं सत्यनारायण भगवानको पुजा हुँदाखेरि एउटा गोवर बनाएर त्यसमा

तपाईंको पैसाहरू चढाएको अवस्था छ समाजमा र हामी फेरि पुरानै संस्कारमा त फर्किन खोजेका छैनौं ?

त्यसकारणले यसमा मैले अध्यक्ष महोदयको मार्फत् ध्यान आकर्षण गराउन चाहन्छौं । समस्त हामीले शिक्षा नीति समाजलाई शिक्षामा राम्रोसँग सबैको पहुँच होस् भन्ने सोच हाम्रो हो । त्यो सोच अनुसार अहिले पनि तपाईंको दलित आयोगले सूचीकृत गरेका दलितहरू २७ वटा अहिले छन् । त्यसमा पहाडी दलित ७ र मधेसी दलित १९ उल्लेखित गरिएका छन् । त्यसमा पनि हाम्रा शिक्षा मन्त्रालयबाट विशेष छात्रवृत्ति भनेर ३/४ वटा जातलाई मात्रै कोड गरिएको छ यो के हो त ? दलित समुदायलाई हामीले आर्थिक रूपले मात्र हेरिएका छौं कि सामाजिक रूपले हेरिएका छौं । सामाजिक रूपले बहिस्कृत भएका छन् यो समाजमा त्यसकारणले डाक्टर र इन्जिनियर ४० लाख ५० लाख रुपैयाँ लाग्छ । त्यो कहाँबाट ल्याउन सक्छन् ? यसले ल्याएको सम्पूर्ण दलितलाई लागू गराओस् एमबीबीएस र इन्जिनियरमा म यति भन्न चाहन्छु र अर्को पनि के हो भने यो निजी विद्यालयहरू जसले हामीले निजी विद्यालयमा १० प्रतिशत तपाईंको पढाउनको लागि भनेका छौं र १० प्रतिशतबाट दलितहरू पढेका हुन्छन्, गरिबहरू पढेका हुन्छन् । केही संघ संस्थाहरू केही धनी मान्छेहरूले पनि गरिबहरूलाई, जेहेन्दारहरूलाई र, दलितहरूलाई तपाईंको पढाएको हुन्छ तर १० कक्षा पास गरेपछि हाम्रा यो बजेटले डाक्टर र इन्जिनियरमा बजेट छुट्याएको छैन । हामी के यसलाई बञ्चित गर्ने हो त ? त्यसकारणले हाम्रा शिक्षा मन्त्रीजीको यसमा ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु । संघीय मामिला र सामान्य प्रशासन मन्त्रालयमा मैले राम्रोसँग अध्ययन गर्दाखेरि सातै प्रदेशमा राम्रो कार्यक्रम एकरुपताका साथ पाइएको छ । तराई मधेस कार्यक्रम, ग्रामिण सडक सञ्जाल सुधार कार्यक्रमहरू राम्रोसँग विनियोजन गरेका छन् र कार्यक्रमहरू ल्याएका छन् । त्यसमा म धन्यवाद दिन चाहन्छु । त्यस्तै संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले खास गरेर बढी पर्यटकीय र बढीमा मन्दिरहरू, तालहरूमा बजेटहरू विनियोजन गरेका छन् त्यसमा पनि २ सयभन्दा बढी मन्दिरहरू नै बनाउने त्यसमा विनियोजन गरेका छन् । तर अरू पनि संस्कृतिका समाजका त्यस्ता दलितहरूका, जनजातिहरूका, मुस्लिमहरूका छन् । त्यसमा बजेटहरू विनियोजन गरिएका छैनन् जस्तै हामीले .........(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय गोपी बहादुर सार्की (अछामी) समय ७ मिनेट । यसपछि माननीय दिपा गुरुङ ।

**माननीय श्री गोपी बहादुर सार्की (अछामी) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, हामी नेपाल सरकारले ल्याएको नीति कार्यक्रम, बजेट र अहिले विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजित बजेटको बिषयमा हामी छलफल गरिराखेका छौं । बजेटले केही लक्ष्य लिएको छ । यो दिगो विकासको लक्ष्य लिएको छ आत्मनिर्भर र

स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने कुरालाई पनि महत्व दिएको छ र समावेशी विकास हुँदै हामी यो देशको विकासको कुरा, समृद्धिको कुरा, सुशासनको कुरा र हामी समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य पूरा गर्नको निम्ति अगाडि बढिराखेका छौँ । मुलतः हिजो हामीले सैद्धान्तिक रूपमा बजेटमाथि र नीति तथा कार्यक्रममाथि पनि छलफल गरेका छौँ र धारणाहरू राखेका छौँ र त्यसलाई हामीले सहमति पनि जनाइसकेका छौँ । त्यसैगरि मन्त्रालयले सबै मन्त्रालयले सम्बन्धित क्षेत्रको विकासको लागि सबै मन्त्रालयले आफ्नो हिसाबले बजेटहरू विनियोजन गरेको छ र यो बजेटलाई हामीले ससर्ती हेर्दाखेरि केही Question हरू पनि जन्मेका छन् । यो अलिकति समानुपातिक खालको भएन, समावेशी खालको भएन र पावर र पहुँचको आधारमा विनियोजन गरिएको छ भन्ने Question हरू पनि उठेको छ र यो उठ्नु त्यति राम्रो होइन अहिलेको यो परिवर्तित परिस्थिति हामीले राजतन्त्र पर सारिसकेका छौँ र गणतन्त्रमा हामी छौँ । यो परिवेशमा हामीले त्यो आवाजहरू सुन्नु त्यति राम्रो हो जस्तो मलाई लाग्दैन । मैले विषयहरू राखेकोमा धेरै माननीयज्यूहरूले मसिनो गरी सबै मन्त्रालयको विषयमा आ-आफ्नो धारणा राख्नु भएको छ र मैले समयको पावन्दीलाई पनि ख्याल राखेर १/२ वटा विषयहरू विशेष गरेर अहिले शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र र उत्पादनको क्षेत्र यो हाम्रो आधारभूत आवश्यकतासँग जोडिएको क्षेत्र हो ।

गाँस, बास र कपास, शिक्षा, स्वास्थ्य र रोजगारी यो चाहिँ संविधानतः पनि यो मौलिक अधिकारको रूपमा सम्बोधन भएको र यो संविधानको मूल मर्म पनि भएको कारणले गर्दाखेरि अहिले विशेष गरेर स्वास्थ्य क्षेत्रमा आएका योजनाहरू विनियोजित गरेका बजेटहरू आधारभूत रूपमा सही र सकारात्मक नै छ । परिस्थिति पनि जटिल छ हामीले हेरिराखेका छौँ । अहिले राज्यको राजस्व उठेको हिसाब गर्ने र त्यसको खर्चको हिसाब गर्ने हो भने अझै २५ अर्ब हामी घाटामा छौँ । यसैगरि यो घाटाको श्रृङ्खला बढ्दै जाने हो भने देशको स्थिति अर्थतन्त्रको स्थिति के हुन्छ ? यो चुनौति पनि हामीले देखिराखेका छौँ । यो चुनौतिको बीचमा पनि सबै मन्त्रालय र मन्त्रीज्यूहरूले जसरी जसरी सन्तुलित हिसाबले बजेट अगाडि बढाउन खोजिराख्नु भएको छ र स्वास्थ्य क्षेत्रमा अहिले प्राथमिकताको विषय भनेको कोरोनाबाट सङ्क्रमण हुनबाट नागरिकहरूको रक्षा गर्ने कुरा हो तात्कालीन हिसाबले । अरु विषय पनि छन् अरु स्वास्थ्य जीवनसँग जोडिएका, अरु रोग र अरु विषयसँग जोडिएका योजनाहरू पनि छन् र तिनलाई क्रमशः कार्यान्वयन गर्ने र विशेष गरेर पूर्वाधार स्वास्थ्य बीमासँग जोडिएको जुन विषय आएको छ र त्यसलाई हामीले प्रभावकारी र व्यवहारिक हिसाबले कार्यान्वयनका चुनौतिहरू छन् त्यो चुनौतिलाई हामी सबैले मिलेर हल गर्न सकियो भनेदेखि त्यो समस्याको हामी हल गर्न सक्छौँ र स्वस्थ नागरिक निर्माणको राष्ट्रको जुन लक्ष्य छ त्यो हामी पूरा गर्न सक्छौँ । सरकारको जुन लक्ष्य छ त्यो हामी चाहिँ पूरा गर्न सक्छौँ भन्ने म यसरी राख्न चाहन्छु । अर्को कुरा शिक्ष क्षेत्र हो । शिक्षा क्षेत्रले अहिले कोरोनाको कारणले गर्दाखेरि विद्यालयहरू क्वारेन्टाइन र आइसोलेसन सेन्टरको रूपमा छन् सामुदायिक विद्यालयहरू । बालबालिकाहरूले पढ्न नपाएर एक हिसाबले डिप्रेसनमा जाने जस्तो स्थिति भइराखेको छ अब यो स्थितिको बीचमा जुन भर्चुअल कलासको कुरा छ त्यसको प्रभावकारिताको कुरा । हुन त सरकारले निर्णय पनि गरिसकेको

छ मन्त्रिपरिषद्ले । त्यसको प्रभावकारी कार्यान्वयनको कुरा छ, व्यवहारिकता कार्यान्वयनको कुरा छ त्यसमा चाहिँ सबैतिर पहुँचको कुरा पनि छ । त्यसलाई मध्येनजर गरेर सरकारले त्यसमा महत्वपूर्ण ढङ्गले Initiation लिएको पनि छ र त्यसलाई एक हिसाबले अगाडि बढाउनु जरुरी छ भन्ने लाग्छ र यो अलि प्रभावकारी ढङ्गले जाओस् ।

अब अर्को कुरा भनेको कृषि हो, मान्छेको जीवन उत्पादनसँग अब हामीले जोडेनौँ भने कृषिलाई आधुनिकीकरण गर्न सकेनौँ भने र किसानका आधारभूत आवश्यकताहरू मलको कुरा, बिउको कुरा र उत्पादनको कुरा उत्पादित वस्तुहरूको समुचित ढङ्गले मूल्य पाउने कुरा र बजारको कुरा र उद्योगसँग जोडिएको कुरा । अहिले हामीले साना, ठुला र मझौला उद्योग एक हिसाबले लकडाउनको कारणले गर्दाखेरि उद्योगहरू बन्द छन् । मजदुरहरूको रोजीरोटीको गुम्ने स्थिति भइरहेको छ, बैदेशिक रोजगारीमा गएका चाहिँ लाखौँलाख मजदुर साथीहरू फेरि स्वदेश फर्किने स्थिति छँदैछ । त्यसलाई पनि मध्येनजर गरेर अब हामीले पुराना रूग्न रहेका उद्योगहरू एउटा एक्जाम्पलको रूपमा पूर्वमा रहेको १ नं. प्रदेशमा रहेको जुट मिल लगायतका थुप्रै राष्ट्रिय उद्योगहरू छन् ती उद्योगहरूलाई हामीले सञ्चालनमा ल्याउने खालको वातावरण बनाउने र रोजगारी सृष्टि गर्ने खालको स्थिति हामीले बनाउनु जरुरी छ । अहिले समग्रमा अहिलेको जुन परिस्थिति छ वस्तुगत परिस्थितिलाई हेर्दाखेरि महामारीको स्थिति फेरि यो विश्वमा नै एक ढङ्गले अगाडि बढिराखेको र यसको नियन्त्रणको स्थिति पनि अझ नाजुक जस्तो र यहाँ हाम्रो देशमा आउँदाखेरि यो फैलिने क्रम पनि बढिराखेको यो स्थितिमा हामीले मान्छेको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई पुनर्जीवित गर्ने कुरा असाध्यै महत्वपूर्ण छ यही हिसाबले यसलाई कार्यान्वयनलाई जोड दिनु पर्छ भन्ने विषय राख्न चाहन्छु । यति विषय राख्दै विदा हुन्छु । हवस् त अभिवादन ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय दिपा गुरुङ समय ७ मिनेट । यसपछि माननीय तारामान स्वाँर ।

<u>**माननीय श्री दिपा गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**</u>- सम्माननीय अध्यक्ष महोदय, ०७७/७८ को विनियोजन विधेयकको विभिन्न शीर्षकमा छलफल हुँदै अन्तर्गत मैले पनि दोस्रो दिनको विषयमा भाग लिएकी छु । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना रोगले विश्वलाई नै एकै पटक मानवीय क्षति र आर्थिक सङ्कट पारिदियो अनि निर्मूल हुन सकेको छैन । यसले स्वास्थ्य सङ्कट उत्पादन व्यापार तथा लगानीसम्मको श्रङ्खलालाई प्रभावित बनाई विश्व अर्थतन्त्रमा सङ्कुचन आउने स्पष्ट देखिएको छ । जसका कारण नेपालको अर्थतन्त्रमा पनि गम्भीर रूपमा प्रभाव पारेको छ । सोचे जसरी सबै मन्त्रालय तहतप्कामा बजेट नपुग हुन सक्छ तर जति सकिन्छ बजेटको कार्यदिशा हरेक क्षेत्रमा विकास उन्मुखको रूपमा अभिप्रेरित छ । त्यसैले यो विधेयकले पहिलो प्राथमिकता

स्वास्थ्यलाई दिएको छ । कोरोनाले देशको अर्थतन्त्रलाई कमजोर बनाएको छ त्यसैले अर्थतन्त्रलाई मजबुत बनाउनको निम्ति कोरोना मुक्त राष्ट्र बनाउन जरुरी छ । त्यसपछि स्वास्थ्य अन्तर्गतको अरु कार्यहरूलाई अगाडि बढाउनु हो ।

सम्माननीय अध्यक्ष महोदय, दशकौं लामो सङ्घर्ष बलिदानीबाट प्राप्त लोकतान्त्रिक र राजनीतिक उपलब्धि साथै स्थिर सरकार नेपालीको आशा र भरोसाको केन्द्रविन्दु समृद्ध नेपाल सुखी नेपालीको आकाँक्षा बोकेको यो विनियोजन विधेयकले प्राथमिकता र आवश्यकतालाई ध्यानमा राख्दै सरकार कोरोनालाई प्राथमिकतामा राख्दै जोखिमको न्यूनिकरण गर्न रोगको रोकथाम नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा, औषधिय उपकरण, दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीको सेवा विस्तार गरेको छ, त्यतिमात्र होइन । अध्यक्ष महोदय, क्यान्सर जस्ता घातक रोगको पहिचान गरी निःशुल्क उपचार गर्ने र नागरिकलाई घातक रोगबाट बचाउन र बालबालिकाको मुटुको निःशुल्क उपचार, क्षयरोग, कुष्टरोग, एड्स नियन्त्रणको कार्यक्रम साथै थुप्रै स्वास्थ्य सम्बन्धी महत्वपूर्ण योजना अगाडि सारेको छ । यो मन्त्रालय बैज्ञानिक एवम् व्यवाहारिक कार्यदिशातिर उन्मुख छ र सकारात्मक पनि छ । म यसलाई समर्थन र धन्यवाद दिन चाहन्छु । अध्यक्ष महोदय, नेपाल कृषि प्रधान देश हो । कृषिको आधुनिकीकरण यसभित्र हुने यसका मापदण्डहरू किसानहरूलाई उन्नत र बैज्ञानिक ढङ्गबाट कृषिमा आवद्ध गर्ने र बैज्ञानिक ढङ्गबाट कृषिका हरेक भागमा किसानलाई अग्रसर बनाउन सरकार सक्षम हुने सङ्केत देखिन्छ । त्यति मात्र होइन, किसानलाई आत्मनिर्भर बनाउनको निम्ति कृषि बाली पशुपंक्षि बीमा लगायत किसानलाई उन्नत जातका बाली लगाउन प्रोत्साहन गर्दै तालिमको व्यवस्था साथै विदेशबाट फर्किने युवा जनशक्तिलाई क्षमता र योग्यताको आधारमा तालिम प्रशिक्षण दिई कृषिमा समावेश गर्ने सरकारको नीतिलाई आत्मसाथ गर्न सकिन्छ र नेपाली अर्थतन्त्रको भरपर्दो आधार पनि कृषि नै भएको हुनाले यसलाई बैज्ञानिक, व्यवसाय एवम् आधुनिकीकरण गरी काम र रोजगारीलाई सिर्जित गर्ने साथै हिमाली, पहाडी तराईका ठाउँ अनुसारको खेतीबाली, फलफूल उत्पादनलाई प्रोत्साहन दिन, सहुलियत ऋणको व्यवस्था साथै औजार प्राविधिकको व्यवस्था गर्नु यसको सकारात्मक पक्ष हो ।

अध्यक्ष महोदय, सरकारले कृषि र कृषिजन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रूपमा अग्रसर बनाएको प्रधानमन्त्री कृषि आधुनिकीकरणको परियोजनालाई पुनर्संरचना गरी कृषि क्षेत्रको रुपान्तरण विस्तार गर्ने योजना राम्रो रहेको छ । कृषिको आयमुलक आधुनिकीकरण मर्यादित पेशा व्यवसायको रूपमा विकास गर्न सरकारको योजनाका साथै महिला सहकारी समूहलाई कृषि व्यवसायमा आवद्ध गरी समय सान्दर्भिक असल काम गर्ने योजना राम्रो पक्ष रहेको छ । साथै रेशम खेती र खेतबारीको कान्ला, बाँझो जमिन र फलफूल गर्न किसानलाई अभिप्रेरित गर्नको निम्ति बैज्ञानिक र व्यवसायिक योजना तयार भएको देखिन्छ । कृषि र रोजगारलाई प्राथमिकता दिएको यो विनियोजन बजेट सन्तोषजनक छ । यसैले म यसलाई सकारात्मक ढङ्गबाट हेर्दै समर्थन गर्दछु ।

अध्यक्ष महोदय, पर्यटनलाई देशको आर्थिक मेरुदण्डको रूपमा मान्न सकिन्छ तर अहिले कोरोनाले गर्दा जति यो बजेट सक्षम हुन सक्दथ्यो बजेट अनुपातमा कम छन् तर पनि यसले आफूले पाएको बजेटलाई सही तरिकाबाट परिचालन गर्दै पर्यटकीय गन्तव्य अन्तर्गत "एक प्रदेश एक पर्यटक गन्तव्यको अवधारणा" अनुरूप ठुला पर्यटकीय पूर्वाधारको विकास योजना सकारात्मक रहेको र मठमन्दिर, सङ्ग्रहालय, गढी किल्लाको संरचनाका साथै संस्कृतिक एवम् पर्यटकीय गन्तव्यको विकास र विस्तारमा बजेट छुट्याई यसलाई निरन्तरता दिने काम सकारात्मक र प्रशंसनीय रहेको छ । यसको म समर्थन गर्दछु र सम्बन्धित मन्त्रलाय र मन्त्रीज्यूलाई धन्यवाद दिन पनि चाहन्छु । अध्यक्ष महोदय, कोरोनासँग जुध्दै उर्जा मन्त्रालयले "नेपालको पानी जनताको लगानी" अभियान अन्तर्गत जलविद्युत परियोजना अन्तर्गत पर्ने ठुला-ठुला योजनाहरूलाई सुक्ष्म ढङ्गबाट अवलोकन गरी विभिन्न प्रदेश क्षेत्रमा रहेका आयोजनाका निर्माण प्रक्रियालाई अगाडि बढाउने काम गरेको छ । त्यति मात्र होइन उपभोग्य बृद्धिको प्रक्रियालाई पनि सञ्चालनमा पनि ल्याएको छ यो सकारात्मक छ र यो मन्त्रालयले जनताका सेवामा ध्यान दिई बजेटलाई छुट्याई परिचालन गर्ने योजना अगाडि सारेकोलाई सम्मान र समर्थन गर्न चाहन्छु ।

अध्यक्ष महोदय, प्रधानमन्त्रीज्यूले ल्याउनु भएको बालबिकास र शिक्षामा जोड दिनु र यसलाई निरन्तर दिनु राष्ट्रपति सुधार कार्यक्रमलाई विस्तार गर्नु शैक्षिक सामाग्री, दिवा सेवा खाजा लगायत थुप्रै व्यवहारिक पक्ष राम्रो र विपन्न अपाङ्गता सहितका बालबच्चा, जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने काम शिक्षा मन्त्रालयको सकारात्मक पक्ष रहेको छ । यसको म सम्मान गर्दै समर्थन गर्दछु । सम्माननीय अध्यक्ष महोदय, परराष्ट्र, गृह र रक्षा मन्त्रालय एवम् मन्त्रीज्यूहरूले आ-आफ्नो ठाउँबाट उभिएर राष्ट्रको हितमा असहज परिस्थितिलाई चिर्दै आफ्नो दायित्व र कर्तव्य बहन गर्नु भएकोमा म उहाँहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यू तथा उहाँको मन्त्रालयबाट यो विषम परिस्थितिको घडीमा राष्ट्रको हितमा अहोरात्र खटेर जुन काम र कर्तव्य भइरहेको छ । त्यसको म हार्दिक समर्थन गर्दै ०७७/७८ को विनियोजन विधेयक सबै प्रदेश र तह तप्कालाई समेटेर प्रस्तुत भएकोमा यो प्रगतिशील विकासमुखी छ तर कार्यान्वयन पक्षमा थुप्रै जटिलताहरू छन् । त्यसैले म यसको हार्दिक समर्थन र सुझाव दिँदै मेरो भनाइ यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तारामान स्वाँर समय ७ मिनेट । यसपछि माननीय चक्रप्रसाद स्नेही ।

**माननीय श्री तारामान स्वार (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ माथिको छलफलका क्रममा हिजोदेखि विभिन्न मन्त्रालयका विनियोजन शीर्षकहरूमाथि छलफल भइरहेको छ । सिमित समय अवधिभित्र

सबैका बारेमा चर्चा गर्न सम्भव छैन । त्यसैले म त्यतातिर धेरै जान चाहन्न । ससर्ती अध्ययन गर्दा सरकारका तर्फबाट ल्याइएका कार्यक्रमहरू सकारात्मक र राम्रा छन् । यसको व्यहारिक र प्रभावकारी कार्यान्वयनम जोड दिँदै सम्माननीय अध्यक्ष महोदय मार्फत् केही सुझावहरू राख्ने अनुमति चाहन्छु । कोरोना महामारीका कारण स्वास्थ्य प्रणाली मजबुत विकसित देशहरूको अवस्था समेत डामाडोल भइरहेको अवस्थामा महामारी रोकथाम र नियन्त्रण गर्न सरकारद्वारा अगाडि सारिएका कार्यक्रमहरू स्वागत योग्य भएतापनि हाम्रो कमजोर स्वास्थ्य प्रणाली, स्वास्थ्य पूर्वाधार, स्वास्थ्य सामग्री, दक्ष जनशक्ति र परिक्षणको अभावले गर्दा सुदूरपश्चिम लगायत सबै प्रदेशका धेरै ठाउँहरूमा परिक्षण प्रभावकारी हुन सकेको छैन । यसले जाखिमलाई झनै बढाइरहेकोतर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।

अध्यक्ष महोदय, कोरोना महामारीलाई हामीले स्वास्थ्य त्रासदि र सङ्कटका रूपमा मात्र हेर्नु हुँदैन । यसलाई आर्थिक, सामाजिक, सांस्कृतिक समस्याको दृष्टिकोणबाट पनि हेर्नु पर्दछ । त्यसैले यी समस्याहरू समाधान गर्न बजेटले ध्यान दिनु पर्छ । महामारीका कारण देशभित्र र विदेशमा रोजीरोटि गुमाएर फर्केका श्रमजीवि नेपालीहरूलाई रोजगार प्रदान गर्ने तथा उत्पादन बढाइ आम नागरिकलाई भोकै बस्न नदिने प्राथमिकतामा राखिएको कृषि क्षेत्रलाई विनियोजित गरेको बजेट पर्याप्त छैन । यसतर्फ सरकारले गम्भीर भएर सोच्न आग्रह गर्दछु । नेपालमा बेरोजगारीको दर सबैभन्दा बढी गाउँमा रहेको छ अहिले स्वदेश र विदेशबाट बेरोजगार भई फर्केकाहरूको केन्द्रीकरण पनि गाउँमा नै बढी भएको छ । तसर्थ बजेटले पनि गाउँ केन्द्रित हुनु पर्दथ्यो तर बजेट गाउँभन्दा शहर केन्द्रित बढी देखिएको छ । गाउँमा बस्ने नेपालीहरू सुखी र गाउँहरू समृद्ध नबन्दासम्म सुखी नेपाली र समृद्ध नेपालको लक्ष्यसम्म पुग्न सकिँदैन । त्यसैले विकासको केन्द्र अब पहाडका र तराई मधेसका दुर्गम गाउँ बस्तीहरूमा बनाइनु पर्दछ । यी क्षेत्रहरूमा पूर्वाधारको विकास गर्नका साथै कृषि घरेलु, साना र मझौला उद्योगहरू निर्माणमा सबै सुविधाहरू उपलब्ध गराई विकास गर्नु पर्दछ भन्ने कुरामा जोड दिन चाहन्छु ।

अध्यक्ष महोदय, विश्वव्यापी मन्दीबाट अर्थव्यवस्था पुनर्उथान हुन दशकौं लाग्न सक्ने चर्चा चलिरहँदा पनि मन्दीसँग लड्ने हाम्रो कुनै तयारी देखिएन । बजेटमा यसतर्फ पनि ध्यान दिइनु पर्दछ आर्थिक मन्दीको प्रभावलाई न्यून राहत प्याकेजको कार्यक्रमहरू ल्याइनुका साथै पुनः दशकौं लाग्न सक्ने चर्चा चलिरहँदा पनि मन्दीसँग लड्ने हाम्रो तयारी देखिएन । बजेटमा यसतर्फ पनि ध्यान दिइनु पर्दछ । आर्थिक मन्दीको प्रभावलाई न्यून गर्न राहत प्याकेजका कार्यक्रमहरू ल्याइनुका साथै आम्दानी बढाउने कार्यक्रमहरू सुरुवात गरिनु पर्छ बैङ्क वित्तीय संस्था र सहकारी संस्थाहरूलाई प्राथमिकताका क्षेत्रहरूमा लगानी लगाउन निर्देशित गरिनु पर्दछ । नागरिकहरूले सरल र सहज तरिकाले कर्जा पाउने र कर्जा चुक्ताको अवधि बिना जरिबाना बढाउने व्यवस्था गरिनु पर्दछ । सीमा क्षेत्रका भू-भागहरूमा पूर्वाधारको विकास र स्थानीय नागरिकलाई सेवा सुविधाको कार्यक्रमहरूको अभावमा पैदा भइरहेका समस्याप्रति सरकारको ध्यान पुग्न सकेको देखिएन यसतर्फ ध्यान जाओस् भन्ने आग्रह गर्न चाहन्छु । संविधानको भावना अनुरुप क्षेत्रगत समानता र पछाडि पारिएका क्षेत्र

तथा विभिन्न नागरिकहरूको प्राथमिकताको प्रत्याभूति हुने गरी बजेट विनियोजन गरेको देखिएन । विकासका दृष्टिले पछाडि पारिएका सुदूरपश्चिम र कर्णाली प्रदेशमा गरिएको बजेट विनियोजनलाई हेर्दा ती प्रदेशहरूको सन्तुलित विकास गर्ने गरी बजेट आएको छैन । सँधैभैँ यसपालि पनि सुदूरपश्चिम र कर्णालीले न्याय पाउन नसकेकोतर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।

सुदूरपश्चिमको विकासको मेरुदण्डको रूपमा रहेका सेती लोकमार्ग, महाकाली लोकमार्गको निर्माणलाई यथोचित बजेट विनियोजन नगरी उपेक्षा गर्नुको कारण के हो ? पश्चिम सेती परियोजना किन अलपत्र पारिएको छ ? धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय र राष्ट्रिय विमानस्थलमा किन विकास गरिँदैन ? सुदूरपश्चिमका जनताले सरकारसँग जवाफ खोजेका छन् । मन्त्रालयका कार्यक्रमहरू हेर्दा कैयौँ कार्यक्रमहरू विभिन्न शीर्षकहरूमा दोहोरिएका छन् । माननीय मन्त्रीज्यूहरूले आफूले गम्भीरतापूर्वक ध्यान नदिई अरुमाथि भर गर्दा यस्तो भएको अनुमान गर्न सकिन्छ । सरकारका माननीय मन्त्रीज्यूहरूले आत्मकेन्द्रित भएर बजेट विनियोजन गर्ने गरेको तथा माननीय सदस्यहरूले योजनाका लागि मन्त्रीज्यूहरूसँग अनुनय विनय गर्नु पर्ने बाध्यता हुनु दुःखको कुरा हो । अन्त्यमा, हाम्रो संविधानले निर्देशित गरेको दिशा उदारवादी आर्थिक प्रणालीको होइन र प्रतिपक्षका माननीयज्यूहरूले पनि सरकारको भूमिका पुगेन भएन भनी दिइरहनु भएको अभिव्यक्तिले आर्थिक उदारवादी आर्थिक प्रणालीले हुँदैन भन्ने निष्कर्षमा हामी सबैसँग आभाष हुन्छ । त्यसैले अहिले हाम्रो उदारवादी आर्थिक प्रणालीमा परिवर्तन गरी समाजवाद उन्मुख आर्थिक प्रणालीमा जानु पर्दछ भन्ने कुरा राख्दै आफ्नो भनाइ यहीँ अन्त्य गर्दछु । हवस् धन्यवाद । अभिवादन ।

**सम्माननीय अध्यक्षः-** माननीय चक्र प्रसाद स्नेही समय ७ मिनेट । यसपछि माननीय तुलसा कुमारी दाहाल ।

**माननीय श्री चक्र प्रसाद स्नेही (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्षज्यू, यतिबेला हामी ०७७/७८ को विनियोजन विधेयकको मन्त्रालयकगत शीर्षकमा छलफल गरिरहेका छौँ । मलाई भन्न मन लाग्छ यो लगनपछिको पोते अब यसमा कुनै अकार र इकार पनि चेञ्ज नहुनेमा हामी छलफल गरिरहेका छौँ । ठीक छ हामी यसैमा सम्बन्धित रहेर म केही विषयगत मन्त्रालयमा प्रवेश गर्न चाहन्छु । त्योभन्दा पूर्व म कैलालीको चुहालम्की नगरपालिका वार्ड नं. १ को सहिद स्मृति मा.वि. मा जुन किसिमको अमानावीय घटना घटेको छ । क्वारेन्टाइनमा भित्र राखेका महिलाप्रति सामुहिक बलात्कार भएको छ । म घोर निन्दा प्रकट गर्न चाहन्छु र पीडित महिलाले उचित क्षतिपूर्तिको माग गर्दै ती दोषीहरूमा ती सरकारले कडाभन्दा कडा कारबाही गरोस् भन्न चाहन्छु । यतिबेला परराष्ट्र मन्त्रालयले खेल्नुपर्ने भूमिकाहरूमा तेस्रो मुलुकमा रहेका नेपाली नागरिकहरूलाई

कसरी स्वदेशमा ल्याउन सकिन्छ यसप्रति परराष्ट्र मन्त्रालयले अहम् भूमिका निर्वाह गर्नु पर्ने अहम् दायित्व मैले महशुस गरेको छु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत यो COVID–19 सँग लडिरहेको विश्व यो विश्वमा पनि हामी विकासको क्रममा पछाडि परेको मुलुक र हाम्रो मुलुकले यो सित लडिरहनु पर्दा विषम परिस्थिति हुँदाहुँदै पनि हामीले विविध विषयहरूमा सफलता हासिल गरेका छौं र यो संघबाट परिचालन हुने योजनाहरूमा सुदूरपश्चिम समेटिन सकेन । त्यो कम्प्युटराइज्ड गर्दाको कम्जोरी हो या मैले अध्ययन गर्दाखेरिको त्यो छुटेको बुँदा हो । त्यो डडेल्धुरा अस्पताल जो संघको अस्पताल छ त्यसमा कुनै छैन त्यस्तै अत्तरियाको अस्पतालमा पनि कुनै किसिमको योजनाहरू छैन । म संस्कृति तथा पर्यटन मन्त्रालयले तमाम कुराहरू हुँदाहुँदै पनि सुदूरपश्चिममा जो संघबाट विनियोजन गर्ने बजेट छ त्यो जम्मा १९ करोड मात्र छ । र अरू प्रदेशमा हेर्दा ३८ देखि ५६ करोडसम्म छ । यो हिजो त सुप थियो अझै पनि सुप रहेको मलाई ज्ञान भएको छ र ९ वटा जिल्ला सुपका । त्यो ९ वटा जिल्लामा डडेल्धुरा जिल्ला मात्रै एउटा त्यस्तो जिल्ला हो जहाँ अहिलेसम्म एयरपोर्ट छैन र योभन्दा पहिले स्वर्गीय पर्यटन तथा नागरिक उडडयन मन्त्री रविन्द्र अधिकारीले डडेल्धुरा जिल्लाको अझैंमेरु गाउँपालिकामा गएर त्यहाँ अध्ययन गरेका थिए । अहिले त्यो मन्त्रालयले त्यो अध्ययनको पिरियड पनि छोडेको हुँदा म मन्त्रीजीलाई त्यो अध्ययनको पिरियडलाई अगाडि बढाई त्यहाँ रिपोर्टको स्थापना गर्न आग्रह गर्न चाहन्छु ।

त्यस्तै धनगढी एयरपोर्टलाई हामीले योभन्दा पहिलो बजेटमा क्षेत्रीय एयरपोर्ट बनाउने भनेका थियौं । अहिले त्यो कहाँ हरायो ? त्यो क्षेत्रीय एयरपोर्टका निमित्त पहल गर्न अनुरोध गर्न चाहन्छु । त्यस्तै उर्जातर्फ यो पश्चिम सेती परियोजना हामीले सुन्दासुन्दै १२/१३ वर्ष भइसक्यो नीति तथा कार्यक्रममा आउँछ, बजेटमा आउँछ तर विषयगत मन्त्रालयमा पैसा छुट्याउँदा त्यहाँ शून्य हुन्छ पैसा नै हुँदैन । कसरी बिनापैसा अध्ययन हुन्छ मैले यो कि त हामीले नीति तथा कार्यक्रममा बजेटमा यो आउनु भएन यदि आउँछ भने त्यसलाई अगाडि बढाउनका निमित्त बजेटको पनि माग गर्न चाहन्छु ।

त्यस्तै शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय अन्तर्गत मैले धेरै चोटि यो सदनमा आवाज उठाउने गरेको छु त्यो कर्मचारीका निमित्त त्यो विद्यालयका कर्मचारीहरू जो २९ हजार ४६ जना त्यो कार्यालय सहयोगी छन् ६ हजार २ सय ७२ जना त्यहाँ लेखापालहरू छन् । उहाँहरू बिहानको स्कुल सुरु हुनुभन्दा १ घण्टापूर्व आउँछन् स्कुल विदा भइसकेपछि १ घण्टापछि जान्छन् । त्यति लामो पिरियड उहाँहरू स्कुलमा बिताउछन् तर उनीहरूको तलब हेरौं न २ हजारदेखि ७ हजार ५ सय छ । हामी कुन युगमा छौं ? हामी कुन किसिमको राज्य प्रणाली परिचालन गरेका छौं ? मलाई दुःख लाग्छ मैले तमाम् चोटी यही सदनबाट यिनीहरूका विषय उठाउने गरेको छु । अहिले पनि उहाँहरूको विषय सम्बोधन भएको छैन । कुनै ठाउँमा विषय सम्बोधन भएको छैन । २०६७ साल माघको २३ गते, २०७१ साल भदौ १२ गते सर्वोच्चले फैसला गरेको छ सर्भिस ल बनाइकन उहाँहरूको ग्यारेण्टि दिनु पऱ्यो भन्छ । हुन्छ भन्छ शिक्षा मन्त्रालय तर गर्दैन उहाँहरूले पुनः ७५ सालमा आन्दोलन गरे आन्दोलन गरिसकेपछि शिक्षा मन्त्रालय र कर्मचारीहरू बसेर त्यो अदालतले गरेको फैसलाका आधारमा हामी कार्यान्वयन गर्छौं भन्यो । अहिले पनि कार्यान्वयन हुँदैन । हामी

भन्ने माननीयहरू थाकिसक्यौं, हामी सांसदहरू थाकिसक्यौं । उहाँहरूले कतिवेला न्याय पाउछन् ? म न्यायका निमित्त अहिले पनि गुहार्छु, फेरि पनि गुहार्छु कि शिक्षा मन्त्रालयले उहाँहरूको व्यवस्था गरोस् । त्यस्तै ECD जो बालविकासका सहजकर्ताहरू छन् उहाँहरू ३० हजार ४ सय ४८ जना छन् उहाँहरूको तलब कति छ ? हेर्‍यौं, उहाँहरूको तलब ६ हजार छ । के गर्छन् उहाँहरूले ६ हजारले ? यो भएको हुनाले यो विषयलाई सम्बोधन गर्न नितान्त मैले आवश्यकता ठानेको छु । शिक्षा मन्त्रालयले यो विषयमा गहन छलफल गरेर अगाडि जाओस् र उहाँहरूले न्याय पाओस् भन्न चाहन्छु । त्यस्तै १८ हजार राहत टिचरहरूका निमित्त यो शिक्षा विधेयक आएर कसरी व्यवस्थापन गर्न सकिने हो ? त्यो गरोस् भन्न चाहन्छु । सुदूरपश्चिमका पनि विभिन्न जिल्लाहरूमा फलाम खानीहरू छन् त्यो फलाम खानीहरू उत्खनन् गर्नका निमित्त यो त्यतातिर पनि सरकारले ध्यान आकर्षण गरोस् भन्दै आफ्ना भनाइहरूबाट विदा हुन्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुलसा कुमारी दाहाल समय ७ मिनेट । यसपछि माननीय खिमलाल भट्टराई ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष ०७७/७८ को लागि विनियोजन गरिएको बजेट सम्बन्धमा म सर्वप्रथम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागि केही सुझाव राख्न चाहन्छु । शिक्षा आर्जनको विषय आफैमा पनि महत्वपूर्ण रहेको छ । जसले भविष्यको पुस्ता कस्तो बनाउने भन्नेमा केन्द्रित हुन्छ । यसर्थ विद्यालयको शिक्षा गुणस्तरीय हुनु पर्दछ । नेपाली विद्यार्थीहरूले अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिस्पर्धा गर्न सकुन भन्नेतर्फ ध्यान दिँदै अनुसन्धानमुलक र जीवन उपयोगी शिक्षा प्राप्त गर्नेतर्फ शिक्षा मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । ECD बालविकास कार्यरत शिक्षिकाहरू र विद्यालयमा कार्यरत कर्मचारीहरूलाई राज्यले तोकेको न्यूनतम पारिश्रमिकभन्दा पनि कम दिने गरिएको छ । यसर्थ मन्त्रालयले यस विषयमा समन्वय गरी निजहरूलाई उचित पारिश्रमिक व्यवस्थापन गर्नको निम्ति सुझाव राख्न चाहन्छु । लामो सयमदेखि विद्यालयमा अस्थाइ शिक्षकको रूपमा कार्यरत शिक्षकहरूलाई आन्तरिक मूल्याङ्कन र परिक्षाको माध्यमले स्थाई बनाउनेतर्फ योजना र कार्यक्रम बनोस् भन्ने कुरा राख्न चाहन्छु । कतिपय प्रा.वि. विद्यालयहरूमा विद्यार्थीको सङ्ख्या न्यूनतम रहेको केवल तलबको लागि मात्र विद्यालय खुलेका हुन कि भन्ने पनि लाग्दछ । ती सञ्चालन भएका विद्यालयमा विद्यार्थीको सङ्ख्याभन्दा शिक्षकको सङ्ख्या बढी देखिने गरिएको छ । यसतर्फ शिक्षा मन्त्रलयको ध्यान पुगोस् र त्यस्ता विद्यालयहरूमा नजिकका विद्यालयहरूमा मर्ज गर्ने व्यवस्था गरियोस् भन्ने सुझाव राख्न चाहन्छु ।

मन्त्रालय अन्तर्गत विनियोजित बजेटको कार्यान्वयन गर्न जरुरी छ । योजना प्रकृया कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालहरू बीचमा अभिमुखी कार्यक्रम

गर्न जरुरी छ । अब कसरी शिक्षा आर्जन गराउने भन्ने सन्दर्भमा गेस योजना ल्याउन आवश्यक छ । SEE के हुने ? प्लसटू के हुने ? यस विषयमा फरक विचार र अन्योलता बाहिर देखिएको छ । यो विषयमा एकरूपता गराउनको निम्ति शिक्षा मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित केही आफ्ना धारणाहरू राख्न चाहन्छु । स्वास्थ्य मन्त्रालय नेपाली जनताको स्वास्थ्यप्रति संवेदनशील रहेको छ यस मन्त्रालयले समग्रतामा बजेट विनियोजन राम्रो छ भन्ने मलाई लागेको छ । सरुवा रोग नियन्त्रण अस्पताल हाम्रो देशमा एक मात्र थियो यो विश्व महामारी कोरोना भाइरसको कारणले नेपाललाई पनि छोडेन र आकस्मिक रूपमा कोभिड-१९ को रोकथाम र नियन्त्रण सङ्क्रमण परीक्षणको लागि अहिले २२ वटा अस्पतालहरूको स्थापना गरेको छ । नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु । अहिले आम रूपमा कोरोना सङ्क्रमण बढिरहेको अवस्थामा ७ वटै प्रदेशमा कम्तीमा पनि एक परिवारको एक व्यक्तिलाई परिक्षण गराउँनको निम्ति जुन माग भइरहेको छ र पीसीआर परीक्षणको लागि संभावना हुन्छ र व्यवस्था गर्न सकिन्छ भने अन्य क्षेत्रको बजेट कटौती गरेर भए पनि जनताको यो मागलाई सम्बोधन गर्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । नेपाल सरकारले संघीय गणतन्त्र नेपालको गरिमालाई कायम राख्दै यस वर्ष स्वास्थ्य क्षेत्रमा गरिएको बजेट विनियोजन राम्रो हुँदाहुँदै पनि अपुग हुन्छ कि भन्नेतर्फ लागेको छ । त्यसैले यदि मिल्छ भने अन्य क्षेत्रको बजेट कटौती गरेर पनि कोरोनाको नियन्त्रण गर्न लगाइयोस् भन्न चाहन्छु ।

अध्यक्ष महोदय, म अब कृषि तथा पशुपन्छि मन्त्रालयसँग सम्बन्धित केही सुझावहरू राख्न चाहन्छु । कृषि उपजको बजारीकरण गर्न सबै स्थानीय तहमा पूर्वाधार निर्माण गरिनेछ, सबै प्रदेशमा ७८ वटा कृषि थोक बजारको निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रमहरू उपलब्धिपूर्ण रहेका छन् । तर कृषि उत्पादन पशुजन्य उत्पादन तथा फलफूलहरू विदेशबाट आयात गरिँदा नेपाली किसानहरूले उत्पादन गरेका सामाग्रीहरू बिक्री नहुने, उचित मूल्य नपाउने र ती सामानहरू नाश भएर जाने भएको हुँदा यसतर्फ मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । कृषकहरूले समयमा मल, बिउ र आवश्यक सामाग्रीहरू नपाउने हुँदा कृषि उत्पादनमा असर पर्ने गरेको छ र उत्पादन भएका सामाग्रीहरूमा बिचौलियाहरूको हाबी हुने गरेको छ । यस्तो वास्तविक जुन किसान छन् उनले सही मूल्याङ्कन र न्याय पाउन सकिरहेको छैनन् यसतर्फ यो बजेटले ध्यान दिइयोस् भन्न चाहन्छु ।

अध्यक्ष महोदय, २०७७/७८ को लागि प्रस्तावित बजेटमा देशको सीमा क्षेत्र सुरक्षाको लागि सीमा क्षेत्रमा हुने अपराधी गतिविधि नियन्त्रण गर्नको लागि ३९ स्थानमा सशत्र प्रहरी बल सहित आउट फोर्स राख्ने पूर्वाधार निर्माण स्थापना गर्ने योजना सहितको बजेट विनियोजन गरेको छ । यो आफैमा महत्वपूर्ण रहेको छ सीमाको रक्षाको विषय चुनौतिपूर्ण छ । सहज पनि छैन । यो प्रस्तावित बजेट चाहिँ त्यो व्यवस्थापन गर्नको निम्ति कम हुन्छ कि भन्ने लागेको छ यसतर्फ मन्त्रालयको ध्यान जाओस् भन्न चाहन्छु । सीमा क्षेत्रमा बस्ने नेपालीहरूले नै नेपालको सीमाको सुरक्षा गरेका छन् यसमा कुनै शङ्का

नगरियोस् । उनीहरूकै कारणले आज सीमाको रक्षा भएको हुनाले उनीहरूको समस्यालाई सम्बोधन गर्ने गरी योजना कार्यक्रम बनाइयोस् भन्न चाहन्छु ।

नेपाल सरकारले सीमा सुरक्षा संरक्षण गर्ने प्रतिबद्धता गरेको छ सोही अनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समेट्दै आफ्नो नक्सा जारी गरिसकेको छ । अब जमिन प्राप्तिको अभियानमा पनि ठोस् कुटनीतिक पहल लिदै अगाडि बढ्नको निम्ति म अनुरोध गर्न चाहन्छु । अध्यक्ष महोदय, असारे विकास योजनालाई रोक्नु पर्छ होला । कोभिड-१९ को यो कारण यो सङ्क्रमण कारण र लकडाउनको कारणले गर्दा यो बीचमा बन्दाबन्दीको अवस्थाले स्थानीय तहका विकासका कार्यक्रमहरू रोकिएका थिए र अब असार महिना सुरुवात भइसकेको छ र यो परम्परागत विकासको क्रममा असारे बजेटहरू सक्ने कामहरू पनि भइरहेको छ । यो परम्परागत सोच र चिन्तन अनुसार अहिले कागजमा बजेटका योजनाहरू बनिरहेका छन् र ती बनेका योजनामा यो अहिले वर्षामा बाटाघाटाहरू बन्द छन् र हिउँदमा फेरि जस्ताको त्यस्तै हुन्छन् । यसतर्फ सरकारको ध्यान पुगोस् भन्न चाहन्छु । अहिले कागजमा बन्ने योजनालाई रोकेर बरू अर्को वर्षको निम्ति लान सकियो भने यसले चाहिँ देशको विकास हुनेछ भन्ने मलाई लागेको छ । सरकारले विनियोजन गरेको बजेट सम्बन्धमा सर्वसाधरण जनताले थाहा पाउने गरी सूचना सम्प्रेषण गर्नु पनि आवश्यक छ । यसतर्फ ध्यान जाओस् टाठाबाठाहरूले मात्र बजेट हात पार्न सक्ने कुरालाई ध्यान दिइयोस् र प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाउनको निम्ति पहल गरोस् भन्न चाहन्छु । अध्यक्ष महोदय, अन्त्यमा म २०७७ जेठ ३१ गते राती कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका वार्ड नं. १ मा रहेको सहिद स्मृति मा.वि. पूर्वी लम्कीमा रहेको क्वारेन्टाइनमा बस्ने एक महिला जुन यौन दुर्व्यवहार अथवा बलात्कारमा परेको घटनाले दु:खी भएको छु र संलग्न व्यक्तिहरूलाई कारबाही होस् र क्वारेन्टाइनमा बस्ने महिलाहरूको निम्ति सुरक्षालाई ध्यान दिनको निम्ति नेपाल सरकरलाई आग्रह गर्दै आफ्नो भनाइ अन्त्य गर्दछु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल भट्टराई समय ७ मिनेट ।

**माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्ष महोदय, हामी मन्त्रालयगत विनियोजन विधेयकमाथि छलफल गर्दैछौं । मलाई के लागेको छ भन्दाखेरि मार्क्सवादले यो घटनाहरूको बारेमा, कामहरूको बारेमा एउटा दृष्टिकोण कसरी त्यसलाई हेर्ने, कसरी विश्लेषण गर्ने भन्ने बारेमा एउटा दृष्टिकोण अगाडि सारेको छ । कुनै पनि घटनालाई त्यतिबेलाको परिस्थिति, त्यतिबेलाको स्थान र त्यतिबेलाको समय यसको आधारमा हामीले विश्लेषण गरियो भने मात्रै हामी सही निष्कर्षमा पुग्न सकिन्छ अथवा यसरी विश्लेषण गर त्यतिबेलाको परिस्थितिलाई ध्यान देऊ, स्थान विशेषलाई ध्यान देऊ र स्थान विशेषलाई पनि ध्यान दिएर त्यसको विश्लेषण गरेर तिमी

सही निष्कर्षमा पुग्न सक्छौं भनेर मार्क्सवादले बाटो देखाएको छ । मैले आजको परिस्थितिलाई यो सामान्य परिस्थिति हो भन्दिनँ किन भने यो हाम्रो बजेट प्रत्येक वर्ष सामान्यतया बजेट केही न केही बढेर जान्छ तर हाम्रो बजेट अहिले घटेर गएको छ । यसको तात्पर्य परिस्थिति सामान्य छैन भन्ने कुरा हो । यो अवस्था सामान्य छैन भन्ने कुरा हो । यही अवस्थालाई मनमा राखेर हामीले यतिबेला विश्लेषण गर्नु पर्छ यो सही छ कि गलत छ भन्ने कुरा यसको आधारमा विश्लेषण गर्नु पर्छ भन्ने म ठान्छु । महामारीसँग हामी जुध्नु परेको छ र बजेट घटेको अवस्था छ । यसरी हर्दाखेरि मैले मन्त्रालयहरू मैले सबै ससर्ती हेरे मन्त्रालयहरूको योजना कार्यक्रम र बजेटलाई हेर्दाखेरि उहाँहरू अधिकतम सन्तुलनकारी हुने कोशिस गर्नु भएको छ ।

मैले गत वर्षभन्दा हामी संघीयता लागू भइसकेपछि ३ वटा बजेटमा हामी अहिले छौं यो तेस्रो बजेट हो । यसलाई हेर्दाखेरि क्रमशः धेरै सच्चिने क्रममा हामी छौं भन्ने यस्तो देख्छु, मलाई यस्तो लाग्दछ । मैले सबै हिमाल, पहाड, तराई सबैलाई सन्तुलन गर्ने कोशिस गरिएको छ यो बजेट मार्फत् । त्यसको साथमा सबै प्रदेशहरूलाई छुने कोशिस गरिएको छ मन्त्रालयहरूले प्रदेशहरू नछुटोस् योजनामा सन्तुलन कायम होस् भन्ने कुरामा ध्यान दिएको मैले देखेको छु । सकभर पालिकाहरू पनि निर्वाचन क्षेत्रहरूमा पनि सबै समेटियोस् भनेर यसमा ध्यान दिएको मैले देखेको छु । यस हिसाबले भूगोललाई पनि समेट्ने गरी यसमा भूगोल पनि सकेसम्म नछुटोस् भन्ने हिसाबले उहाँहरूले त्यसरी ध्यान दिएको मैले पाएको छु । अर्को कुरा लैङ्गिक हिसाबले पनि महिलाहरूलाई कसरी उत्पादनसँग जोड्न सकिन्छ ? आर्थिक अधिकारसँग कसरी महिलाहरूलाई सम्पन्न गर्न सकिन्छ ? वा जोड्न सकिन्छ ? यसमा ध्यान केन्द्रित गरेको मैले देखेको छु । महिला सशक्तीकरणतर्फ यो बजेटले ध्यान दिएको छ मन्त्रलायगत हिसाबले हेर्दाखेरि पनि सम्वद्ध मन्त्रालयले त ध्यान दिएकै छ । अरू मन्त्रालयको योजनालाई हेर्दाखेरि पनि त्यसतर्फ उहाँहरूको ध्यान छ भन्ने मैले देखेको छु । अब मेरो योजना भनेर हामीले हेर्न थाल्यौं भनेदेखि निश्चित रूपमा महान कम्जोरीहरू छन् र मलाई के लाग्दछ भने मन्त्रीजीहरू स्वयम् पनि हुने स्थिति त्यसरी बन्दैन । हामीले अहिलेको अवस्था र राष्ट्रिय दृष्टिकोण राखेर हामीले हेर्‍यौं भनेदेखि हामी सबै अहिलेको परिस्थितिमा सन्तुष्ट हुने ठाउँ देखिन्छ सन्तुष्ट हुने ठाउँ छ र हामी ठीकै ढङ्गले अगाडि बढ्दैछौं भन्ने मलाई लाग्दछ । अर्को कुरा उमेर समूहलाई पनि ध्यान दिएको छ त्यहाँनेर बालबालिका, बृद्ध, युवा यो सबैलाई ध्यान दिएर त्यसमा सन्तुलन गर्ने कोशिस भएको छ । तराईमा त माननीयज्यूहरूले अघि चिन्ता व्यक्त गर्नु भयो वास्तवमा तराईको विकासको निम्ति भन्ने हो भनेदेखि यो बजेट चाहे मन्त्रालयगत हिसाबले हेरौं, चाहे सम्पूर्ण बजेटको हिसाबले हामीले हेर्ने हो भनेदेखि तराईको विकासको निम्ति सडक पूर्वाधारको हिसाबले, रेल पूर्वाधारको हिसाबले भनौं, पानी जहाजको हिसाबले भनौं, औद्योगिकीकरणको हिसाबले भनौं, कृषिमा सिँचाइको हिसाबले भनौं, मलखादको हिसाबले भनौं, बिउ बिजनको हिसाबले भनौं, कृषिको विकासको हिसाबले सम्पूर्ण हिसाबले र सबैभन्दा तल्लो वर्ग त्यहाँको भूमिहीनहरू वा त्यहाँको दलित वर्ग यो सबै समुदायलाई कसरी माथि उठाउन सकिन्छ भनेर

मन्त्रालयगत हिसाबले पनि त्यहाँ चिन्ता व्यक्त भएको छ वा योजनाहरू प्रस्तुत भएका छन् ।

अर्को कुरा अझै बजेटको हिसाबले हेर्ने हो भनेदेखि बजेट सहित, कार्यक्रम सहित त्यो कुराहरू आएको हामी पाउँछौं । त्यसकारणले हामीले तराईलाई हेप्यौं वा तराईमा कम ध्यान दिइयो भन्ने कुरा यो सही हुन सक्दैन भन्ने मलाई लाग्छ । यसै गरेर हिमाल र पहाडको हिसाबले पनि हामी चाहिँ ठीकै ढङ्गले बजेट विनियोजन भएको छ । मन्त्रालयको ध्यान पुगेको छ भनेर मैले अध्ययन गर्दाखेरि त्यो पाउँछु र सन्तुलनकारी छ भन्ने मलाई लाग्दछ । अर्को कुरा यतिबेला हामी अब अगाडि बढ्ने हो भने खास गरिकन क्रान्तिकारी रूपान्तरणतर्फ हामी अगाडि बढ्ने हो भने हामी मिश्रित आर्थिक प्रणाली अपनाएका छौं तर आज देशले के मागेको छ भन्दाखेरि राज्यको भूमिका मागेको छ शिक्षा क्षेत्रले भनौं, कृषि क्षेत्रले भनौं, स्वास्थ्य क्षेत्रले भनौं, उद्योगको क्षेत्र भनौं जुनसकै क्षेत्रले पनि संस्कृति पर्यटनको क्षेत्र जुनसुकै क्षेत्रले पनि आज राज्यको भूमिकाको माग गरिरहेको छ । मलाई के लाग्छ भन्दाखेरि राज्यको भूमिका दिने कुरामा चाहे तपाईंले स्वास्थ्य क्षेत्रमा हेरौं, हस्पिटलहरूलाई स्तरउन्नति गर्ने कुरामा सरकारी हस्पिटलहरूलाई व्यवस्थित गर्ने कुरामा र शिक्षामा पनि सरकारी स्कुलहरूलाई व्यवस्थित गर्ने कुरामा र पर्यटनको क्षेत्रमा पनि पूर्वाधार विकासमा पर्याप्त राज्यले ध्यान दिने कुरामा अब राज्य वेखबर भएर होइन राज्य योजनाबद्ध विकासमा लाग्नु पर्छ भन्ने हिसाबले बजेट विनियोजन गर्ने कार्यक्रम तय गर्ने हिसाबले सरकार अगाडि बढिराखेको मन्त्रालयहरू अगाडि बढिराखेको देखेको छु । अर्को खुसीको कुरा के छ भन्दाखेरि आज आर्थिक प्रणाली अन्तर्गत राज्यको भूमिका बढाउने कुरामा करिब-करिब राष्ट्रिय सहमति छ । हिजो ५१/५२ सालतिर हामीले सामाजिक न्यायमा बजेट विनियोजन गर्दैगर्दाखेरि लोककल्याणकारी राज्यको मान्यतालाई अपनाउँदै गर्दाखेरि हिजो कनिका छरेझैँ गरेर बृद्ध बा-आमाहरूलाई १०० रुपैयाँ भत्ता दिँदाखेरि वा गा.वि.स. हरूलाई तत्कालिन गा.वि.स. हरू ३ लाख रुपैयाँ बजेट विनियोजन गर्दाखेरि कनिका छरेझैँ छरियो, बजेट छरियो भन्ने दृष्टिकोण राख्ने साथीहरू पनि, दलहरू पनि आज सरकारको भूमिका बन्नु पर्‍यो भनेर सायद त्यो ज्येष्ठ नागरिकहरूलाई भत्ता बढाउने कुरा होस् वा त्यस्तो पीछडिएको क्षेत्र भूगोल, जाति, भाषा त्यसतर्फ बजेट विनियोजन हुनु पर्छ भन्ने मान्यता लागेको देखिराखेको छु । यसको तात्पर्य के हो भने अब यसमा पनि राज्यको भूमिका बढाउने कुरामा पनि करिब राष्ट्रिय सहमति छ र अब हामी यसै हिसाबले अगाडि जाने हो र एउटा क्रान्तिकारी रूपान्तरतर्फ देश अगाडि बढ्दैछ ।

आज मन्त्रालय वा सिङ्गो बजेट यो सबैलाई हेर्दाखेरि देश ठीक ढङ्गले एउटा अभिमुख भएर अगाडि बढ्दैछ । यो बदलिएको परिस्थितिमा हामी गणतन्त्रमा छौं, संघीयतामा छौं र त्यसलाई आत्मसात गरेर ठीकै ढङ्गले अगाडि बढिराखेको छ र मेरो भनाइ के छ भन्दाखेरि अब मन्त्रीज्यूहरू सफल हुनुहोस् । यसलाई कार्यान्वयन गर्ने कुरामा धेरै नयाँ कार्यक्रमहरू धेरै गुणात्मक चेन्ज यहाँहरूले ल्याउने कोशिस गर्नु भएको छ । यहाँहरू सफल हुनुहोस् मेरो शुभकामना छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ अन्तर्गत सांस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिचाइँ मन्त्रालय, शिक्षा तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, आगामी बैठकमा विनियोजन विधेयक, २०७७ अन्तर्गत कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र रक्षा मन्त्रालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूले जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार ३ गते बुधवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अब अर्को बैठक २०७७ असार ३ गते बुधवार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो । )

**अन्त्यः- दिनको ३:३३ बजे ।**